उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी-४, आइतबारे, मोरङ्ग जिल्ला, १ नं प्रदेश, नेपाल

# अन्तिम प्रतिबेदन

## खण्ड १ः मूल प्रतिवेदन तथा नक्सा

## खण्ड २ः अनुसूचीहरु

**उर्लाबारी नगरपालिकाको प्रथम आवधिक योजना**
(२०७९/०८० – २०८३/०८४)

२०७९

*परामर्शदाता*

**जियोटेक एण्ड स्ट्रक्चर ल्याब प्रा. लि.**
ललितपुर, नेपाल

# मूल प्रतिवेदन

# उर्लाबारी नगरपालिकाको प्रथम आवधिक योजना

(२०७९/०८० – २०८३/०८४)

*कृतज्ञता*

*संक्षिप्त परिचय*

*सारांश*

<u>विषय सूची</u>

# खण्ड १: मूल प्रतिवेदन तथा नक्साहरु


परिच्छेद १ : परिचय

परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

परिच्छेद ३ : सोच तथा विकासको अवधारणा

परिच्छेद ४ : बहुक्षेत्रगत लगानी योजना **(Multi-Sectoral Investment Plan)**

परिच्छेद ५ : मूल्याङ्कन तथा अनुगमन, कार्यान्वयन रणनीति एवं निचोड


# खण्ड २: अनुसूचीहरु

# कृतज्ञता

उर्लाबारी नगरपालिकाको प्रथम आवधिक योजना बनाउने कार्य हामीलाई प्रदान गर्नुभएकोमा उर्लाबारी नगरपालिका लाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस कार्यमा निरन्तर सहभागी भई आफ्नो सल्लाह, सुझाव तथा समय दिनुहुने उर्लाबारी  नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति आभार प्रकट गर्दछौं ।

अन्तमा यस योजना तर्जुमा कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर-सरकारी संध-संस्थाहरु, व्यक्तित्वहरुलगायत सबै सरोकारवालाहरुलाई आभार प्रकट गर्दैछौं ।

जियोटेक एण्ड स्ट्रक्चर ल्याब प्रा. लि.
ललितपुर, नेपाल

# संक्षिप्त परिचय

| | | | |
|---|---|---|---|
| **नाम** | : | **उर्लाबारी नगरपालिका, मोरङ्ग जिल्ला, प्रदेश नं. १, नेपाल** | |
| नगरपालिका घोषणा मिति | : | २०७३ साल फागुन महिना | |
| नगरपालिका मा समावेश भएका तत्कालिन गा. वि. स. हरु | : | साविक उर्लाबारी नगरपालिका, साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडाहरु ७, ८ र ९ | |
| भौगोलिक अवस्थिती | | | |
| अक्षांश | : | २६.५५० देखी २६.७२० अक्षांश | |
| देशान्तर | : | ८७.५७० देखि ८७.६५० देशान्तर | |
| औसत उचाई | : | समुन्द्रि सतहबाट ११६ मि.देखि १६४ मि. | |
| क्षेत्रफल | : | ७४.६२ बर्ग किमि | |
| सिमाना | : | पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिका | |
| जलवायु | | तराई, उष्ण मनसुनी | |
| वडा संख्या | : | ९ | |
| | | **वडा नं.** | **समावेश गा. वि. स.** |
| | | १ | मधुमल्ला(७-९) |
| | | २ | उर्लाबारी(७-९) |
| | | ३ | उर्लाबारी(६) |
| | | ४ | उर्लाबारी(१,५) |
| | | ५ | उर्लाबारी(२) |
| | | ६ | उर्लाबारी(३) |
| | | ७ | उर्लाबारी(४) |
| | | ८ | राजघाट(१-४,९) |
| | | ९ | राजघाट(५-८) |
| घरधुरी संख्या | | १३,७६१ | नगर पार्श्वचित्र २०७६ |
| **वर्ष** | | **जनसँख्या** | **श्रोत** |
| २०६८ | : | ५४,६९६ | के. त. वि., २०६८ |
| २०७६ | : | ७०,६०५ | नगर पार्श्वचित्र २०७६ |
| *जनसँख्या वृद्धिदर* | : | ३.१९% | |
| २०७८ | : | ९७,१४८ | *प्रक्षेपण, Exponential Growth Rate को आधारमा* |
| २०८८ | : | १३३,६७० | |
| २०९८ | : | १८३,९२३ | |
| ***उर्लाबारी नगरपालिकाको दिर्घकालिन सोच*** | : | ***स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी*** | |
| आर्थिक आधारहरु | : | कृषि तथा पशुपालन, ब्यापार तथा उद्योग | |
| मुख्य नदी | : | बक्राह खोला, भालु खोला, देभिजोदा, मावा, मिक्लुक, नुन्सारी, रतुवा, सफेवा, सोल्टी, डुम्रे खोला, सुन्जोदा र तेलि | |
| मुख्य सडक | : | पूर्व पश्चिम राजमार्ग र उर्लावारी मधुमाला दरेगौडा सडक | |
| मुख्य बजारहरु | : | उर्लाबारी, मंगलबारे, स्कूल डाँडा, दुर्गापुरी, राजघाट | |
| मुख्य चाडपर्व | : | दशै, तिहार, हरितालिका तिज, रामनवमी, शिवरात्री, फागुपुर्णिमा, नाग पञ्चमी, माघे सक्रान्ती, जितिया, कृष्ण जन्माष्टमी | |
| मुख्य भू उपयोग | | कृषि, खोला नाला र पोखरी, आवासिय क्षेत्र, बाटो र सार्वजनिक क्षेत्र, जंगल तथा अन्य | |
| मुख्य पेशा | | कृषि, ब्यापार तथा उद्योग | |

# उर्लाबारी नगरपालिकाको प्रथम आवधिक योजना
# (२०७९/०८० – २०८३/०८४) को सारांश

**नगरपालिकाको परिचय**

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१।०१।२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३।११।२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँ पालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ ।

**भौगोलिक तथा राजनीतिक अवस्थिति**

समुन्द्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । यस नगरमा करिव ७०,६०५ जनसंख्या मध्ये ५१.१३ प्रतिशत महिला र ४८.८७ प्रतिशत पुरुष सहित १३७६१ घरधुरी रहेको पाइन्छ । अधिकांश भू-भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ ।

उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते सिमसार हुनु र यसको प्रबर्द्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ ।

मोरङ्ग जिल्लामा अवस्थित उर्लाबारी नगरपालिका भएर पूर्व पश्चिम राजमार्ग जाने भएकोले यातायात पहुँचको हिसाबले यो नगरपालिका निकै सुगम देखिन्छ । यो नगरपालिका प्रदेश नं. १ को सदरमुकाम विराटनगरबाट करिब ५२ कि. मी. टाढा रहेको छ । विराटनगर विमानस्थल मात्र ४२ कि. मी. टाढा रहेको छ । पूर्व पश्चिम राजमार्ग करिव ५.६७ कि. मि भाग र उर्लावारी मधुमाला दरेगौडा सडकको करिव ८.९ कि.मि भाग यस नगरपालिकामा पर्दछ । उर्लाबारी नगर यातायात गुरुयोजना तथा सर्वेक्षण २०७८ अनुसार घर सम्म जानको लागि मोटरवाटोको सुविधा लाई हेर्दा करिब ८२ प्रतिशत घरमा मोटर बाटोका सुविधा रहेको देखिन्छ भने १८ प्रतिशतमा नरहेको देखिन्छ ।

प्रदेश नं. १ को मोरङ्ग जिल्लामा पर्ने उर्लाबारी नगरपालिका साबिकको मधुमल्ला, राजघाट र उर्लाबारी नगरपालिकासमेटिएर बनेको हो । यस नगरपालिकामा जम्मा ९ वटा वडाहरू छन् जसको क्षेत्रफल ७४.६२ वर्ग कि. मि. रहेको छ । यस नगरपालिका पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ. नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकाको विचमा अवस्थित छ ।

**उर्लाबारी नगरपालिकाको जनसङ्ख्या**

राष्ट्रिय जनगणना २०६८ को अनुसार यस न. पा.को जनसँख्या ५४,६९६ रहेको देखिन्छ भने नगर पार्श्वचित्र २०७६ अनुसार २०७६ सालको जनसँख्या ७०,६०५ रहेको छ जस अनुसार लैंगिक अनुपात ०.९६ (पुरुष / महिला) र यिनीहरु १३,७६१ घरधुरीहरुमा बसोबास गर्छन् । यहाँको औषत परिवार सदस्य संख्या ५.१३ र जनघनत्व ९४६.३२ जनसंख्या प्रति वर्ग कि. मि. रहेका छन् । आठ वर्षको अन्तरालमा जनसंख्या प्रक्षेपण वृद्धि दर ३.१९ % ले २०७६ मा १५,९०९ जनसंख्या थपिएको हुन आउँछ । यस न. पा.को जनसंख्या २०९८ मा १,८३,९२३ र जनघनत्व २,४६५ जनसंख्या प्रति वर्ग कि. मि. हुने देखिन्छन् ।

**सडक सञ्जाल**

सडक सञ्जाललाई विकासको मेरुदण्ड मानिन्छ । जसले मानिसको सेवा तथा सुविधाको पहुँचलाई अझै फराकिलो बनाउँदछ । यातायातले गर्दा मानव आवागमन एवं सामान ढुवानी सहजता बढ्न गई बजार, केन्द्र, औधोगिक क्षेत्र, सामानिक सुविधा प्रदान गर्ने केन्द्रहरु जस्तै स्वास्थ्य, शिक्षा आदि सँगको पहुँचलाई अझै सहज हुन जान्छ र विभिन्न किसिमका अवसरहरु प्राप्त हुन जान्छ । यातायात क्षेत्रमा अनुसन्धान तथा यस क्षेत्रको योजना र विकास मुख्यतः मानव आवागमन एवं सामान ढुवानीको आधारमा गरिन्छ । नगरपालिकाको पार्श्वचित्र २०७६ अनुसार धुले सडक (६३.८२ %), ग्राभेल सडक (३२.१० %) र पक्की सडक मात्र ४.०८ % रहेको देखिन्छ । तसर्थ संजाल राम्रो भएता पनि सडकहरुको भौतिक अवस्था राम्रो रहेको छैन् । यसको साथै सडक छेउ नालाको अभावमा पनि सडकको अवस्था दिन दिनै नाजुक बन्दै गएकोले सडक संजालमा थप सुधार साथै सडकको भौतिक अवस्थाको सुधार आजको आवश्यकता हो ।

**वस्ती विकास तथा शहरीकरण**

यस पालिकाको मुख्य बजारहरु उर्लाबारी, मंगलबारे, स्कूल डाँडा, दुर्गापुरी, राजघाट रहेका छन् । उक्त बजारहरुमा तथा पूर्व पश्चिम राजमार्ग र उर्लावारी मधुमाला दरेगौडा सडक लगायत अन्य सडकहरुको दुईतिर वस्ती विकास तिव्र रुपमा भइरहेको छ । जसको विकासले यहाँको शहरीकरणलाई निर्दिष्ट गर्ने छ ।

घडेरी विकास गर्ने नियोजित प्रयास भएको देखिंदैन, घरहरू जथाभाबी छरिएर निर्माण भएका छन् । बजारहरुको घडेरीहरुमा पाइने विशेषता भनेको खेतबारी समेतका कम उचाइका घरहरुको निर्माण हो । शहरीकरणसँगै देखा पर्ने कंक्रिट जंगलको दाँजोमा हरित क्षेत्र सहितको वस्ती विकासे अहिलेको पहिचान भए पनि कृषि भूमिको खण्डीकरण हुँदै जाँदा अहिलेको हरियाली कहिलेसम्म कायम रहला भन्ने प्रश्न स्वाभाविक रुपमा उठ्दछ ।

**नगर पालिकाको प्रमुख समस्याहरु**

उर्लाबारी नगरपालिकाका महत्वपुर्ण नदीहरुमा बक्राह खोला, भालु खोला, देभिजोदा, मावा, मिक्लुक, नुन्सारी, रतुवा, सफेवा, सोल्टी, सुन्जोदा र तेलिले वर्षायाममा हुने नदी कटानको समस्या प्रमुख समस्याका रुपमा रहेको छ । त्यस्तै कृषि क्षेत्रमा व्यवसायीकरण हुन नसक्नु, सहरीकरण योजनाबद्ध ढङ्गले हुन नसक्नु, भौतिक पूर्वाधार निर्माण पनि केही सीमित क्षेत्रमा हुनु र अन्य व्यवस्थापकीय सीमितता आदि कारणले अपेक्षित विकास हुन सकेको देखिँदैन । यसैसँग जोडिएर आर्थिक सामाजिक परिवर्तन समेत भई आएको देखिन्छ । यसै पृष्ठभूमिमा नगरपालिकाको समग्र विकासका लागि केही पूर्वाधार उपलब्ध छन्, केही समस्याहरू पनि छन्, केही सम्भावना र अवसर पनि छन् भने केही चुनौती पनि नभएका होइनन् । आवधिक योजना तयार गर्ने क्रममा विभिन्न चरणमा भएको जनसहभागितात्मक छलफलहरूबाट सङ्कलित प्रमुख आधारभूत समस्याहरु रहेका सुकुमबासी, प्राकृतिक प्रकोप (नदी खोलाहरुबाट बाढी तथा नदी कटान), सडक छेउ नाला नहुनु, वर्षाको पानीको सहजता पूर्वक निकास नहुनु, खानेपानीको अभाव छन् ।

**प्रमुख सम्भावना तथा अवसर**

उर्लाबारी नगरपालिका कृषिको लागि उपर्युक्त भूमि हो । समथल भ-बनोट, कृषिका लागि प्रसस्त उर्वर माटो भएको कारण यहाँ व्यवसायीक कृषि गर्ने हो भने यस नगरपालिकालाई मात्र नभई निर्यातका लागि पनि प्रसस्त उपज उत्पादन

गर्न सकिने देखिन्छ । यती मात्र नभई कृषिमा आधारित साना तथा मझौला उद्योग पनि स्थापना र विस्तार गर्न सकिन्छ । यस ठाउँको अर्को राम्रो पक्ष भनेको सडक सञ्जाल हो । धेरै ठाउँमा सडकको स्तरउन्नती गर्नुपर्ने दखिएता पनि यसले यातायत, व्यापारिक सम्भावना, स्थानीयको सरल पौँच आदिको राम्रो सम्भावना भएको दर्साउछ ।

त्यस्तै गरि यहाँ अवस्थित बेतिनी सिमसार, बुढाठाकुर, लामपाते सिमसार आदि स्थलहरुलाई सिमसार तथा पर्यटकीय क्षेत्रमा विकास गरिएमा निरन्तरर आम्दानीको दीर्घकालिन श्रोतको रुपमा स्थापित गर्न सकिन्छ । अर्को सवल पक्ष भनेको नदी तटबन्धन र यस पश्चात बाँकी रहेको जग्गालाई पनि उत्पादनमूलक कार्यमा लगाउन सकिने देखिन्छ ।

## *उर्लाबारी नगरपालिकाको दिर्घकालिन सोच : स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी*

**अग्रणी क्षेत्रहरु**

यस पालिकाको अग्रणी क्षेत्रहरु रुपमा कृषि, व्यापार तथा उद्योग पहिचान गरियो ।

सहरी विस्तार क्षेत्र नीतिले सहर (बस्ती) लाई कुन क्षेत्रतर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशामात्र निर्देशन गरेको हुन्छ । पूवार्धार लगानी नीतिअनुरूप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा बस्तीहरू जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ, तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत-जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदिका लागि जग्गा विकास कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने हुन्छ ।

वडा भेला, विषयगत उप समिति, सल्लाहकार समिति तथा सरोकारवालाहरुँगको चरणबद्ध छलफलबाट निसृत समस्या तथा त्यसका निराकरणका उपायका रुपमा आएका कार्यक्रमहरुलाई यस अध्यायमा विवेचना गरिएको छ । धेरै वडाहरुबाट आएका एकै प्रकृतिका कार्यक्रम तथा योजनाहरुलाई नगरपालिकास्तरीय कार्यक्रमका रुपमा समाविष्ट गरी आवश्यकताको आधारमा प्राथमिकीकरण गरिएको छ ।

उपरोक्त आधारमा योजना तर्जुमाको दौरानमा नगरपालिकास्तरीय र वडा स्तरीय गरी जम्मा जम्मी ८७६ वटा कार्यक्रमको पहिचान गरिएको छ । यद्यपि, आवधिक योजना तर्जुमाको दौरानमा वडा स्तरीय र नगरपालिकास्तरीय गरी जम्मा जम्मी ५०० वटा कार्यक्रमको पहिचान गरिएको छ । यस अनुसार पूर्वाधार विकासमा सबैभन्दा बढी करिब ३८.४०% रकम विनियोजन प्रस्ताव गरिएको छ भने सामाजिक विकासमा करिब २३.८३% र आर्थिक विकासमा २०.८९% को हाराहारीमा रकम विनियोजन प्रस्ताव गरिएको छ । आवधिक योजनाको कूल लागत आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्मको अवधि भित्र २०७८/०७९ को स्थिर मूल्यमा रु. ६ अर्ब ९६ करोड १५ लाख हुने अनुमान गरिएको छ ।

**विषयगत कार्यक्रम र लागत (वडास्तरीय तथा नगरपालिकास्तरीय)**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क्र.स | योजना विषय | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|---|
| १ | आर्थिक | १०६ | २१.२०% | १४,५४० | २०.८९% |
| २ | सामाजिक | १३३ | २६.६०% | १६,५९० | २३.८३% |
| ३ | पूर्वाधार | १३६ | २७.२०% | २६,७३५ | ३८.४०% |

| क.स | योजना विषय | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|---|
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ३९ | ७.८०% | ६,००० | ८.६२% |
| ५ | सुशासन तथा अन्य | ८६ | १७.२०% | ५,७५० | ८.२६% |
| | **जम्मा** | **५००** | **१००%** | **६९,६१५** | **१००%** |

**नगरस्तरीय विषयगत कार्यक्रम तथा लागत**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क.स | योजना विषय | कार्यक्रम सख्या | | | अनुमानित लागत |
|---|---|---|---|---|---|
| १ | आर्थिक | ३१ | १७.६१% | २,६५० | २२.१८% |
| २ | सामाजिक | ५९ | ३३.५२% | ४,१२० | ३४.४८% |
| ३ | पूर्वाधार | ४ | २.२७% | २५० | २.०९% |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | १७ | ९.६६% | १,४९० | १२.४७% |
| ५ | सुशासन तथा अन्य | ६५ | ३६.९३% | ३,४४० | २८.७९% |
| | **जम्मा** | **१७६** | **१००%** | **११,९५०** | **१००%** |

**विषयगत कार्यक्रम र लागत (वार्षिक वितरण)**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क.स | योजना विषय | अनुमानित लागत | आ. व. २०७९/०८० | आ. व. २०८०/०८१ | आ. व. २०८१/०८२ | आ. व. २०८२/०८३ | आ. व. २०८३/०८४ |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक | १४,५४० | २,३४५ | ३,५७९ | ३,८८१ | २,४५६ | २,२७९ |
| २ | सामाजिक | १६,५९० | ३,२२८ | ३,७६३ | ४,१८१ | ३,३२१ | २,०९९ |
| ३ | पूर्वाधार | २६,७३५ | ७,६७७ | ७,६५१ | ४,६९४ | ३,२९६ | ३,४१८ |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ६,००० | १,३०३ | १,५३५ | १,२५५ | ९८२ | ९२६ |
| ५ | सुशासन तथा अन्य | ५,७५० | १,१६१ | १,२८० | १,३५९ | १,१५६ | ७९४ |
| | **जम्मा** | **६९,६१५** | **१५,७१४** | **१७,८०८** | **१५,३६९** | **११,२१०** | **९,५१६** |

वित्तिय योजना अन्तर्गत यस पालिकाको पुँजीगत क्षमता निर्धारण गरिइसकेको छ । आवधिक योजनाको कूल अनुमानित लागत मध्ये उपभोक्ता लागत सहभागिता र अन्य निकायले ब्यहोर्ने लागत कटाएर बाँकी यस पालिकाले ब्यहोर्नु पर्ने हुन्छ जुन पुँजीगत क्षमता मार्फत् लगानी गर्न सकिन्छ ।

यस प्रतिवेदनमा आवधिक योजनाको वार्षिक लगानी वितरण आ. व. २०७८/०७९ को स्थिर मूल्यमा हिसाब गरिएको छ अर्थात् मुद्रास्फिति लगायत समयको मूल्य (value of time) को विचार गरिएको छैन । घनात्मक मौज्दातले मुद्रास्फितिको कारण उब्जने आर्थिक भारलाई सम्बोधन गर्नेछ । त्यस्तै, आकस्मिक रुपमा कुनै महत्वपूर्ण कार्यक्रम समावेश गर्नुपर्ने अवस्थामा पनि थप लगानीको व्यवस्था सहज रुपमा गर्न सकिन्छ । आवधिक योजनाका कार्यक्रमहरुमा केही हेरफेर हुने अवस्थामा पनि घनात्मक मौज्दातले लचकता (flexibility) प्रदान गर्नेछ ।

आवधिक योजनाको सफल कार्यान्वयन यस पालिका को एकल लगानी प्रयासबाट मात्र सम्भव छैन । छनौटमा परेका कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनमा विभिन्न सरोकारवाला संस्थाहरुका तर्फबाट पनि लगानीको अपेक्षा गरिएको छ जसको विस्तृत विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ भने सारांश देहाय बमोजिम छ ।

**लगानी स्रोतको आधारमा कार्यक्रम तथा लागत**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क्र.सं. | लगानीको स्रोत | लगानी रकम | प्रतिशत |
|---|---|---|---|
| १ | उ. न. पा. | १७,७६६ | २५.५२% |
| २ | उपभोक्ता | ९,२५९ | १३.३०% |
| ३ | संघीय सरकार | ३५,२८० | ५०.६८% |
| ४ | प्रादेशिक सरकार | ६,२६९ | ९.०१% |
| ५ | निजी क्षेत्र तथा अन्य | १,०४१ | १.५०% |
| | **जम्मा** | **६९,६१५** | **१००.००%** |

| क्र.सं. | विषय | सख्या | प्रतिशत | अनुमानित लागत (रु. लाखमा) | लगानी स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उ. न. पा. | उपभोक्ता | संघीय सरकार | प्रादेशिक सरकार | निजी क्षेत्र तथा अन्य |
| १ | आर्थिक | १०६ | २१.२०% | १४,५४० | ३,०७७ | १,९४९ | ७,४४२ | १,२५५ | ८१८ |
| २ | सामाजिक | १३३ | २६.६०% | १६,५९० | ५,५६० | २,०२८ | ७,४१५ | १,४४२ | १४७ |
| ३ | पूर्वाधार | १३६ | २७.२०% | २६,७३५ | ४,८६८ | ३,९३१ | १५,१९४ | २,६७१ | ७३ |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ३९ | ७.८०% | ६,००० | १,४८७ | ८१५ | ३,१५२ | ५४३ | ४ |
| ५ | सुशासन तथा अन्य | ८६ | १७.२०% | ५,७५० | २,७७६ | ५३८ | २,०७८ | ३५९ | - |
| | **जम्मा** | **५००** | **१००.००%** | **६९,६१५** | **१७,७६६** | **९,२५९** | **३५,२८०** | **६,२६९** | **१,०४१** |
| | **सहभागिता मात्र** | | | **१००%** | **२५.५२%** | **१३.३०%** | **५०.६८%** | **९.०१%** | **१.५०%** |

**वडागत कार्यक्रम (नगरस्तरीय कार्यक्रम पनि समावेश) र लागत (वडास्तरीय तथा नगरस्तरीय)**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| वडा | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|
| १ | २७ | ५.४०% | ३,६२५ | ५.२१% |
| २ | ३० | ६.००% | ६,७१० | ९.६४% |
| ३ | २६ | ५.२०% | ६,६६५ | ९.५७% |
| ४ | ३२ | ६.४०% | ५,७०० | ८.१९% |
| ५ | २८ | ५.६०% | ५,३८० | ७.७३% |
| ६ | ५० | १०.००% | १०,०५० | १४.४४% |
| ७ | ५१ | १०.२०% | ९,६२५ | १३.८३% |
| ८ | ५९ | ११.८०% | ५,२९० | ७.६०% |
| ९ | २१ | ४.२०% | ४,६२० | ६.६४% |
| **नगरस्तरीय** | १७६ | ३५.२०% | ११,९५० | १७.१७% |
| **जम्मा** | **५००** | **१००%** | **६९,६१५** | **१००%** |

**नगर तथा वडागत कार्यक्रम र लागत (वार्षिक वितरण)**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क्र.स | वडा नं. | अनुमानित लागत | आ. व. २०७९/०८० | आ. व. २०८०/०८१ | आ. व. २०८१/०८२ | आ. व. २०८२/०८३ | आ. व. २०८३/०८४ |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ३,६२५ | १,३०० | १,११८ | ४४० | ३०१ | ४६७ |
| २ | २ | ६,७१० | ६७१ | ८३७ | १,३४२ | १,७७३ | २,०८८ |
| ३ | ३ | ६,६६५ | १,५५८ | १,३४५ | १,३९५ | १,३७५ | ९९३ |
| ४ | ४ | ५,७०० | २,२६५ | १,६८३ | ५९३ | ५४३ | ६१८ |
| ५ | ५ | ५,३८० | १,२३५ | १,५१५ | १,३०६ | १,०४४ | २८० |
| ६ | ६ | १०,०५० | १,४९३ | ३,४२३ | ३,२७६ | १,४४० | ४१८ |
| ७ | ७ | ९,६२५ | १,५५७ | ३,०४८ | २,७९५ | १,२७१ | ९५५ |
| ८ | ८ | ५,२९० | ३,१३५ | १,८५५ | ३०० | - | - |
| ९ | ९ | ४,६२० | २९० | ९२० | १,२२८ | ७५८ | १,४२६ |
| १० | नगरस्तरीय | ११,९५० | २,२११ | २,०६५ | २,६९५ | २,७०७ | २,२७३ |
| **जम्मा** | | **६९,६१५** | **१५,७१४** | **१७,८०८** | **१५,३६९** | **११,२१०** | **९,५१६** |

उपक्षेत्रहरुका आधारमा तथा लगानी

| क. सं. | कार्यक्रम | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक क्षेत्र** | | | | |
| १.१ | कृषि तथा खाद्य सुरक्षा | ४४ | ४१.१२% | ४,९३० | ३३.६७% |
| १.२ | पर्यटन तथा सस्कृति | ३६ | ३३.६४% | ६,१९० | ४२.२८% |
| १.३ | उद्योग, व्यापार, व्यवसाय र आपूर्ति | २० | १८.६९% | १,९९० | १३.५९% |
| १.४ | आम्दानी, रोजगारी र वित्तीय सेवा | २ | १.८७% | ६५० | ४.४४% |
| १.५ | कृषि बजार आयोजना | ५ | ४.६७% | ८८० | ६.०१% |
| | **जम्मा** | **१०७** | **१००%** | **१४,६४०** | **१००%** |
| **२** | **सामाजिक क्षेत्र** | | | | |
| २.१ | स्वास्थ्य तथा पोषण | १८ | १३.६४% | २,४०० | १४.६०% |
| २.२ | शैक्षिक विकास | ३५ | २६.५२% | ३,७७० | २२.९३% |
| २.३ | खानेपानी तथा सरसफाइ | ८ | ६.०६% | ८४० | ५.११% |
| २.४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ६४ | ४८.४८% | ८,५२० | ५१.८२% |
| २.५ | युवा, खेलकुद तथा कला | ६ | ४.५५% | ८२० | ४.९९% |
| २.६ | बालबालिका तथा समाज कल्याण | १ | ०.७६% | ९० | ०.५५% |
| | **जम्मा** | **१३२** | **८६%** | **१६,४४०** | **९९%** |
| **३** | **पूर्वाधार क्षेत्र** | | | | |
| ३.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ५ | ३.६५% | १,१५० | ४२५% |
| ३.२ | सडक, पुल तथा यातायात | ११६ | ८४.६७% | २४,४२५ | ९०३५% |
| ३.३ | विद्युत् तथा वैकल्पिक ऊर्जा | १६ | ११.६८% | १,४६० | ५४०% |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ० | ०.००% | - | ०% |
| | **जम्मा** | **१३७** | **१००%** | **२७,०३५** | **१००००%** |
| **४** | **वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| ४.१ | वन तथा जैविक विविधता | २ | ५.१३% | १५० | २.५४% |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | १२ | ३०.७७% | ३,०९० | ५२.३७% |
| ४.३ | वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | १७ | ४३.५९% | २,०५० | ३४.७५% |
| ४.४ | महामारी तथा विपद् व्यवस्थापन | ८ | २०.५१% | ६१० | १०.३४% |
| | **जम्मा** | **३९** | **१००%** | **५,९००** | **१००%** |
| | | | | | |

| क. सं. | कार्यक्रम | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|---|
| **५** | **सुशासन तथा संस्थागत विकास** | | | | |
| ५.१ | नीति, कानून तथा सुशासन | १५ | १७.६५% | ४५५ | ८.१३% |
| ५.२ | सङ्गठन तथा सेवा प्रवाह | ५६ | ६५.८८% | २,३४५ | ४१.८८% |
| ५.३ | विद्युतीय सुशासन कार्यक्रम | ४ | ४.७१% | २४० | ४.२९% |
| ५.४ | स्रोत परिचालन, स्थानीय योजना तथा तथ्याङ्क तथा अन्य | १० | ११.७६% | २,५६० | ४५.७१% |
| | **जम्मा** | **८५** | **१००%** | **५,६००** | **१००%** |
| | **कुल जम्मा** | **५००** | | **६९,६१५** | |

यस प्रतिवेदनमा आवधिक योजनाको वार्षिक लगानी वितरण आ. व. २०७८/०७९ को स्थिर मूल्यमा हिसाब गरिएको छ अर्थात् मुद्रास्फिति लगायत समयको मूल्य (value of time) को विचार गरिएको छैन । घनात्मक मौज्दातले मुद्रास्फितिको कारण उब्जने आर्थिक भारलाई सम्बोधन गर्नेछ । त्यस्तै, आकस्मिक रुपमा कुनै महत्वपूर्ण कार्यक्रम समावेश गर्नुपर्ने अवस्थामा पनि थप लगानीको व्यवस्था सहज रुपमा गर्न सकिन्छ । आवधिक योजनाका कार्यक्रमहरुमा केही हेरफेर हुने अवस्थामा पनि घनात्मक मौज्दातले लचकता (flexibility) प्रदान गर्नेछ । आवधिक योजनाको सफल कार्यान्वयन यस पालिकाको एकल लगानी प्रयासबाट मात्र सम्भव छैन । छनौटमा परेका कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनमा विभिन्न सरोकारवाला संस्थाहरुका तर्फबाट पनि लगानीको अपेक्षा गरिएको छ ।

**मूल्याङ्कन तथा अनुगमन**

आयोजनाको कार्यान्वयन पक्ष प्रभावकारी, मितव्ययी र नतिजामुखी बनाउन अनुगमन र मूल्यांकन पद्धतिलाई ध्यान दिनु पर्दछ । अनुगमन र मूल्यांकन कसले कसरी गर्ने भनेर स्पष्ट रुपमा किटान गर्न सकेमा आयोजनाको प्रभावकारी कार्यान्वयनमा बल पुग्दछ । आयोजनाबाट कस्तो प्रभाव पार्‍यो भन्ने विषय पनि अनुगमन तथा मूल्यांकनबाट प्रष्ट हुन्छ ।

आवधिक योजना टोलीबाट प्रस्तावका रुपमा तयार भएको विषयगत उद्देश्य हासिल गर्न लगफ्रेममा आधारित विषयगत योजनाहरु, दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीतिहरुलाई सहभागितात्मक अन्तिम कार्यशालामा प्रस्तुत गरी प्राप्त सुझावहरुको संकलन गरी तिनलाई समायोजन गरी अन्तिम रुप दिइएको यो दस्तावेज सहभागितमुलक रुपले कार्यान्वयन गर्न असफल भए स्थानीय वासिन्दा बाट अपनत्वको भावना (Ownership) पैदा नभई समग्र योजना नै धरायसी हुने खतरा रहन्छ ।

आवधिक योजनाको कार्यान्वयन पश्चात यस्को आवधिक मूल्याकंन तथा अनुगमन गर्नु वाञ्छनीय हुन्छ । यसका लागि स्थानीय स्वायत्त शासन ऐन लाई अगिंकार गरिने छ । जस अनुसार योजना तथा कार्यकम कार्यान्वयनको कममा आवश्यकता अनुसार ती स्थलहरुमा जाने लगायतका प्रकृयाहरु समेतको अवलम्बन गरिने छ । संचालित आयोजनाहरुको विषयगत विवरण तथा प्रगति मूल्याङ्कन समितिले आवश्यक ठानेको जुनसुकै वखत गरिने छ । त्यस्तै सम्पन्न योजनाहरुको मर्मत सम्भार सम्बन्धी व्यवस्थाको मूल्याङ्कन प्रत्येक वर्ष सम्पन्न ठूला योजनाहरुको प्रभाव मूल्यांङ्कन एक वर्षपछि गर्ने जसका लागि सामाजिक, आर्थिक, वातावरणीय तथा सेवा सुविधाहरुको प्रभाव मुल्यांङ्कन सम्पूर्ण आ-आफ्ना क्षेत्रका विज्ञ वा विशेषज्ञ, सेवा सुविधाग्राही वा सरोकारवालाहरु समेतको संलग्नता गराइने छ ।

आवधिक योजनाले निर्धारण गरेको लक्ष तथा उदेश्य हासिल भयो भएन भनेर निर्क्यौल गर्न वार्षिक कार्यक्रमकै रुपमा अनुगमन तथा आवधिक योजनाको अवधि भित्र कम्तिमा पनि दुई मध्यावधि मुल्याकंन गर्न शिफारिस गरिन्छ । यसरी गरिने अनुगमन तथा मुल्याकंन कार्यविधिमा सरोकारवाला हरेक व्यक्ति, राजनैतिक पार्टीका प्रतिनिधि, संघ संस्थालाई

आवद्ध गरिनु पर्छ । यसरी गरिएको आवद्धताले अपनत्वको भावना पैदा गराई आवधिक योजना सफल गराउन ठूलो मद्दत मिल्ने छ ।

**कार्यान्वयन रणनीति**

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्दिष्ट गरे बमोजिम योजना अवधिमा हासिल गर्न चाहेको लक्ष्य पुरा गर्न आवधिक योजना (आ.यो.) कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउने:

१ बहु-क्षेत्रगत लगानी कार्यक्रममा समावेस भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम निम्न आधारमा तयार गर्ने ।

- सो कार्यक्रम तयार गर्दा आ.यो. ले लक्षित गरेका सूचकहरुको प्राप्ति तर्फ विषेश ध्यान पुऱ्याउने ।
- आ.यो.ले अङ्गीकार गरेको अग्रणी क्षेत्रहरुको अनुसरण गर्ने ।
- यस पालिकालाई प्राप्त हुन सक्ने विकास बजेटलाई आधार मान्ने ।
- निर्देशित अग्रणी क्षेत्र भित्रमात्र लगानी केन्द्रित गर्ने ।

२ वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने क्रममा ठूला योजनाहरुको हकमा विस्तृत संम्भाव्यता अध्ययन गर्नुपर्ने तथा उक्त अध्ययन गर्दा प्राविधिक उपयुक्तता र राजनितिक प्रतिवद्धताको अतिरिक्त स्थानिय स्वायत शासन ऐन २०७४ मा व्यवस्था गरे अनुरुप हुनुपर्ने ।

३ आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने चरणमा ती आयोजनाहरुको संभाव्यता लागत अनुमान तयार गर्ने तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ बमोजिम स्वीकृति गराई कार्यान्वयन प्रकृया आरम्भ गर्ने ।

४ आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाह बिच समानता राख्ने ।

५ योजना संचालन तयार गर्दा उक्त योजना सम्पन्न भएपछि गरिने मर्मत संभारको कार्य योजना तयार गर्ने ।

६ भौतिक विकास गुरु योजना कार्यान्वयन गर्दा पालिका विकास ऐन २०४५ ले व्यवस्था गरे बमोजिम विषेशतः जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा शहरी विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रिय निकायहरु संग समन्वय राख्ने ।

७ नगरलाई स्वच्छ बनाउने ।

८ सामाजिक परिचालन मार्फत न.पा.को विकास सम्बन्धी धारणा स्थानीय जनता र टोलबस्तीमा पुऱ्याइ मानवपूँजी (Human Resource) निर्माण र सशक्तिकरण गर्ने । यसकोलागि यस पालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।

९ गरिबी न्यूनीकरण कार्यक्रममा लगानी बढाउने र कार्यक्रमको प्रभावकारिताको आवधिक मूल्याङ्कन र आवश्यकता अनुसार परिमार्जन गर्ने ।

१० गरिब, अपाङ्ग र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरुसँग सहकार्य गर्ने ।

११ महिला, बालबच्चा, वृद्ध र सिमान्तकृत वर्गलाई लक्षित गरेर सञ्चालित कार्यक्रमलाई यस पालिकाका अनुदान बढाउँदै लैजाने ।

१२ यस पालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै लैजाने ।

१३ यस पालिकामा विद्यमान अवसरहरु (पर्यटन, व्यापार र उद्योग, संस्कृति दृश्य रमणीयस्थल आदि) लाई समुचित उपयोग गर्दै विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै पालिकाको दीर्घकालिन योजनामा समाविष्ट गर्ने ।

१४ यस पालिकाको एक्लो प्रयासबाट मात्र विकास सम्भव नहुने र सरकारी तथा दाताको अनुदानमा मात्र आश्रित हुने प्रवृत्तिबाट दीगो विकास सम्भव नहुने भएकोले निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप विकासलाई अगाडि बढाउने ।

१५ वातावरण संरक्षण तथा सार्वजनिक सम्पतिको संरक्षणमा सम्बन्धी स्पष्ट नीति ल्याउने ।

१६ पालिका विकासलाई वातावरण तथा पर्यटन मैत्री बनाउने ।

१७ आचार संहितालाई अक्षरस पालना गर्ने ।

१८ बजेटको समानुपातिक वितरणमा मौजुदा कानुन, नीति निर्देशन आदिको बर्खिलाप नगर्ने

१९ कार्यान्वयन गर्दाका आयोजनाहरुको सुपरिवेक्षण, अनुगमन र मूल्यांकन समेत गर्ने प्रणालीको विकास गर्ने ।

नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तीमा ५ वर्ष अवधिका लागि योजनाको शुरु देखि अन्तिम चरण सम्म पूर्णरुपमा जनसहभागितात्मक अवधारणालाई कायम गरी तयार गरिएको यो दस्तावेज नगरपालिकापालिकाको प्रथम आवधिक योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सम्पूर्ण सरोकारवालाहरु दत्तचित्त भएर कार्यान्वयनमा लाग्न सकेमात्र यसको उद्देश्य प्राप्ति हुन्छ । बहुगत क्षेत्रको लगानी हुनु पर्ने र आफ्नो श्रोत न्यून रहेको अवस्था भएकोले कार्यान्वयन चरणमा कठीनाईहरु अवश्य आउनेछन् । यसबाट रत्तीभर विचलित नभई अगाडि लाग्ने हो भने यसले नगरपालिकाको कायाकल्प गर्नमा ठूलो मद्दत गर्ने छ ।

# परिच्छेद १ : परिचय

## विषयसूची


| | | | |
|---|---|---|---|
| १.१ | पृष्ठभूमि | ......................... | २ |
| १.२ | आवधिक योजना सम्वन्धी व्यवस्था | ......................... | ४ |
| १.२.१ | आवधिक योजनाको परिभाषा | ......................... | ४ |
| १.२.२ | नीतिगत र कानूनी व्यवस्था | ......................... | ५ |
| १.२.३ | राा्ष्ट्रिय तथा जिल्ला आवधिक योजनासँगको सम्बन्ध | ......................... | ६ |
| १.२.४ | नगरपालिकाको संघीय तथा प्रान्तीय आवधिक योजनासँगको सम्बन्ध | ......................... | ६ |
| १.३ | अध्ययनको उद्देश्य | ......................... | ६ |
| १.४ | अध्ययन सीमा | ......................... | ७ |
| १.५ | योजना तर्जुमा प्रकृया (Planning Process) | ......................... | ८ |
| १.५.१ | दृष्टिकोण (Approach) | ......................... | ८ |
| १.५.२ | कार्य विधि | ......................... | ९ |
| १.६ | तथ्याङ्क संकलन तथा विश्लेषण | ......................... | ११ |


## चित्रहरु


चित्र २.१ : आवधिक योजनाको तर्जुमा प्रक्रिया............................................................. ९


## तालिकाहरु


तालिका नं. २.१ : नेपालको संक्षिप्त जनसांख्यिक विवरण ..................................................... २

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालमा विगत दुई दशकदेखि शहरीकरणको प्रक्रिया द्रूत गतिमा बढिरहेको छ । भौगोलिक समानता (geographical parity) एवं संतुलित विकास (balanced development) को लक्ष्य प्राप्तिमा टेवा नपुग्ने गरी देशको शहरीकरणको प्रक्रिया विशेषतः तराई तथा काठमाण्डौं उपत्यकाका शहरहरूमा केन्द्रित रहेको छ । शहरीकरणको प्रक्रियामा गाउँबाट शहरमा र साना तथा शहरोन्मुख क्षेत्रबाट ठूला शहरमा द्रुत गतिमा हुने गरेको बसाईसराईले एकातिर शहरका उर्वर खेतीजन्य भूमिहरू मासिंदै गइरहेका छन् भने उच्च जनसंख्या चापका कारणले श्रृंखलावद्ध रुपमा भौतिक, सामाजिक आर्थिक एवं वातावरणीय समस्याहरू श्रृजित भईरहेका छन् । अर्कोतिर, नगरपालिका घोषित भईसके पश्चात् पनि कतिपय क्षेत्रहरू लामो समयदेखि अझसम्म पनि ग्रामीण अर्थतन्त्रको स्थितिमै अल्झिरहेका छन् ।

राष्ट्रिय जनगणना २०६८ को नतिजाअनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ पुगेको छ, जुन दश वर्षअघिको तुलनामा करिब ३४ लाखले बढी छ (तालिका १-१) । दश वर्षमा नेपालको जनसङ्ख्या करिब १५% ले बढेको देखिन्छ भने विगत दश वर्षको सरदर बार्षिक वृद्धिदर (exponential growth) १.३५% हुन आउँछ । वि.सं. २०४८ देखि २०५८ सम्मको दश वर्षमा सरदर वार्षिक जनसंख्या वृद्धिदर २.२५% थियो ।

**तालिका नं. २.१ : नेपालको संक्षिप्त जनसांख्यिक विवरण**

| जनगणना साल | विवरण | नेपाल | शहरी | ग्रामीण |
|---|---|---|---|---|
| २०५८ | जनसंख्या | २,३१,५१,४२३ | ३२,२७,८७९ | १,९९,२३,५४४ |
| | प्रतिशत | १०० | १३.९ | ८६.१ |
| | वार्षिक औषत वृद्धिदर % | २.२५ | ६.६५ | १.७२ |
| | जनघनत्व (संख्या प्र.व.कि.मी.) | १५७ | ९८५ | १३८ |
| २०६८ | जनसंख्या | २,६४,९४,५०४ | ४५,२३,८२० | २,१९,७०,६८४ |
| | प्रतिशत | १०० | १७.१ | ८२.९ |
| | वार्षिक औषत वृद्धिदर % | १.३५ | ३.३८ | ०.९८ |
| | जनघनत्व (संख्या प्र.व.कि.मी.) | १८० | १,३८१ | १५३ |
| २०६८-०७८ | जनसंख्या<br>जनसंख्या वृद्धि % | २,९१,९२,४८०<br>०.९३ | ***आठ दशककै न्यून वृद्धिदर*** | *राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा* |

श्रोतः जनगणना २०५८, २०६८ (केन्द्रीय तथ्यांक विभाग), *exponential growth rate

***राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार*** *मुलुकको जनसङ्ख्या दुई करोड ९१ लाख ९२ हजार ४८० रहेकामा एक करोड ४९ लाख एक हजार १६९ जना महिला (५१.०४%) र एक करोड ४२ लाख ९१ हजार ३११ जना पुरुष (४८.९६%) रहेका छन् ।*

*दश वर्षअघि २०६८ सालको जनगणनामा कूल जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ रहेकामा पुरुष र महिलाको हिस्सा क्रमशः ४८.५५ र ५१.५५ रहेको थियो`। हालको प्रारम्भिक नतिजा अनुसार लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरूषको सङ्ख्या) ९५.९१ रहेको राष्ट्रिय योजना आयोग मातहतको केन्द्रीय तथ्याङ्क विभागले आज सार्वजनिक गरेको प्रारम्भिक नतिजामा उल्लेख छ। गत जनगणनामा प्रति सय महिलामा पुरुषको सङ्ख्या ९४.१६ रहेको थियो ।*

*कूल जनसङ्ख्या अघिल्लो गणनाको तुलनामा २६ लाख ९७ हजार ९७६ ले बढी हो । यसरी हेर्दा दश वर्षमा नेपालको जनसङ्ख्या १०.१८ प्रतिशतले बढेको देखिएको छ । विगत दश वर्षको सरदर वार्षिक वृद्धिदर ०.९३ प्रतिशत रहेको र जुन अघिल्लो जनगणनामा १.३५ प्रतिशत रहेको विभागले जनाइको छ । यो देशको वृद्धिदर पछिल्लो आठ दशककै न्यून वृद्धिदर हो ।*

*भौगोलिक क्षेत्रअनुसार कूल जनसङ्ख्याको वितरणमा तराई क्षेत्रको अंश २०६८ सालको तुलनामा २०७८ मा वृद्धि भएको देखिएको छ । विसं २०६८ को जनगणनामा तराईमा कूल जनसङ्ख्याको ५०.२७ प्रतिशत हिस्सा रहेकामा २०७८ मा वृद्धि भई ५३.६६ प्रतिशत पुगेको छ। हिमाली क्षेत्रमा कूल जनसङ्ख्याको ६.७३ प्रतिशत अंश रहेकामा २०७८ मा केही कम भई ६.०९५ रहेको देखिन्छ। त्यसैगरी पहाडी क्षेत्रमा २०६८ मा ४३.०१ प्रतिशत अंश रहेकामा हाल ४०.२५ प्रतिशतमा झरेको छ ।*

नेपालका धेरैजसो नगरपालिकाहरू शहरी सेवा सुविधा, सडक संजाल, खानेपानी, सरसफाई, फोहोरमैलाको उचित प्रवन्ध, सामाजिक पूर्वाधार एवं मनोरञ्जनात्मक पूर्वाधारहरूबाट वञ्चित छन् । शहरीकरणका विविध वहिर्भावहरू (externalities)बाट प्रभावित देशका कतिपय नगरपालिकाहरू विविध वातावरणीय चुनौतीहरूसँग जुझिरहेका छन् । नेपालका ठूला नगरपालिकाहरू समेत अव्यवस्थित यातायात, खस्कँदो वातावरण, खानेपानी अभाव, सार्वजनिक जग्गाको अतिक्रमण लगायतका समस्याबाट आक्रान्त छन् । मुलूकमा विगतमा घटित आन्तरिक द्वन्दको परिणाम स्वरुप विस्थापित व्यक्तिहरूको शहरमुखि आगमनले समेत गैर-कानुनी आवासको समस्या भयावह रुपले थपिएको छ । एकातिर अव्यवस्थित शहरीकरणले खेतीयोग्य जमिनको ह्रास बढ्दो छ भने अर्कोतिर कतिपय शहरी क्षेत्रहरू खाद्यन्न परनिर्भरता निम्त्याउने कारक तत्वको रूपमा समेत स्थापित हुँदै गैरहेका छन् । जनसंख्या वृद्धिको उर्धगति र आशातित आर्थिक विकासका प्रतिफल बीच सामान्जस्यता कायम गर्न नसकिएको परिणामस्वरूप धेरै नगरपालिकाका लागि शहरी गरिवी प्रमुख चुनौतीका रूपमा स्थापित हुँदै गइरहेको छ । यस्ता कारणले नगरपालिकाहरूका विकासका प्रयासहरू वृहत्तर रूपमा कमजोर सावित भएका छन् ।

नगरपालिकाका आजसम्मका विकासका प्रयासहरू योजनावद्ध तथा समन्वयात्मक भन्दा पनि तत्कालिन समस्या निराकरण गर्ने तदर्थ (ad-hoc) पाराले अघि बढेका देखिन्छन् । विशेषतः कमजोर संस्थागत क्षमता, न्यून प्राविधिक तथा आर्थिक श्रोतहरू नै कमजोर प्रस्तुतीकरणको प्रमुख कारक तत्वको रूपमा रहेको पाइन्छ । दीर्घकालीन विकासका सोचहरू तथा व्यवस्थित योजनाहरूको अभावले नगरपालिकाको प्रयास असंयोजित क्रियाकलाप जस्तो हुन गएको देखिन्छ जसले नगरपालिकाका विकास प्रयासहरू न्यून उपलब्धिपूर्ण र सीमित अवसरयुक्त सावित भएका छन् ।

कुनै पनि ठाउँको विकास त्यहाँको भौतिक पुर्वधारको अवस्था, आर्थिक सामाजिक स्थिति, वातावरणीय अवस्था आदिले निर्धारण गर्ने गर्दछ । नेपालका धेरै जसो भुभागहरु विभिन्न सेवा सुबिधा तथा भौतिक पूर्वधारहरुबाट वन्चित छन, जस्तैः सडक सञ्जाल, सुरक्षित खानेपानि, फोहोर - मैलाको उचित प्रबन्ध,सामाजिक पूर्वधार तथा मनोरन्जनात्मक गतिविधि, सामाजिक सुरक्षा आदि । सहरीकरणका विविध समस्याबाट प्रभावित यस्ता गाउँ तथा नगरीहरु विविध वातावरणीय चुनौतिको पनि सामना गरिरहेका छन् । एकातिर प्राकृतिक प्रकोपले निम्त्याउने भयानक परिस्थिति; र अर्को तर्फ विकासका नाममा खोलानालाहरु, समथल भूमि, ताल एवमं पोखरी जस्ता जलासयहरुको प्राकृतिक दोहनले अनियन्त्रि अतिकमण बड्दो देखिन्छ । त्यतै गरी दिगो विकासको महत्वलाई ध्यानमा नराखी अल्पकालिन फाइदालाई मध्यनजर गर्नाले पनि तिव्र अतिकमण हुदै गइरहेका छन् भने यस्ता क्षत्रहरुमा ढल, नाला एवम् फोहोर-मैला अव्यवस्थित मिल्काइले वातावरण र मानव श्वास्थमा प्रतिकुल असर पर्दै गईरहेको छ ।

धेरै जसो नगरपालिकाहरुमा धेरै अगाडीदेखि नै अव्यवस्थित यातायात, वायुको ह्रासन्मुख गुणस्तर, अव्यवस्थित औधोगिक क्षत्र जस्ता कारणहरुले मानव शरीर पर्ने वातावरणीय ह्रासको नतिजा भोगिसकेका छन् । त्यस्तै गरी गाउँ स्तरमा पनि दिनानुदिन विकासका यस्तै अव्यवस्थित गतिविधिले प्राकृतिक वातावरण लाई कृतिमताले विस्थापित गर्दै गईरहेको अवस्था छ ।आवासको लागि जंगल क्षत्र, खोलाको बगर, सार्वजनिक जग्गा लगायतका ऐतिहासिक भवन जस्ता सार्वजनिक धरोहरमाथिको गैर-कानुनी अतिकमणले प्रकितिक तथा मानव निर्मित वातावरणलाई प्रत्यक्ष वा परोक्ष रुपले असर पुऱ्याईरहेको छ । त्यस्तै गरि आन्तरिक द्वन्द्वको अन्तराल र परिणम स्वरुप विस्थापित व्यक्ति तथा परिवारहरुको

सहरमुखि बसाईसराईले समेत यस्ता गैर-कानुनी आवासको समस्या अझ विकराल बन्दै गइरहेको छ । अव्यवस्थित सहरीकरणले खेतीयोग्य जमिन दिनानुदिन टुक्रिदै गईरहेको छ भने यसको गुणस्तर पनि घट्दो क्रममा छ । त्यस्तै गरी स्थानीय स्तरमा स्वरोजगारका अवसरहरु सृजना गर्न नसक्नाले ठूलो मात्रामा खाद्य पर-निर्भरता तथा बेरोजगारी समस्या उत्पन्न भएको पाइएको छ । यसले गर्दा देशको युवा जमात आधारभुत आवश्यकता परिपूर्तिको लागि तेस्रो मुलुक जान बाध्य छन् । त्यस्तै देशको अराजक स्थिति, अवसरको कमी, राजनैतिक अस्थिरता आदिका कारण प्रतिभा पलायन हुने समस्या अर्को समस्या यथावत छदैछ ।

जनसङ्ख्या वृद्धि र आशातीत आर्थिक विकास बीच तालमेल हुन नसक्नुले पनि धेरै गाउँ तथा सहरहरुमा गरिबी प्रमुख चुनौतीका रुपमा स्थापित हुदै गईरहेको छ । यसले गर्दा स्थानीय स्तरमा गरीएका विकासका कार्यक्रमहरु कम प्रभावकारी बन्दै गईरहेका छन् । स्थानीय स्थिरका विकासका कार्यक्रमहरु योजनाबद्ध, समन्वयात्मक तथा दुरदर्शी भन्दा पनि बडि क्षणिक समस्या निराकरण गर्ने तफ केन्द्रित देखिन्छन् ।

प्रभावकारी योजना तर्जुमा भएतापनि ति योजनाहरुको कार्यन्वयन पक्ष फितलो हुनुले विकासका लक्ष्यहरु प्राप्त गर्न नसक्नु प्रमुख कारणको रुप मा लिन सकिन्छ । त्यस्तै विकास योजनाको कार्यन्वयन हुँदा देखिने अर्को कमजोरी पक्ष भनेको ठेकेदार, कर्मचारी, राजनीतिक दल बीच को सहमति तथा तालमेलमा न्युन गुर्णस्तरीय कार्य गरि एक आपस मा बाडफाड गर्ने  खालको नाफाखोरी प्रथा नरोकिएसम्म र यी सबै पक्ष जवाफदेही नभएसम्म आसातित विकासका प्रतिफल लक्षित वर्ग सम्म पुग्न असम्भव प्राय : हुन्छ । आजको यो प्राबिधिक तथा भूमण्डलीकरणको युग मा पनि  मनाव, संसाधनको कमजोर संस्थागत क्षमता न्युनास्तर को प्राबिधिक ज्ञान तथा स्थानीय राजनीतिक नेत्रीत्वको दूरदर्शीताको अभावले गर्दाले पनि विकास को बाटो लिन नसकेको देखिन्छ ।

नगरपालिकाहरूमा विगतमा सञ्चालित एकिकृत कार्यमूलक योजना (IAP: Integrated Action Planning) मूलतः भौतिक पक्षसँगमात्र लक्षित रहेको देखिन्छ । विशेषतः वडास्तरका समस्याप्रति लक्षित IAP ले नगरस्तरको दूरगामी लक्ष्य तथा आकांक्षालाई समेट्न सकेको थिएन । IAP ले केही नगरपालिकाहरूका भौतिक पक्षमा सुधार ल्याए पनि शिक्षा, स्वास्थ्य जस्ता समाजिक समस्याहरूको निराकरण कम उपलब्धिमूलक रह्यो भने भौतिक र सामाजिक विकास बीचको गहिरो खाडल पुर्न असफल देखियो । विगतका प्रयासहरू सामाजिक समावेशिता, शहरी गरिबी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकास तथा परिचालन, नगरपालिकाको क्षमता अभिवृद्धि गर्ने जस्ता मूल मुद्दाबाट अलग रहेको पाइन्छ । परिमाणतः धेरै नगरपालिकाहरू समग्र विकासको अवधारणाका साथै राष्ट्रिय विकासको मूल प्रवाहमा अहम योगदान गर्नबाट चुक्न गएको देखिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले नगरपालिकाको योजना प्रक्रियामा पुनःसोच (rethink) गरी स्पष्ट रूपमा सहभागितात्मक विकासको आवश्यकता र नगरपालिकाको भौतिक विकासमा दीर्घकालीन सोचसँग सामन्जस्यता राखी तर्जुमा गरेको विस्तृत आवधिक योजना (Periodic Plan), विषयगत उद्देश्य तथा कार्यक्रमहरूलाई समावेश गर्नुपर्ने कुरामा जोड दिएको छ । स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले ५ वर्षको कार्यतालिका समाविष्ट रहेको आवधिक योजना तथा योजना निर्माण र स्वीकृतिको प्रक्रिया समेतको आवश्यकतालाई औंल्याएको छ । आवधिक योजनाले वडा भेलाबाट प्राप्त तत्काल सम्वोधन गर्नुपर्ने समस्याको निराकरण गर्ने र अल्पकालीन कार्ययोजनासँग पनि सामन्जस्यता कायम गर्नुपर्ने व्यवस्था छ । दशौं योजना (सन् २००२-२००७) ले नगरपालिकाको आवधिक योजना निर्माणलाई प्राथमिकता दिई आवश्यक प्राविधिक सहयोगको समेत व्यवस्था गरेको छ । सन् २००२ मा स्थानीय विकास मन्त्रालयद्वारा "आवधिक योजना तयार गर्ने निर्देशिका" समेत तयार तयार भएको छ ।

## १.२ आवधिक योजना सम्वन्धी व्यवस्था

### १.२.१ आवधिक योजनाको परिभाषा

नगरको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न सामान्तया ५ वर्ष अवधिका लागि तयार परिएको दस्तावेज नगरपालिकाको आवधिक योजना हो ।

यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, सिद्धान्त, रणनीति र कायनीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिएको हुन्छ ।

## १.२.२ नीतिगत र कानूनी व्यवस्था

स्थानीय निकायहरूको जिम्मेवारी पूरा गर्न क्षमता अभिवृद्धिमा जोड दिने र ती निकायहरूलाई स्थानीय विकासको प्रमुख इकाइका रूपमा विकास गरी जनउत्तरदायी बनाउने नीति दशौं योजनाको रहे पनि अद्यापि सो नीति सान्दर्भिक छ । उक्त नीति हासिल गर्ने प्रयोजनका लागि आवधिक योजनाले ठोस सहयोग पुऱ्याउने देखिन्छ । यस सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १११(१) ले प्रत्येक नगरपालिकाले आवधिक योजना बनाउनु पर्ने अनिवार्य व्यवस्था गरी आवधिक योजनामा समेट्नु पर्ने देहाय बमोजिमका विषयहरू उल्लेख गरेको छ :

१. नगरको भौगोलिक, आर्थिक एवं प्राकृतिक सम्पदाहरूको वर्तमान उपयोग ।

२. विभिन्न क्षेत्रमा तुलनात्मक लागत एवं लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरू ।

३. पिछडिएका जातजातिहरू एवं गरिबी भएको क्षेत्र तथा त्यस क्षेत्रमा गरिएका वा गरिनुपर्ने विभिन्न विकास कार्यहरू ।

४. महिला र बालबालिकाको लागि आयमूलक र सीपमूलक कार्यहरू ।

५. सम्पन्न भएका बिभिन्न विषय क्षेत्र अन्तर्गतका आयोजनाहरूको विवरण र तिनीहरूको संचालन तथा सम्भार सम्बन्धी व्यवस्था ।

६. विकासका सम्भावनाका आधारमा विभिन्न विषय एवं क्षेत्रगत अल्पकालीन एवं दीर्घकालीन विकास कार्यहरू ।

७. स्थानीय बासिन्दाबाटै तयार गरिनु पर्ने बिभिन्न विषय क्षेत्रका जनशक्ति विकास सम्बन्धी योजना ।

त्यसैगरी, स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १३५(१)ले आवधिक योजना बनाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था उल्लेख गरेको छ :

१. ऐनको दफा १११ को उपदफा (६) बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रको विकासका लागि कम्तीमा पांच वर्षको आवधिक योजना तर्जुमा गर्नुपर्ने छ ।

२. उपनियम (१) बमोजिम तर्जुमा गरिने आवधिक योजनामा योजनाको दीर्घकालीन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी नगर क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, श्रोत परिचालन तथा आयआर्जनका सम्भावना, सरकारी एवं निजी क्षेत्रको लागत सहभागिता लगायत नगरपालिकाले गर्ने काम समावेश भएको हुनुपर्ने छ ।

३. आवधिक योजना तर्जुमा गर्दा विषयगत समितिसँग परामर्श गरी विषयगत क्षेत्रका कार्यक्रमलाई समावेश गरी अन्तिमरूप दिनुपर्ने छ ।

माथिको व्यवस्थाका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १११ (७) अनुसार नगरपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरूलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी प्रत्येक नगर क्षेत्रको विकासको निमित्त नगरस्तरीय वस्तुगत तथ्याङ्क सङ्कलन गरी वस्तुस्थिति देखिने श्रोत नक्सा तयार गर्नुपर्ने व्यवस्था ऐनको दफा ११२ मा उल्लेखित छ ।

### १.२.३ राष्ट्रिय तथा जिल्ला आवधिक योजनासँगको सम्बन्ध

गाउँ र नगरको योजनावद्ध विकासबाट नै राष्ट्रिय विकास सम्भव हुन्छ । विकासका निम्ति स्थानीय बासिन्दाहरू नै योजनाकार र कार्यान्वयनकर्ता हुन् । राष्ट्रिय योजना आयोगबाट तर्जुमा भएको निर्देशिकाको आधारमा जिल्लाको समग्र विकासका लागि अधिकांश जिल्लाहरूले आवधिक योजना तर्जुमा गरिसकेका छन् । राष्ट्रिय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्नमा नगरपालिकाहरू को आवधिक योजनाले महत्वपूर्ण टेवा पुऱ्याउँछ । राष्ट्रिय, जिल्ला र नगरपालिका स्तरका योजनाहरूकाबीच आवश्यक सन्तुलन, समन्वय र अन्तरसम्बन्ध हुनु जरुरी छ । त्यस्तो सम्बन्धले एक अर्काबीच तालमेल भई प्रभावकारिता कायम हुने र दोहोरोपना (duplication) हट्न सहयोग मिल्छ । नगरपालिकाको आवधिक योजना बनाउँदा नगरपालिकासँग जोडिएका गाउँ विकास समितिहरूको वार्षिक तथा आवधिक योजना तर्जुमा भएको भए त्यसलाई समेत ध्यान दिनु नितान्त जरुरी हुन्छ ताकी आपसी योजना बीच तादम्यता राख्न सकियोस् ।

### १.२.४ नगरपालिकाको संघीय तथा प्रान्तीय आवधिक योजनासँगको सम्बन्ध

राष्ट्रको उन्नती र सम्बृद्धि गाउँ तथा नगरको योजनाबद्ध विकासबाट नै सम्भव हुन्छ । विकासको कार्यक्रम र आवश्यकताको बारेमा स्थानीय सरोकारवालाहरु नै वढि जानिफकार हुन्छन् । त्यसैले स्थानीय बासिन्दाहरु नै योजनाकार र कार्यान्वयनकर्ता हुन् । राष्ट्रिय योजना आयोगले निर्दिष्ट तथा तर्जुमा गरेपको निर्देशिकाको आधारमा अधिकांश जिल्लाहरुले जिल्लाको समग्र विकासको लागि आवधिक योजनाको तर्जुमा गरिसकेका छन् । राष्ट्रिय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नमा नगरपालिका/नगरपालिको आवधिक योजनाले महत्वपूण टेवा पुऱ्याउछ । त्यसैले योजना तर्जुमा गर्दा राष्ट्रिय, जिल्ला र नगरपालिका/नगरपालिका यी विभिन तहमा समन्वय तथा सहकार्य हुन आवश्यक हुन्छ । त्यसो भएमा यी विभिन्न स्तरका योजनाहरुको वीच राम्रो तालमेल भई प्रभावकारीता कायम हुने र दोहोरोपन (duplication) समेत हटाउन सहयोग गर्छ । नगरपालिका/नगरपालिकाको आवधिक योजना बनाउँदा यसको सिमानामा जोडिएका नगरपालिका /नगरपालिकाहरुको वार्षिक तथा आवधिक योजना तर्जुमा भएको भए त्यस्ता योजनाहरुलाई समेत हेर्नुपर्छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययन कार्यको उद्देश्य, स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानीय विकास मन्त्रालयको आवधिक योजना तजुमा निर्देशिका २०५९ ले आवधिक योजनालाई परिभाषित गरेको नगरको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालिन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेजमा निर्धारित लक्ष्य र उद्दैश्यहरु हासिल गर्न सिद्धान्त रणनीति र कार्यनीति तथा प्रमुख क्रियाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको भन्ने भावना अन्तर्गत रही नगरपालिकाको आवधिक योजना तर्जुमा गर्नु रहेको छ ।

कार्यक्षेत्रगत सर्तहरु (TOR) मा उल्लेख भएअनुसार यस आवधिक योजना तजुमा अध्ययनको उद्देश्य निम्नानुसार छन :

(क) स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ द्धारा निर्दिष्ट प्रावधान अन्तरगत आवधिक योजना तजुमा निर्देशिका तथा स. वि. तथा भ.नि. वि. को आधिकारिक निकायद्धारा निर्देशित नगरपालिकाको योजना निर्माण गर्ने ।

(ख) उ. न. पा. को दीर्घकालिन सोचअनुरुप विकास लक्ष्य प्राप्त गर्न दीर्घकालीन सोच प्रस्तुतीकरण र गुरुयोजनाको तर्जुमा गर्ने ।

(ग) उ. न. पा. को सर्वाङ्गीण विकासको उद्देश्य लिएको यस आयधिक योजना अन्तर्गत भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन ज्स्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकारवालाहरु (Stakeholders) को पहिचानलाई समेत समेटी अल्पकालिन, दीर्घकालिन एवम् सहभागितामूलक योजना लगानी तयार गर्ने ।

## १.४ अध्ययन सीमा

आवधिक योजना तजुमा गर्दा त्यसमा समावेश हुने कतिपय विषय तथा क्षेत्र कानुनी रुपमा नगरपालिकाको कार्यक्षेत्रमा पर्ने हुनाले नगरपालिकाको पूर्ण नियन्त्रण, निर्देशन र सुपरिवेक्षणमा सञ्चालन हुन सक्छन भने कतिपय बिषय तथा क्षेत्रहरुमा नगरपालिकाले पथप्रर्दशन मात्र गर्न मिल्छ ।

त्यसैले नगरपालिकाको कार्यक्षेत्र तथा पूर्ण नियन्त्रणमा रहने क्षेत्रहरुको सन्दर्भमा भने आवधिक योजना तर्जुमा गर्दा नगरपालिकाको मातहतमा रही विस्तृत रुपमा तयार गर्न सक्छ । नगरपालिकाले त्यसैको आधारमा बार्षिक कार्यक्रमका ढाँचा तय गरी कार्यक्रम तजुमा र कार्यन्वयन गनुपर्छ । तर, नगरपालिकाले विकासका कार्यक्रममा संघिय सरकार, प्रादेशिक सरकार, स्थानी तह, विकास कार्यक्रममा संलग्न गैर सरकारी संघ संस्थाहरु, सामुदायीक संघ संस्था, नीजि क्षेत्रका कार्यक्रम, सहकारी संस्था तथा वैदेशीक श्रोतबाट संचालित कार्यक्रमहरुलाई नगरपालिकाको आवधिक योजनाले नितीगत आधार र प्राथमिकताका आधारमा निर्देशित गर्न तथा गराउन मात्र सक्छ । नगरपालिकाले आवधिक योजना तजुमा गर्दा,संघीय सरकारका योजनामा परेका प्रदेश सरकारको योजनामा परेका अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना तथा संघिय सरकारका र प्रदेश सरकारका नितीहरुसँग समन्वय कायम  गराएर गर्नुपर्ने हुन्छ ।

त्यस्तै नेपाल सरकारले संघीय प्रादेशिक सरकार शुरु भए सँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू गरी उक्त ऐनमा उल्लेख भए अनुसार नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने अनिवार्य गरेको छ । यसरी योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुल विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान पुऱ्याउनुपर्ने उल्लेख गरेको छ ।

योजना बनाउदा निम्न विषयलाई प्राथमिकता दिनुपर्ने प्रावधान समेत राखिएको छ :

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोगा हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समाावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

यीनै विषयको सेरोफेरोमा रहेर आवधिक योजना तय गर्दा यी सवै पक्षहरु समावेश गरिएको हुनुपर्छ । नगरपालिकाको आवधिक योजना नगरपालिका क्षेत्रको विकासको समग्र पक्षहरुलाई समेटी, Spatial योजनाको बिशेषताहरुलाई समेत ध्यानमा राखी गरिएको बहुविषयगत एकीकृत स्वरुपका सम्बन्धमा स्पष्ट धारणा बनाएर मात्र योजना तर्जुमा गर्नेतर्फ अग्रसर रहनुपर्छ ।

**यस अध्ययन कार्यले प्रस्तुत गरेका दस्तावेजहरु निम्नानुसार छन् :**

**नगरपालिकाको पाश्वचित्र**

- सबल/दुर्वल तथा चुनौती/अवसरको पहिचान एवम् विश्लेषण
- नगरपालिकाको दीर्घकालिन सोचअनुरुप भौतिक विकास गुरुयोजना तर्जुमा
- भौतिक विकास तथा पूवधार, वातावरण, सामाजिक, आर्थिक, वित्तिय संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरुसँग सम्बद्ध विषयगत दीर्घकालिन सोचअनुरुप तर्कबद्ध प्रणालीमा आधारित लक्ष्य, उद्देश्य, नतिजा तथा कार्यक्रमहरुको पहिचान
- बहुक्षेत्रगत लगानी योजना
- कार्यन्वयन रणनीति सुझाव तथा अनुगमन

## १.५ योजना तर्जुमा प्रकृया (Planning Process)

### १.५.१ दृष्टिकोण (Approach)

आवधिक योजनाका उद्देश्यहरूको परिपूर्तिको लागि निम्नानुसारको दृष्टिकोण अपनाइएको छ :

१. नगरस्तरको यस आ.यो.लाई राष्ट्रिय, उपक्षेत्रीय, जिल्ला स्तरीय तथा स्थानीय स्तरका योजनासँग आवद्ध गरी विकास योजना प्रणालीको एक महत्वपूर्ण अंगको रूपमा हेरिएको ।

२. विगतमा नगरपालिकाहरूका लागि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको एकीकृत कार्यमूलक योजनाले प्रयोगमा ल्याएका अवधारण र प्रकृयालाई आवश्यक परिमार्जन सहित अपनाइएको ।

३. निर्देशक समिति, विषयगत उप-समितिहरूको गठन, २२ वटै वडामा नागरिक समाज, बुद्धिजीवी तथा प्रबुद्ध व्यक्तिहरू समाविष्ट सहभागितात्मक परामर्श संयन्त्रको गठन गरिएको ।

४. वर्तमान वस्तुस्थितिको विश्लेषणको आधारमा समस्या, सवालहरू तथा चुनौती र अवसरहरूको पहिचान गरी वस्तुस्थिति र समस्या/सवालहरूको आधारमा लक्ष्य, उद्देश्य तथा नतिजाहरू/कार्य नीतिको प्रतिपादन गरी तर्कवद्ध प्रणालीमा आधारित विविध विषयगत योजनाहरू तथा दीर्घकालीन भौतिक विकास योजनाको तर्जुमा र कार्यक्रमहरूको प्रस्तावना गरिएको ।

५. तर्जुमा गरिने दीर्घकालिन भौतिक विकास योजना नगरको सर्वाङ्गिण विकासको लागि निर्धारण गरिएको 'दीर्घकालिन सोच' बाट निर्देशित गरिने तथा अल्पकालिन विषयगत योजनाहरूको लागि स्थानगत आधार प्रदान गरिएको ।

६. बहु-क्षेत्रगत लगानी योजना अन्तर्गत कार्यक्रमहरू/आयोजनाहरू पहिचान गर्दा विगतमा सफलतापूर्वक सम्पन्न गरिएका उत्कृष्ट प्रयोगहरूलाई समावेश गर्ने प्रयास गर्ने तथा आय श्रोतको वास्तविक धरातललाई दृष्टिगोचर गरी लगानी योजना प्रस्ताव गरिएको ।

### १.५.२ कार्य विधि

आवधिक योजना तयार गर्दा अपनाईएको विस्तृत प्रक्रियाको चित्रांकन चित्र १-१ मा प्रस्तुत गरिएको छ।




चित्र २.१ : आवधिक योजनाको तर्जुमा प्रक्रिया

## तयारी

**(क)** आवधिक योजना तर्जुमा प्रक्रिया अगाडि बढाउनु पूर्व नगरपालिकाका कर्मचारीहरुलाई योजना तर्जुमा प्रक्रिया सम्बन्धी अभिमुखिकरण गर्ने र प्राप्त जानकारी कर्मचारी मार्फत् गाउँवासी एवम् सरोकारवालासम्म पुऱ्याउने हेतुले नगरपालिकाको कार्यलय भवनमा नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत लगायत अन्य कर्मचारीहरु समक्ष प्रस्तुतीकरण गर्ने कार्यक्रम सम्पन्न भएको छ ।

(१) नगरपालिकाको आवधिक योजना तर्जुमा विषयमा छलफल गरियो ।

(२)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई विस्तृत अध्ययन गरी यसैको मातहतमा रही स्पष्ट VISION तयार गरी आवधिक योजना तर्जुमा गरिने निर्ष्कषमा पुगियो

(३) यसै क्रममा राजनीतिक दल, बुद्धिजीवी, Line Agencies, उद्योग व्यपार संघसँग सम्बन्धित संघ संस्थाहरुसँग फरक फरक अन्तर्किया कार्यक्रम गरी आवधिक योजनाबारे छलफल गरी गाउँ भेला आयोजना गर्ने र निर्देशक समितिको गठन आवश्यकता अनुसार गर्ने निणर्य गरियो ।

यस्तै गरी आवधिक योजना कार्यक्रमलाई अगाडी वढाउने क्रममा अझ बृहत रुपमा छलफलका कार्यक्रमहरु राखियो । मिति २०७८/१०/१२ देखि २०७८/१०/२५ सम्ममा सबै वडाहरुमा जनसहभागिता भेला गराई छलफलमा वडाका समस्याहरु र सुझाव संकलन गर्ने कार्य र ती समस्याहरुको शीर्षकअनुसार प्राथमिकीकरण गर्ने कार्य सम्पन्न गरियो । साथै, वडाध्यक्षको उपस्थितिमा गरिएको यो भेलाको कार्यक्रममा वडाका समस्याहरुको SWOT विष्लेषण पनि सम्पन्न गरियो ।

**दीर्घकालीन सोच निर्धारण**

**अग्रणी क्षेत्रहरुको पहिचान**

समुहगत अग्रणी क्षेत्रको विवरण र नगरपालिकाको योजनाको सम्बन्धमा बृहत् छलफल गरी प्रस्तुत गरिएका अग्रणी क्षेत्र, सहायक क्षेत्र, प्रमाणित गर्ने आधार, सवल र दर्वल पक्ष समेतको अध्ययन भई निम्नानुसारका अग्रणी क्षेत्र पहिचान गरी आवधिक योजनाको कार्यक्रम परिलक्षित गर्न र नगरपालिकास्तरीय योजना समेत स्तरीकृत गर्ने निर्णय गरियो ।

**अग्रणी क्षेत्रहरु :**

(क) कृषि

(ख) उद्योग व्यापार

(ग) पर्यटन

(घ) शिक्षा

**योजना तयारी कार्यशाला :** आवधिक योजना तर्जुमा गर्ने शीलशीलामा मिति २०७८/१०/१२ देखि २०७८/१०/२५ सम्ममा सबै वडाहरुमा बृहत् छलफलका कार्यक्रमहरु राखियो । उक्त छलफलमा विभिन्न सरोकारवालाहरु, बुद्धिजिवि, महिला, दलित, राजनैतिक दलका प्रतिनिधिहरु, व्यपारी, उद्यमी, सुकुम्बासी जस्ता सीमान्तकृत वर्ग लगायतका स्थानीय समाजसेवी तथा वडा वासीहरु समक्ष छलफल गरी समस्या संकलन गरी शीर्षक अनुसार प्राथमिकिकरण गर्ने कार्य उक्त वडा भेलामा गरियो । साथै, ती समस्याहरुको सामुहिक छलफलबाट SWOT विश्लेषण गर्ने कार्य पनि सम्पन्न गरियो ।

लामो अन्तर्किया र छलफल पछि बिषयगत क्षेत्रहरु सँग सम्बद्ध समस्या, सवाल र चुनौती/अवसरहरुका विषयमा सम्बन्धित बिषयगत समितिहरुको भेला गरीयो । उक्त भेलामा विषयगत उप समितिद्धारा तयार परिएका योजनाहरु निर्देशक समिति समक्ष प्रस्तुत गरी योजनालाई अन्तिम रुप दिईयो । यसका साथै पालिकाका प्रमुख समस्या र भविष्यमा देखिन सक्ने सम्भावित समस्याहरुको बारेमा विस्तृत छलफल गरी आवधिक योजनामा समावेश गरियो ।

## १.६ तथ्याङ्क संकलन तथा विश्लेषण

### तथ्याङ्क संकलन

(क) आवधिक योजना तर्जुमा गर्ने क्रममा यस कार्यलाई आवश्यक पर्ने सम्पूर्ण प्राथमिक तथा द्धितिय तहको तथ्यांक संकलन गरियो । यस सन्दर्भमा नगरपालिकाको क्षेत्रसँग सम्बन्धित बिभिन्न पुस्तक, लेख, अनुसन्धनात्मक कृतिहरु, नगरपालिकाको वार्षिक प्रतिवेदन/भौतिक विकास योजना प्रतिवेदन, एकिकृत कार्यमूलक योजना (IAP: Integrated Action Plan) प्रतिवेदन, वार्षिक कार्यक्रम, आवधिक योजना तर्जुमा निदेशिका, योजना मापदण्ड, टोपोग्राफिक नक्साहरु, आदिको संकलन तथा अध्ययन गरिएको छ । तथ्याङ्क संकलन गर्ने सिलशिलामा नगरपालिका स्तरीय, वडा स्तरीय तथा टोल स्तरीय छलफल गरियो ।




*वडा १*




*वडा २*




*वडा ३*





*वडा ४*





*वडा ५*





*वडा ६*





*वडा ७*





*वडा ८*



*वडा ९*

*वडाहरुमा सम्पन्न भेलाहरु तथा तथ्याङ्क संकलन का झलक*

## तथ्याङ्क विश्लेषण

संकलित तथ्याङ्कहरु आवश्यकतानुसार विश्लेषण गरी प्रतिवेदन तयार गरियो ।

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

**विषयसूची**


| | | | |
|---|---|---|---|
| २.१ | नगरपालिकाको चित्रण | ........................ | ४ |
| २.१.१ | भौगोलिक अवस्थिति , राजनीतिक र प्रशासनिक संरचना | ........................ | ४ |
| २.१.२ | प्राकृतिक तथा साँस्कृतिक सम्पदा | ........................ | ७ |
| २.१.३ | जनसांख्यिक अवश्था | ........................ | ८ |
| २.१.४ | भू-आवरण तथा भू-उपयोग | ........................ | ९ |
| २.१.५ | जलवायु | ........................ | ११ |
| २.२ | आर्थिक विकास अवस्था | ........................ | ११ |
| २.२.१ | कृषि तथा खाद्य सुरक्षा | ........................ | ११ |
| २.२.२ | पर्यटन तथा सँस्कृति | ........................ | १२ |
| २.२.३ | उद्योग, व्यापार, व्यवसाय र आपूर्ति | ........................ | १५ |
| २.२.४ | आम्दानी, रोजगारी र वित्तीय सेवा | ........................ | १५ |
| २.३ | सामाजिक विकासको अवस्था | ........................ | १५ |
| २.३.१ | स्वास्थ्य तथा पोषण | ........................ | १५ |
| २.३.२ | शैक्षिक विकास | ........................ | १८ |
| २.३.३ | खानेपानी तथा सरसफाइ | ........................ | २० |
| २.३.४ | युवा, खेलकुद तथा कला | ........................ | २२ |
| २.४ | पूर्वाधार तथा शहरी विकासको अवस्था | ........................ | २२ |
| २.४.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ........................ | २२ |
| २.४.२ | सडक, पुल तथा यातायात | ........................ | २४ |
| २.४.३ | विद्युत् तथा वैकल्पिक ऊर्जा | ........................ | २६ |
| २.४.४ | सूचना, सञ्चार तथा प्रविधि | ........................ | २७ |
| २.५ | वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था | ........................ | २७ |
| २.६ | सुशासन तथा संस्थागत व्यवस्था | ........................ | ३० |
| २.७ | सामाजिक विवरण | ........................ | ३१ |
| २.८ | भौतिक अवस्था | ........................ | ३२ |

## चित्रहरु

चित्र २.१ उर्लाबारी नगरपालिकाको अवस्थिति........................................................ ६
चित्र २.२ भू-आवरण तथा भू-उपयोग ....................................................................१०
चित्र २.३ संगठनात्मक तथामानव संशाधनको अवस्था.............................................. ३१

## तालिकाहरु

तालिका नं. २.१ : राजनीतिक तथा प्रशासनिक विभाजन ..................................................... ५
तालिका नं. २.२ : मुख्य स्थानिय चाँडपर्व तथा जात्राहरु...................................................... ७
तालिका नं. २.३ : वडा अनुसार घरधुरी तथा जनसङ्ख्याको वितरण ........................................... ८
तालिका नं. २.४ : जनसङ्ख्याको प्रक्षेपण ................................................................... ९
तालिका नं. २.५ : कृषि उत्पादन (टनमा) .................................................................. ११
तालिका नं. २.६ : खाद्य सुरक्षा ............................................................................ १२
तालिका नं. २.७ : पर्यटकीय स्थलहरु....................................................................... १३
तालिका नं. २.८ : धर्मिक तथा ऐतिहासिक स्थानहरुको नाम ..............................................१४
तालिका नं. २.९ : स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को विवरण ... १६
तालिका नं. २.१० : गर्भवति महिलालाई नियमित रुपमा स्वास्थ्य परिक्षण ...................................... १६
तालिका नं. २.११ : गर्भवती महिलाले नियमित रुपमा तालिम प्राप्त स्वास्थ्यकर्मीहरु बाट स्वास्थ्य जाँच को विवरण .. १७
तालिका नं. २.१२ : उर्लाबारी नगरपालिकामा रहेका शैक्षिक संस्थाहरु सम्बन्धी विवरण ............................१८
तालिका नं. २.१३ : संस्थागत निजि विद्यालयको नाम ......................................................१९
तालिका नं. २.१४ : सारक्षरता विवरण ......................................................................२०
तालिका नं. २.१५ : खानेपानीको श्रोतको विवरण.......................................................... २१
तालिका नं. २.१६ : शौचालय प्रयोगको अवस्था............................................................ २१
तालिका नं. २.१७ : खेलमैदानहरु ........................................................................... २२
तालिका नं. २.१८ : बस्तिहरु ............................................................................... २३
तालिका नं. २.१९ : घरको तला आधारमा घरधुरीको विवरण............................................... २३
तालिका नं. २.२० : घर र भवनको स्वामित्व विवरण .......................................................२४
तालिका नं. २.२१ : सडक सञ्जालको विद्यमान अवस्था ....................................................२४
तालिका नं. २.२२ : मोटर बाटोको सुविधा अनुसार घरपरिवार विवरण.................................... २५
तालिका नं. २.२३ : सम्म जाने सडकको किसिम अनुसार घरपरिवार विवरण............................... २५
तालिका नं. २.२४ : झोलुंगे पुल तथा पुलपुलेसा ........................................................... २६
तालिका नं. २.२५ : खाना पकाउने इन्धनको आधारमा घर परिवार....................................... २६
तालिका नं. २.२६ : नगरपालिकामा संचालित संचारका साधनहरु .......................................... २७

तालिका नं. २.२७ : वन व्यवस्थापन सम्बन्धी विवरण (सरकारद्धारा व्यवस्थित, सामुदायिक, कबुलियती, धार्मिक ..... २८
तालिका नं. २.२८ : भू-उपयोग ........................................................................ २९
तालिका नं. २.२९ : खुलाक्षेत्र तथा खेल मैदन सम्बन्धी विवरण ............................................ ३०
तालिका नं. २.३० : सडक सञ्जालको विद्यमान अवस्था ................................................... ३२
तालिका नं. २.३१ : मोटर बाटोको सुविधा अनुसार घरपरिवार विवरण ....................................... ३२

# परिच्छेद २ : नगरपालिकाको वर्त्तमान अवस्था र विश्लेषण

## २.१ नगरपालिकाको परिचय

तत्कालिन मधुमल्ला गा. वि. स. को वडा नं. ५, ९ र लेटांग गा. वि. स. को वडा नं. ७, ८ र ९ को क्षेत्र मिलाई २०३५ सालमा उर्लाबारी गाउँ पञ्चायतको रुपमा स्थापना भएको यो उर्लाबारी नगरपालिका हाल मोरङ्ग जिल्लाको विराटनगर पछिको दोश्रो ठूलो सहरको रुपमा परिचित छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडी (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र मानवीय बसोवासको बृद्धि तथा वन फडाँनी सँगै शाब्दिक परिवर्तन समेत सँग-सँगै हुदैजाँदा आधुनिक उर्लाबारी नगरीको रुपमा विकसित भई अहिले आफ्नो छुट्टै पहिचान स्थापित गर्दै एक सुन्दर नगर बन्ने पाटोमा आफूलाई परिचित गराउँदै छ । उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते सिमसार हुनु र यसको प्रबर्द्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ ।

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१।०१।२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३।११।२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँ पालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

**भौगोलिक अवस्था**

समुन्द्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । यस नगरमा करिव ७०,६०५ जनसंख्या मध्ये ५१.१३ प्रतिशत महिला र ४८.८७ प्रतिशत पुरुष सहित १३७६१ घरधुरी रहेको पाइन्छ । अधिकांश भू-भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडि ( ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ । उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते सिमसार हुनु र यसको प्रबर्द्धनमा नगरपालिका तथा स्थानीय स्तरमा भएको प्रयासले यस नगरपालिकाले पर्यटन विकासमा बढी संभावना बोकेको देखिन्छ ।

मोरङ्ग जिल्लाको लगभग बिच पूर्वी भागमा अवस्थित २६.५५० देखी २६.७२० अक्षांश र ८७.५७० देखि ८७.६५० देशान्तर र समुन्द्रि सतहबाट ११६ मि. देखि १६४ मि. उचाई सम्म फैलिएको यो नगरपालिका तराई मैदान र आवादी क्षेत्र भएकोले यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्रहरु प्रसस्त मात्रामा रहेको पाइन्छ । यहाँको केही भागमा धार्मिक

तथा कबुलियत वन पाउन सकिन्छ । उष्ण मनसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा दक्षिण तर्फ तापक्रम बढी हुने गर्दछ । यस नगरपालिकालाई पूर्व(पश्चिम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको छ । अधिकांश भू-भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ ।

**राजनीतिक र प्रशासनिक संरचना**

प्रदेश नं. १ को मोरङ्ग जिल्लामा पर्ने उर्लाबारी नगरपालिका साबिकको मधुमल्ला, राजघाट र उर्लाबारी नगरपालिकासमेटिएर बनेको हो । यस नगरपालिकामा जम्मा ९ वटा वडाहरू छन् जसको क्षेत्रफल ७४.६२ वर्ग कि. मि. रहेको छ । यस नगरपालिका पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकाको विचमा अवस्थित छ ।

**तालिका नं. २.१ : राजनीतिक तथा प्रशासनिक विभाजन**

| **नाम** | **:** | **उर्लाबारी नगरपालिका, मोरङ्ग जिल्ला, प्रदेश नं. १, नेपाल** | |
|---|---|---|---|
| नगरपालिका घोषणा मिति | : | २०७३ साल फागुन महिना | |
| नगरपालिका मा समावेश भएका तत्कालिन गा. वि. स. हरु | : | साविक उर्लाबारी नगरपालिका, साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडाहरु ७, ८ र ९ | |
| भौगोलिक अवस्थिती | : | | |
| अक्षांश | : | २६.५५० देखी २६.७२० अक्षांश | |
| देशान्तर | : | ८७.५७० देखि ८७.६५० देशान्तर | |
| औसत उचाई | : | समुन्द्रि सतहबाट ११६ मि.देखि १६४ मि. | |
| क्षेत्रफल | : | ७४.६२ वर्ग किमि | |
| वडा संख्या | : | ९ | |
| | | **वडा नं.** | **समावेश गा. वि. स.** |
| | | १ | मधुमल्ला(७-९) |
| | | २ | उर्लाबारी(७-९) |
| | | ३ | उर्लाबारी(६) |
| | | ४ | उर्लाबारी(१,५) |
| | | ५ | उर्लाबारी(२) |
| | | ६ | उर्लाबारी(३) |
| | | ७ | उर्लाबारी(४) |
| | | ८ | राजघाट(१-४,९) |
| | | ९ | राजघाट(५-८) |
| उर्लाबारी नगरपालिकाको सीमााना | : | पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिका | |
| जलवायु | : | तराई, उष्ण मनसुनी | |
| घरधुरी संख्या | : | १३,७६१ (नगर पार्श्वचित्र २०७६) | |
| जनसंख्या | : | ७०६०५ (नगर पार्श्वचित्र २०७६) | |
| मुख्या पेशा | : | कृषि तथा पशुपालन | |
| विद्यालय संख्या | : | सामुदायिक विद्यालय २२, निजि ३३ | |
| साक्षरता प्रतिशत | : | ७८.६ प्रतिशत | |

| | | |
|---|---|---|
| मुख्य धर्म | : | हिन्दु, किराँत, वौद्ध र प्रकृति |
| मुख्य भाषा | : | नेपाली, लिम्बु |
| मुख्य समुदाय | : | क्षेत्री, ब्राम्हण, लिम्बु, नेवार, धिमाल, राई, तमाङ्ग |
| मुख्य खाद्यान्न | : | धान, मकै, गहुँ |
| मुख्य घरपालुवा जनवार | : | गाई, भैंसि, बाखा तथा गोरु |
| सञ्चार सुविधा | : | मोबाइल |
| खानेपानीको सुविधा | : | धारा |




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**चित्र २.१ उर्लाबारी नगरपालिकाको अवस्थिति**

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

**प्राकृतिक सम्पदा**

जिल्लाको मध्य तथा दक्षिणी भागमा पर्ने यस क्षेत्रमा घना जंगल र बेतनि सिमसार क्षेत्र तथा वनहरु प्रशस्त मात्रामा छन् । उष्ण मनुसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा तापक्रम बढी हुने गर्दछ । आधा दर्जन जति नदी नालाहरु रहेकोले पानीको श्रोत प्रशस्तै रहेको पाइन्छ । वेतनि सिमसार क्षेत्र, संग्रहालय तथा धिमाल जातिको संस्कृतिले यस नगरको आफ्नै विशिष्टता ओगटेको छ । जसमा अन्य विभिन्न सिमसार क्षेत्रहरुले यस नगरपालिकाको प्राकृतिक सुन्दरतालाई टेवा पुऱ्याईरहेको छ ।

**साँस्कृतिक सम्पदा**

देशका अन्य भागमा जस्तै यस नगरपालिकाका वासिन्दाहरुले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्ना जाति र धर्म विशेषका चाडपर्वहरु र रीतिरिवाजहरु मान्दछन् । अन्यत्र जस्तै यहाँ पनि विभिन्न धर्म संग आवद्ध व्यक्तिहरुले विशेष चाडपर्वहरु आफ्नै-आफ्नै ढंगबाट (फरक-फरक) तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागतरु पमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, राम नवमी, शिवरात्री, फागुपुर्णिमा, नाग पञ्चमी, माघे सक्रान्ती, जितिया, साउने सक्रान्ती, कृष्ण जन्माष्टमी, इद, कुर्वानी तथा अन्य चाडपर्वहरु परम्परागत रुपमा मनाइन्छ । यस नगरपालिकामा आधुनिक र परम्परागत दुवै शैलिको मानव वस्ति रहेको र सोहि अनुरुप चाडपर्वहरु पनि मनाँईदै आएको पाईन्छ । यहाँ धिमाल समुदायको भने आफ ै भाषा रहनसहन भेषभूषा परम्परा र संस्कार रहेको भेटिन्छ ।

**तालिका नं. २.२ : मुख्य स्थानिय चाँडपर्व तथा जात्राहरु**

| क.सं. | मनाईने महिना | चाडपर्व/ जात्रा / मेलाहरुको नाम |
|---|---|---|
| १ | बैशाख | बुद्धजयन्ती, साकेला/उभौली पर्व,मेष संक्रान्ति |
| २ | जेठ | वृष संक्रान्ति, बकर इद, ढड्ढडेर असाढेपूजा |
| ३ | असार | धिमल समपन    मेला, प्रक्रिती पूजा, मिथुन संक्रान्ति, जत्रीर ढड्ढडेर असाढेपूजा, |
| ४ | श्रावण | राखि, नाग पञ्चमी, साउने संकान्ति/कर्कटसंक्रान्ति |
| ५ | भाद्र | कृष्ण जन्माअष्टमी, जितिया, चौथीपर्व , ,सिंह संक्रान्ति |
| ६ | असोज | वह, विश्वकर्मा पूजा, दशैं/दुर्गा मेला, कन्या संक्रान्ति |
| ७ | कार्तिक | दीपावलि, छठ, महागुरु फाल्गुनन्द जयन्ती,म्हस् पूजा |
| ८ | मंसिर | साकेला/उधौली पर्व |
| ९ | पौष | उधौली पर्व, तमु ल्होसार, तोल ल्होसार, क्रिस्मस, धान्य पूर्णिमा ,योमरी पुन्हि |
| १० | माघ | माघे संकान्ति, सोनाम ल्होसार, विवाह पञ्चमी मकर संक्रान्ति , साकेला, |
| ११ | फाल्गुन | ग्याल्पो ल्होसार, होलि, महाशिवरात्री, कुम्भ संक्रान्ति, स्वस्थानी, |
| १२ | चैत्र | महावीर जात्रा, रामनवमी, चैते दशैं, चैते छठ, मीन संक्रान्ति, |

*श्रोतः नगर पार्श्वचित्र २०७६*

### २.१.३ जनसांख्यिक अवश्था

वडा अनुसार घरधुरी तथा जनसङ्ख्याको वितरण तल प्रस्तुत गरिएको छ । तलको तालिकानुसार २०७६ सालको जनसँख्या ७०,६०५ रहेको छ जस अनुसार लैंगिक अनुपात ०.९६ (पुरुष / महिला) र यिनीहरु १३,७६१ घरधुरीहरुमा बसोबास गर्छन् । यहाँको औषत परिवार सदस्य संख्या ५.१३ र जनघनत्व ९४६.३२ जनसंख्या प्रति वर्ग कि. मि. रहेका छन् ।

**तालिका नं. २.३ : वडा अनुसार घरधुरी तथा जनसङ्ख्याको विवरण**

वडा अनुसार घरधुरी तथा जनसङ्ख्याको वितरण, राष्ट्रिय जनगणना २०६८

| वडा नं. | घर सँखया | जम्मा जनसँखया | पुरुष | महिला | परिवारको आकार | पुरुष महिला अनुपात | क्षेत्रफल, वर्ग कि. मि. | जन घनत्व, ( जनसँखया प्रति वर्ग क. मि. |
|---|---|---|---|---|---|---|---|---|
| १ | १५६२ | ६९९५ | ३२०२ | ३७९३ | ४.४८ | ०.८४ | १३.०१ | ५३७.६६ |
| २ | १४९५ | ६५३१ | २९८० | ३५५१ | ४.३७ | ०.८४ | ८.३५ | ७८२.१६ |
| ३ | १४१७ | ५८५७ | २७३८ | ३११९ | ४.१३ | ०.८८ | २.९९ | १,९५८.८६ |
| ४ | १५९५ | ६९८० | ३१८८ | ३७९२ | ४.३८ | ०.८४ | ८.६८ | ८०४.१५ |
| ५ | ८५५ | ३४५५ | १५६४ | १८९१ | ४.०४ | ०.८३ | २.७३ | १,२६५.५७ |
| ६ | १०६६ | ४६८० | २२६४ | २४१६ | ४.३९ | ०.९४ | २.५५ | १,८३५.२९ |
| ७ | १७३७ | ७६६३ | ३५५१ | ४११२ | ४.४१ | ०.८६ | २.८३ | २,७०७.७७ |
| ८ | १४७५ | ६५१२ | २९४९ | ३५६३ | ४.४१ | ०.८३ | २०.३९ | ३१९.३७ |
| ९ | १३२८ | ६०२३ | २७१२ | ३३११ | ४.५४ | ०.८२ | १३.०८ | ४६०.४७ |
|  | **१२,५३०** | **५४,६९६** | **२५,१४८** | **२९,५४८** | **४.३७** | **०.८५** | **७४.६१** | **७३३.०९** |

वडा अनुसार घरधुरी तथा जनसङ्ख्याको वितरण, नगर पार्श्वचित्र २०७६

| वडा नं. | घर सँख्या | जम्मा जनसँख्या | पुरुष | महिला | तेस्रो लिङ्ग | परिवारको आकार | पुरुष महिला अनुपात | क्षेत्रफल, वर्ग कि. मि. | जन घनत्व, जनसँख्या प्रति वर्ग क. मि. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १८५६ | १०२४६ | ४८६२ | ५३८४ | – | ५.५२ | ०.९० | १३.०१ | ७८७.५५ |
| २ | १९४९ | ९०१६ | ४५८६ | ४४२८ | २ | ४.६३ | १.०४ | ८.३५ | १,०७९.७६ |
| ३ | ११३८ | ६३३५ | ३२११ | ३१२० | ४ | ५.५७ | १.०३ | २.९९ | २,११८.७३ |
| ४ | १८६८ | ७६६९ | ३२७८ | ४३८९ | २ | ४.११ | ०.७५ | ८.६८ | ८८३.५३ |
| ५ | १०७५ | ५५५५ | २७६९ | २७८६ | – | ५.१७ | ०.९९ | २.७३ | २,०३४.८० |
| ६ | १०६६ | ५७१५ | २८३२ | २८८३ | – | ५.३६ | ०.९८ | २.५५ | २,२४१.१८ |
| ७ | १७३५ | ९११७ | ४४५७ | ४६५८ | २ | ५.२५ | ०.९६ | २.८३ | ३,२२१.५५ |
| ८ | १८०० | ९६५२ | ४८४० | ४८११ | १ | ५.३६ | १.०१ | २०.३९ | ४७३.३७ |
| ९ | १२७४ | ७३०० | ३६६३ | ३६३३ | ४ | ५.७३ | १.०१ | १३.०८ | ५५८.१० |
|  | **१३,७६१** | **७०,६०५** | **३४,४९८** | **३६,०९२** | **१५** | **५.१३** | **०.९६** | **७४.६१** | **९४६.३२** |

*श्रोत : राष्ट्रिय जनगणना २०६८ तथा नगर पार्श्वचित्र २०७६*

आठ वर्षको अन्तरालमा जनसंख्या प्रक्षेपण वृद्धि दर ३.१९ % ले २०७६ मा १५,९०९ जनसंख्या थपिएको हुन आउँछ । यस न. पा.को जनसंख्या २०९८ मा १,८३,९२३ र जनघनत्व २,४६५ जनसंख्या प्रति वर्ग कि. मि. हुने देखिन्छन् । विस्तृत वितरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.४ : जनसङ्ख्याको प्रक्षेपण**

| | | | | | *वृद्धिदर ३.१९%* |
|---|---|---|---|---|---|
| **वर्ष** | **२०६८** | **२०७६** | **२०७८** | **२०८८** | **२०९८** |
| जनसँख्या | ५४,६९६ | ७०,६०५ | ९७,१४८ | १३३,६७० | १८३,९२३ |
| जनघनत्व (जनसँख्या प्रति वर्ग कि. मि.) | ७३३ | ९४६ | १,३०२ | १,७९२ | २,४६५ |

### २.१.४ भू-आवरण तथा भू-उपयोग

यस नगरपालिकाको उत्तरतर्फ अग्लो र दक्षिणतर्फ क्रमशः पानी ढलो छ। पालिकाको दक्षिण तिरको प्रायः सबै भू-भागभरि होचो समथर मधेसको मैदान छ। वर्तमान भू-उपयोग हेर्दा ६८.१५ प्रतिशत भू-भाग कृषि योग्य जमिन रहेको देख्न सक्छौं। खोला नालाले करिब ९.४ र आवासिय क्षेत्रले करिब ६.९ प्रतिशत भू-भाग ओगटेको देखिन्छ । यसैगरी बाटो तथा सार्वजनिक क्षेत्र ले २.९५ प्रतिशत भू-भाग ओगटेको देखिन्छ भने बाँकि अन्य विविध प्रयोजनको लागि उपयोग भैरहेको देखिन्छ॥ यहाँका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका पोखरीहरूले जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंक्षीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ। माछापालन गर्न, पशुहरूले पानी पिउन र बेलाबखत किसानहरूले आंशिक रूपमा सिंचाई गर्न पनि यस्ता जलाशयहरुको प्रयोग हुने गरेको छ।




चित्र २.२ भू-आवरण तथा भू-उपयोग

### २.१.५ जलवायु

तराई भू-भागमा अवस्थित हुनाले उर्लाबारी नगरपालिकाको हावापानी उष्णप्रदेशिक मनसुन प्रकारको रहेको छ । जाडोयाममा शीतलहर चल्ने र गर्मी महिनामा अत्यधिक गर्मी हुनु यहाँको विशेषता हो । यहाँ फल्गुन/चैत्र देखि भदौ/असोज सम्म गर्मी रहन्छ भने असोज/कार्तिक देखि माघ/फाल्गुन सम्म जाडो नै रहन्छ । सबैभन्दा जाडो महिना मा न्यूनतम तापक्रम ८.१ डिग्री सेल्सियससम्म पुग्दछ भने सबैभन्दा गर्मी महिनामा अधिकतम तापक्रम ४१ सेल्सियस सम्म पुग्ने गरेको छ ।

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

**कृषि**

तराईको उर्वर भूमिसमेटेको यस नगरपालिकाका प्रमुख कृषि उत्पादन धान रहेको छ । यहाँको कूल १३७६१ घरधुरी मध्ये ६००२ घरपरिवारमा धानको उत्पादन भएको देखिन्छ भने मकै उत्पादन गर्नेका संख्या ५८ ,गहुँ उत्पादा गर्ने १ घर तथा कोदो , दाल , चना , सिमी जस्ता अन्नवालीहरु कम उत्पादन भएको देखिन्छ भने यस नगरपालिकाको ७६६० घरपरिवारले कुनै पनि कृषि उत्पादन गरिएको देखिँदैन ।

**तालिका नं. २.५ : कृषि उत्पादन (टनमा)**

| कृषि उतपादन | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| धान | ९३२ | ९२८ | २६२ | ६३७ | २१२ | २७४ | ३९५ | १२३४ | ११२८ | ६००२ |
| मकै | १ | ३ | | ५१ | | | ३ | | | ५८ |
| गहुँ | | १ | | | | | | | | १ |
| कोदो | | १ | | ४ | | | | | | ५ |
| दाल | | १ | | ४ | | १ | | १ | | ७ |
| रहर | | | | | | | | २ | | २ |
| मुसुरो | | | | २ | | | | | | २ |
| चना | | | | | | | १ | | | १ |
| सिमी | | | | १ | | | | | | १ |
| तोरी र सर्स्यु | | | | २ | | | | १ | | ३ |
| आलु | | | | १ | | | १ | | | २ |
| बन्दा, काउली र रायो | २ | | | | | | | | | २ |
| बोडी | | | | १ | | | | | | १ |
| गेलभेंडा | | | | १ | | | | | | १ |
| आँप र लिच्चि | | | | १ | | | १ | | | २ |
| किवि | | | | १ | | | | | | १ |
| पशु पंक्षी पालन | | २ | | ६ | | | १ | १ | | १० |
| कुनै पनि छैन | ९२१ | १०१३ | ८७६ | ११५६ | ८६३ | ७९१ | १३३३ | ५६१ | १४६ | ७६६० |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

*श्रोत: नगर पार्श्वचित्र २०७६*

**खाद्य सुरक्षा**

उर्लावारी नगरपालिकामा गरिएको सर्वेक्षण अनुसार वडा अनुसार खाद्यान्नको अवस्थालाई हेर्दा यस नगरपालिकामा आफ्नो उत्पादनबाट ३ महिना सम्म खान पुग्ने परिवार संख्या १४० छ । यस्तै आफ्नो उत्पादन बाट ३ देखी ६ महिना सम्म खान पुग्ने परिवार संख्या २८७ छ भने ६ महिना देखी ९ सम्म खान पुग्ने परिवार संख्या ६०४ रहेको छ । यस्तै २४९१ घर परिवारमा आफ्नो उत्पादन वाट ९ देखी १२ महिना सम्म खान पुग्ने गरेको

देखिन्छ । यस्तै यस न.पा. भित्र २४१५ घरपरिवारले आफ्नो उत्पादन उपभोग गरी बचेको खाद्यान्न बेचविखन गर्ने गरेको देखिन्छ । यसैगरी आफ्नो उत्पादन नभएको घरपरिवार ७८२४ रहेको देखिन्छ । तलको तालिकामा खाद्यान्नको अवस्था सम्बन्धी अवस्थालाई चित्रण गरिएको छ ।

**तालिका नं. २.६ : खाद्य सुरक्षा**

| कृषि उत्पादनबाट खानपुग्ने | वडा | | | | | | | | | वडागत जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| वर्ष भरी नै पुग्ने र बचत समेत हुने | ४७९ | ३५६ | ९० | २२ | २ | २८ | ४२२ | ३१६ | ७०० | २४१५ |
| १० -१२ महिना सम्म | ३०८ | २७१ | ११८ | १२५ | १९३ | १९७ | १२५ | ७८५ | ३६९ | २४९१ |
| ७ -९ महिना सम्म | १०३ | ७० | ३४ | ७४ | ११ | २३ | ५३ | १६८ | ६८ | ६०४ |
| ४ -६ महिना सम्म | ४३ | ३१ | ४० | ५० | ४ | ५ | ४७ | ६० | ७ | २८७ |
| ३ महिना भन्दा कम | १९ | २२ | ५ | १४ | | २ | २६ | ५१ | १ | १४० |
| उत्पादन गर्दिन /छैन | ९०४ | ११९९ | ८५१ | १५८३ | ८६५ | ८११ | १०६२ | ४२० | १२९ | ७८२४ |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

## २.२.२ पर्यटन तथा सँस्कृति

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषी, बहुधर्म र सामाजिक विविधता एव ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ । विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकामा गहनाको रुपमा विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि रहि आएका छन् जसको विस्तृत विवरा तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. २.७ : पर्यटकीय स्थलहरु**

| वडा नं | पर्यटकीय स्थलहरु |
|---|---|
| १ | वाल उद्यान |
| १ | बौद्ध गुम्बा |
| २ | बाखे चौरी सिमसार |
| २ | लाम्पाते सिमसार |
| २ | बेतिनी सिमसार |
| २ | बुढा ठाकुर सिमसार |
| ३ | बनस्पति उद्यान |
| ३ | मदन भण्डारी संग्राहलय धिमाल बिकास केन्द्र |
| ६ | सिद्धेश्र बाबा धाम |
| ६ | मन्जुल मितेरी संग्राहलय |
| ६ | महारुद्र शिव मन्दिर |

श्रोतः वडा कार्यालय

यस नगरपालिकामा पनि धार्मिक, ऐतिहासिक तथा पर्यटकिय महत्वका विभिन्न स्थलहरु रहेकाले यस स्थानलाई धार्मिक, ऐतिहासिक, प्राकृतिक पर्यटकिय स्थलका रुपमा विकास गराउन सकिने सम्भावना रहेको देखिन्छ । यस क्षेत्रमा अवस्थित प्राकृतिक तथा धार्मिक अनि सामाजिक सम्पदाहरुलाई पर्यटकिय हेतुबाट विकसित गराई नगरपालिकाको पर्यटकिय स्थलका रुपमा विकास गराउन सकिएमा यस नगरपालिकाको उच्चतम तथा तिव्र विकास हुने कुरामा दुइमत छैन । यस स्थानमा रहेका महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरुको विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. २.८ : धर्मिक तथा ऐतिहासिक स्थानहरुको नाम

| धर्मिक तथा ऐतिहासिक स्थानहरुको नाम | स्थान |
|---|---|
| जलेश्वर शिवालय मन्दिर | उर्लावारी २ |
| राधा कृष्ण मन्दिर | उर्लावारी २ |
| जलपा देवि मन्दिर | उर्लावारी २ |
| सूर्य नारायण मन्दिर | उर्लावारी २ |
| गुम्बा | उर्लावारी २ |
| शिवालय मन्दिर | उर्लावारी २ |
| शिवालय मन्दिर | उर्लावारी २ |
| मन्दिर | उर्लावारी २ |
| श्री नवनाथ चौरासिद्ध गुरुगोरक्ष | सालबारी |
| राम जानकी मन्दिर, वराह वराही मन्दिर | |
| विन्दावासिनी मन्दिर, सोमलिंग शिव मन्दिर | |
| हनुमाान मन्दिर | थापा चौक कृषीमार्ग पश्चिम |
| पञ्चेश्वर महादेव मन्दिर | रामनगर हस्पिटल चौक |
| धिमाल महाराज थान | त्रिवेणी चोक |
| दुर्गा मन्दिर | थापा चोक मदन मार्ग |
| किराँत राई मामोख्या, साङ्के छेमोलिङ्ग गुम्बा | थापा चोक मदन मार्ग |
| शिव मन्दिर | त्रिवेणी चोक |
| महारुद्र शिवालय मन्दिर | उर्लावारी -६ |
| शिद्धेश्वर शिव वावा धाम | उर्लावारी -६ |
| धिमाल महाराज ग्राम थान | उर्लावारी -६ |
| ढुंगाना प्रतिष्ठान | उर्लावारी -६ |
| तमु गुम्बा | उर्लावारी -६ |
| कृष्ण मन्दिर (हाट खोला) | उर्लावारी -६ |
| सत्य नारायण मन्दिर | उर्लावारी -६ |
| आत्मा नन्द मिङ्गसा माङ्गहीम | उर्लावारी -६ |
| तामाङ्गहरुको गुम्बा | उर्लावारी -६ |
| महारुद्र शिवालय मन्दिर | उर्लावारी -६ |
| शिद्धेश्वर शिव वावा धाम | उर्लावारी -६ |
| धिमाल महाराज ग्राम थान | उर्लावारी -६ |
| ढुंगाना प्रतिष्ठान | उर्लावारी -६ |
| तमु गुम्बा | उर्लावारी -६ |
| कृष्ण मन्दिर (हाट खोला) | उर्लावारी -६ |
| सत्य नारायण मन्दिर | उर्लावारी -६ |
| आत्मा नन्द मिङ्गसा माङ्गहीम | उर्लावारी -६ |
| तामाङ्गहरुको गुम्बा | उर्लावारी -६ |

| धर्मिक तथा ऐतिहासिक स्थानहरुको नाम | स्थान |
|---|---|
| राते मन्दिर | वडा नं. ७ |
| दुर्गा मन्दिर | वडा नं.७ |
| कृष्ण मन्दिर | दुर्गापुरी |
| राधा कृष्ण मन्दिर | वडा नं.८ |
| शिव मन्दिर | वडा नं.८ |
| गणेश मन्दिर | वडा नं.८ |
| शिव मन्दिर ग्राम थान | वडा नं.८ |
| ग्राम थान | वडा नं.८ |
| जलपा देवि मन्दिर | वडा नं ९ |
| दुर्गा मन्दिर | वडा नं ९ |

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस नगरपालिकामा बसोबास गर्ने मानिसहरुले अपनाएको मुख्य पेशाको रुपमा कृषि, व्यापार र नोकरीलाई लिन सकिन्छ । नगरपालिकाको वडा अनुसार विभिन्न पेशामा संलग्न मानिसहरुको विवरणलाई हेर्दा यहाँका मानिसहरु जिविकोपार्जनको लागि मुख्य रुपमा कृषिमा तथा नोकरीमा आश्रित तथा संलग्न भएको देखिन्छ । जनसंख्याको आधारमा हेर्दा यस नगरपालिकामा (कूल जनसंख्याको १३.१० प्रतिशत) मानिसहरु कृषि पेशामा संलग्न रहेका छन् । यस्तै व्यापार, जागिर, ज्यालामजदुरी तथा अन्य पेशामा संलग्न भएको विवरण मध्ये व्यापार गर्नेको संख्या ( ३.९० प्रतिशत) छ भने जागिर गर्नेको संख्या (कूल जनसंख्याको २.९० प्रतिशत) जना रहेका छन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

आर्थिक विकास तथा सशक्तिकरण केन्द्रिय सरकार देखि स्थानीय तहसम्मको प्रमुख उद्देश्यका रुपमा रहेको हुन्छ । रोजगारीको अवस्था सिर्जना, प्राविधिक शिक्षा, उद्योग धन्दाको पूर्ण विकास, व्यावसायिक खेती प्रणाली, जलविद्युत, पर्यटनको प्रर्वद्धन आदिबाट आर्थिक विकास हुन सक्ने मानिन्छ । उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्था अनुसार बढि मात्रामा कृषियोग्य जमिन रहेको तथ्यांकले देखाएको र कृषि उत्पादनको लागि उर्वरा माटो तथा हावापानी भएको हुँदाहुदै पनि जनसंख्याको चापले गर्दा खेतियोग्य जमिन मासिँदै गएको अवस्था रहेको छ । यहाँ भएको कृषियोग्य भूमिलाई व्यवसायिक रुपमा उपयोग गर्न तथा कृषिमा आधुनिकीकरण ल्याउन सकेमा यस क्षेत्रमा वसोवास गर्ने जनताको आर्थिक उन्नती छिट्टै हुने देखिन्छ । आर्थिक रुपले सक्रिय जनसंख्या भन्नाले १५ देखि ५९ बर्षसम्मको जनसंख्या जो आर्थिक आय आर्जन गर्ने काममा सक्रिय छ । यस नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या ५९ प्रतिशत रहेको देखिन्छ । आर्थिक रुपले सक्रिय जनसंख्या पुरुषको संख्या बढि देखिन्छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य नगरपालिकाको प्रत्येक वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरे पछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन् । यसैगरी यस उर्लावारी नगरपालिकामा पनि स्वास्थ्य चौकीहरु स्थापना हुने क्रममा छन् । यस नगरपालिका भित्र बस्ने अधिकांश घर परिवारहरुले बिरामी हुँदा सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन् भने केहि मात्रामा नीजि अस्पतालमा जाने गरेको पनि देखिन्छ । स्वास्थ्य सेबा तथा सुविधालाई ध्यानमा राखि उर्लावारी नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य केन्द्र तथा सेवाहरुलाई तलको तालिकामा प्रष्ट्याइएको छ ।

स्वास्थ्य सेबा तथा सुविधालाई ध्यानमा राखि उर्लावारी नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य केन्द्र तथा सेवाहरुलाई तलको तालिकामा प्रष्ट्याइएको छ ।

**तालिका नं. २.९ : स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को विवरण**

| | **स्वास्थ्य संस्थाको प्रकार** | | | |
|---|---|---|---|---|
| **वडा नं.** | **क्लिनिक** | **अस्पताल** | **स्वास्थ्य केन्द्र** | **जम्मा** |
| १ | २ | ० | ० | २ |
| २ | ० | ० | ० | ० |
| ३ | २ | १ | ० | ३ |
| ४ | २ | ० | ० | २ |
| ५ | २ | २ | ० | ४ |
| ६ | २ | २ | ० | ४ |
| ७ | १० | २ | ० | १२ |
| ८ | २ | ० | ० | २ |
| ९ | ० | ० | १ | १ |
| **जम्मा** | **२२** | **७** | **१** | **३०** |

श्रोतः स्वास्थ्य शाखा

यस नगरपालिका भित्र गरिएको अध्ययन तथा सर्वेक्षणले देखाए अनुसार यस क्षेत्रका २९८४ घर परिवारमा महिलाहरु आईरन चककी खाने गरेको देखिन्छ भने २९३९ घरपरिवारका महिलाहरुले जुक्काको औषधी र भिटामिन ए २९९३ खाने गरेको ।

## सुरक्षित मातृत्व सम्बन्धी विवरण

हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य नगरपालिकाको प्रत्येक वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरे पछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन् । यसै गरि यस उर्लावारी नगरपालिकामा गर्भवति महिलाहरुलाई नियमित स्वास्थ्य परिक्षण गर्न यस नगरपालिकाको कुल घरपरिवार १३७६१ मध्य ४२३८ घरपरिवारको नियमित स्वास्थ्य परिक्षण गरेको देखिनछ भने ९५२३ घरपरिवारको गर्भवति महिलाको स्वास्थ्य परिक्षण नगरेको देखिन्छ । तलका तालिकामा गर्भवति महिलालाई नियमित रुपमा स्वास्थ्य परिक्षण गराउने घरपरिवारलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.१० : गर्भवति महिलालाई नियमित रुपमा स्वास्थ्य परिक्षण**

| **नियमित स्वास्थ्य परिक्षण** | **वडा** | | | | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | |
| छ | ५१० | २१ | ४८४ | ५५४ | ९२९ | ६८१ | ७६७ | २०४ | ८८ | ४२३८ |
| छैन | १३४६ | १९२८ | ६५४ | १३१४ | १४६ | ३८५ | ९६८ | १५९६ | ११८६ | ९५२३ |

**तालिका नं. २.११ : गर्भवती महिलाले नियमित रुपमा तालिम प्राप्त स्वास्थ्यकर्मीहरु बाट स्वास्थ्य जाँच को विवरण**

| गर्भवति महिलाको स्वास्थ्य परिक्षण गर्भवतीमहिलानभएको | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| कहिलेकाँहीवासमस्यापर्दामात्र | १७१७ | १९०७ | ११०५ | १०४२ | १०१३ | ९८२ | १४८० | १०२९ | १२३० | ११५०५ |
| नियमितरुपमातोकिएबमोजिम लने गरेको | १६ | १३ | १ | ४८७ | ६१ | ७२ | २१६ | ७२७ | १७ | १६१० |
| स्वास्थ्यजाँचनगराएको | १२२ | २७ | ३१ | ३३४ | १ | १२ | ३७ | ४० | २६ | ६३० |
| गर्भवति महिलाको स्वास्थ्य परिक्षण | १ | २ | १ | ५ | | | २ | ४ | १ | १६ |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

माथि प्रस्तुत गरिएको तालिकामा गर्भवती महिलाले नियमित रुपमा तालिम प्राप्त स्वास्थ्य कर्मीहरु बाट स्वास्थ्य जाँच गराउनु भएको छ भनेर हेर्दा यस नगरपालिकामा भएको घरघुरि १३७६१ मध्ये ११५०५ घरपरिवारमा गर्भवती महिला नभएको देखिन्छ भने कहिलेकाँही वा समस्या पर्दा मात्र स्वास्थ्य जाँच गर्ने १६१० घरपरिवार छन यसै गरी नियमित रुपमा तोकिएको बमोजिम स्वास्थ्य जाँच सेवा लिने गरेका परिवारसंख्या ६३० र अहिले सम्म स्वास्थ्य स्वास्थ्य जाँच नगराएको १६ घरवरिवार रहेका पाईयो ।

### २.३.२ शैक्षिक विकास

**तालिका नं. २.१२ : उर्लाबारी नगरपालिकामा रहेका शैक्षिक संस्थाहरु सम्बन्धी विवरण**

| क.स. | विद्यालयको नाम | ठेगाना | कक्षा सञ्चालन |
|---|---|---|---|
| १ | श्री शारदा माध्यमिक विद्यालय | उर्लावारी-१ | १ देखि १० |
| २ | श्री नुनसरी आधारभूत विद्यालय | उर्लावारी-१ | १ देखि ८ |
| ३ | श्री लक्ष्मी आधारभूत विद्यालय | उर्लावारी-१ | १ देखि ८ |
| ४ | श्री बालज्योति आधारभूत विद्यालय | उर्लावारी-१ | १ देखि ५ |
| ५ | श्री शान्ती आधारभूत विद्यालय | उर्लावारी-२ | १ देखि ८ |
| ६ | श्री सरस्वती आधारभूत विद्यालय | उर्लावारी-२ | १ देखि ८ |
| ७ | श्री सुनझोडा माध्यमिक विद्यालय | उर्लावारी-२ | १ देखि १० |
| ८ | श्री सुनपकुवा माध्यमिक विद्यालय | उर्लावारी-२ | १ देखि १२ |
| ९ | श्री दुर्गा माध्यमिक विद्यालय | उर्लावारी-३ | १ देखि १० |
| १० | श्री भानु आधारभूत विद्यालय | उर्लावारी-४ | १ देखि ८ |
| ११ | श्री सृजना आधारभूत विद्यालय | उर्लावारी-४ | १ देखि ८ |
| १२ | श्री राधिका माध्यमिक विद्यालय | उर्लावारी-६ | १ देखि १२ |
| १३ | श्री नमूना शिक्षासदन आश्रम | उर्लावारी-७ | १ देखि २ |
| १४ | श्री राधिका माध्यमिक विद्यालय | उर्लावारी-७ | १ देखि १० |
| १५ | श्री अरनिको माध्यमिक विद्यालय | उर्लावारी-८ | १ देखि १२ |
| १६ | श्री लक्ष्मी माध्यमिक विद्यालय | उर्लावारी-८ | १ देखि १० |
| १७ | श्री शान्तिक्षेत्र आधारभूत विद्यालय | उर्लावारी-८ | १ देखि ५ |
| १८ | श्री बहादुरबाबा चौधरी आधारभूत विद्यालय | उर्लावारी-८ | १ देखि ५ |
| १९ | श्री सार्वजनिक माध्यमिक विद्यालय | उर्लावारी-९ | १ देखि १० |
| २० | श्री महाराज आधारभूत विद्यालय | उर्लावारी-९ | १ देखि ८ |
| २१ | श्री राजघाट आधारभूत विद्यालय | उर्लावारी-९ | १ देखि ८ |
| २२ | श्री प्रभात आधारभूत विद्यालय | उर्लावारी-९ | १ देखि ८ |

**तालिका नं. २.१३ : संस्थागत निजि विद्यालयको नाम**

| क.सं. | विद्यालयको नाम | वडा | कक्षा सञ्चालन |
|---|---|---|---|
| १ | झारसाँदी इङ्गलिस बोर्डिङ्ग स्कूल | १ | माध्यामिक |
| २ | ब्रिलियन्ट इङ्गलिस बोर्डिङ्ग | २ | आधारभूत |
| ३ | विद्या ज्योति बोर्डिङ्ग स्कूल | ३ | माध्यामिक |
| ४ | शुभकामना बोर्डिङ्ग स्कूल | ३ | माध्यामिक |
| ५ | सनसाईन बोर्डिङ्ग स्कूल | ३ | माध्यामिक |
| ६ | श्री हिमालय बाल संसार बोर्डिङ्ग स्कूल | ३ | माध्यामिक |
| ७ | हिमचूली इङ्गलिस बोर्डिङ्ग स्कूल | ४ | आधारभूत |
| ८ | न्याशनल भिजन | ४ | आधारभूत |
| ९ | सेन्ट स्टाफेन्स | ४ | आधारभूत |
| १० | उर्लाबारी लिटिल एन्जल्स | ५ | आधारभूत |
| ११ | उर्लाबारीनमुना मन्टेस्वरी स्कूल | ५ | वाल बिकास |
| १२ | शिक्षानिकेतन मन्टेस्वरी | ५ | वाल बिकास |
| १३ | मनकामना मन्टेस्वरी | ५ | वाल बिकास |
| १४ | बलबाटिका मन्टेस्वरी | ५ | वाल बिकास |
| १५ | सुनगाभा इङ्गलिस बोर्डिङ्ग स्कूल | ५ | उच्च माध्यामिक |
| १६ | पल्लवी विद्या मन्दीर | ५ | माध्यामिक |
| १७ | सप्तकोशी इङ्गलिस बोर्डिङ्ग स्कूल | ५ | उच्च माध्यामिक |
| १८ | मोरंग मोडलबोर्डिङ्ग स्कूल | ६ | उच्च माध्यामिक |
| १९ | मोडेलपब्लिक स्कूल | ६ | आधारभूत |
| २० | होली चिल्ड्रेन स्कूल | ६ | आधारभूत |
| २१ | कुडोस्वि विद्यासदन | ६ | माध्यामिक |
| २२ | पार्लेन्सइङ्गलिस बोर्डिङ्ग स्कूल | ७ | माध्यामिक |
| २३ | भृकुटी इङ्गलिस बोर्डिङ्ग स्कूल | ७ | उच्च माध्यामिक |
| २४ | ललि गुराँसईंग्लिशबोर्डिङ्ग स्कूल | ७ | माध्यामिक |
| २५ | दीप शिखा मन्टेस्वरी स्कूल | ७ | वाल बिकास |
| २६ | पशुपती इङ्गलिस बोर्डिङ्ग स्कूल | ७ | उच्च माध्यामिक |
| २७ | नेवुला इङ्गलिस बोर्डिङ्ग स्कूल | ८ | माध्यामिक |
| २८ | प्रतिभाइ ङ्गलिश बोर्डिङ्ग स्कूल | ८ | माध्यामिक |
| २९ | न्यूभिजन एकेडेमी | ८ | आधारभूत |
| ३० | मेरिगोल्ड नेशनल एकेडेमी | ८ | आधारभूत |
| ३१ | शिशु शिक्षा सदन बोर्डिङ्ग स्कूल | ९ | माध्यामिक |
| ३२ | ओभल अंग्रेजी बोर्डिङ्ग | ९ | आधारभूत |
| ३३ | श्री अन्यवय्सङ्गलिश बोर्डिङ्ग स्कूल | ९ | आधारभूत |

## साक्षरताविवरण

उर्लाबारी नगरपालिकाको साक्षरता सम्बन्धी विवरणलाई हेर्दा साक्षरता दर ७८.६ प्रतिशत रहेको देखिन्छ । यहाँको कुल जनसंख्या ७०६०५ मध्ये पढ्न मात्र जान्ने १८२० रहेका छन् । त्यसै गरी पढ्न र लेख्न जान्ने ५३६६४ जना रहेका छन् भने पढ्न लेख्न दुवै नजान्ने १५१२१ जना रहेका छन् । तलको तालिका तथा पाई चार्टमा उर्लाबारी नगरपालिकाको साक्षरता सम्बन्धि विवरण लाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.१४ : सारक्षरता विवरण**

| साक्षरता | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिश त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| पढ्न मात्र जानेका | २४४ | ६०७ | ४४ | १७४ | १ | ११ | १४२ | ३८८ | २०९ | १८२० | २.६% |
| पढन्     लेख्न जानेको | ७७२५ | ६२८<br>६ | ५०९<br>६ | ६०६<br>० | ४८१<br>९ | ४६७<br>९ | ७२०<br>० | ६४१<br>३ | ५३८<br>६ | ५३६६४ | ७६.०<br>% |
| पढ्न लेख्न दुवै नजानेको | २२७७ | २१२<br>३ | ११९<br>५ | १४३<br>५ | ७३५ | १०२<br>५ | १७७<br>५ | २८५<br>१ | १७०<br>५ | १५१२१ | २१.४<br>% |
| **जम्मा** | **१०२<br>४६** | **९०१<br>६** | **६३३<br>५** | **७६६<br>९** | **५५५<br>५** | **५७१<br>५** | **९११<br>७** | **९६५<br>२** | **७३०<br>०** | **७०६०५** | **१००.०<br>%** |

यस नगरपालिका भित्र जनसंख्याको आधारमा साक्षरता सम्बन्धी विवरणलाई हेर्दा साक्षरमात्र ५१४८ जना रहेको देखिनछ भने प्राथमिक तहमा अध्ययन गर्ने ९१७३ जना ,निम्न माध्यमिक तह अध्ययन गर्ने ८२३५ जना र एस.एल.सी वा सो सरह पढ्ने १२३३३ जना रहेको देखिन्छ । स्नातक र डिग्री पास गर्नेको संख्या क्रमश: ३२९० र ८०१ देखिन्छ । यस नगरपालिकामा भएका कुल जनसंख्या मध्ये ५३६६४ जना साक्षर छन् भने तुलनात्मक रुपमा हेर्दा त्यस मध्ये सबै भन्दा बढि एस.एल.सी वा सो सरह पढ्ने देखिन्छ र सबै भन्दा कम ८०१ जनाले स्नातकोत्तर वा सो भन्दा माथि पढेको देखिन्छ । तलको तालिकामा जनसंख्याको आधारमा साक्षरता सम्वन्धी विवरण देखाईएको छ ।

यस नगरपालिका भित्र लिङ्ग तथा जनसंख्याको आधारमा साक्षरता सम्बन्धी विवरणलाई हेर्दा हाल विद्यालयमा अध्ययन गर्ने १२५२२ जना छात्र , छात्राहरु मध्ये पूरुष ६४०६ र महिला ६११४ अध्ययन गरेको देखिन्छ । त्यसै गरी २६५३ जनाले हाल अध्ययन नगरेको देखिन्छ जसमा पूरुष १२७२ र महिला १३८१ जना रहेका छन् । समग्रमा हेर्दा यस नगरपालिकामा १२५२२ जनामा छात्रा ६४०६ र छात्र ६११४ ले स्कुल जाने गरेको देखिन्छ ।

### २.३.३ खानेपानी तथा सरसफाइ

उर्लावारी नगरपालिकाको खानेपानीको मुख्य श्रोत भनेको पाइप लाइन द्धारा ल्याइएको व्याक्तिगत धाराको श्रोत र ट्यूववेल , वोरिङ्ग र हेन्डपम्प नै रहेको छ । तसर्थ यस नगरपालिकाको पानीको मुख्य श्रोतको रुपमा यहाँका अधिकांश घरपरिवारमा धारा/ट ववेल, वोरिङ तथा हेन्डपम्प रहेको छ । घरधुरी सर्वेक्षण २०७६ अनुसार यहाँको जम्मा परिवार संख्या १३७६१ मध्ये १३५९२ घरपरिवारले (२३ प्रतिशत) व्यक्तिगत पाइपको पानी प्रयोग गरेका छन । त्यस्तै ट्यूववेल , वोरिङ्ग र हेन्डपम्प १०६०९संख्याले प्रयोग गरेको देखिन्छ भने ढाकिएको इजार , कुवा प्रयोग गर्ने ८ घरपरिवार ,नढाकिएको इनार , कुवा प्रयोग गर्ने ११ घरपरिवार र अन्य स्रोतको पानी प्रयोग गर्ने ८ घरपरिवार देखिन्छ । तलको तालिकामा र डायग्राममा खानेपानीको स्रोतको विवरणलाई देखाइएको छ ।

**तालिका नं. २.१५ : खानेपानीको श्रोतको विवरण**

| खानेपानीको स्रोत | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| पाइपबाट | ३ | | ७ | ६१० | ७७३ | ७४९ | ९३३ | १७ | २० | ३११२ |
| ढाकिएकोईनार ,कुवा | | | | १ | | | १ | ६ | | ८ |
| नढाकिएकोईनार ,कुवा | | | १ | | | | ७ | | ३ | ११ |
| ट्यूववेल ,वोरिङ्ग,ह्यान्डपम्प | १८५१ | १९४६ | ११२८ | १२५७ | ३०२ | ३१५ | ७८४ | १७७६ | १२५० | १०६०९ |
| ढुङ्गेधारा ,मूल | १ | २ | २ | | | | ३ | १ | | ९ |
| नदी ,खोला | | १ | | | | २ | | | १ | ४ |
| अन्य (खुलाउने) | १ | | | | | | ७ | | | ८ |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

उर्लावारी नगरपालिका भित्र बस्ने ञघठटञ्ञ घरपरिवार संख्या मध्ये घण्द्दण परिवारले शौंचालय घरभित्र छ भन्ने जानकारी दिएका छन् भने घरवाहिर शौंचालय हुने घर परिवार १०६६२ छन् र शौंचालय छँदै छैन भन्ने घरपरिवार संख्या ७९ रहेको छ । तलको तालिकामा शौंचालय छ वा छैन र यसको प्रकारको अवस्थालाई स्पष्ट पारिएको छ ।

**तालिका नं. २.१६ : शौचालय प्रयोगको अवस्था**

| चर्पी छ ,छैन | वडा | | | | | | | | | वडागत जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| घर भित्र छ | २१ | ५३ | ३५४ | ४०० | ५६९ | ४६३ | ९८० | १५७ | २३ | ३०२० |
| घर बाहिर छ | १८१७ | १८८७ | ७८० | १४६० | ५०५ | ६०२ | ७४९ | १६१८ | १२४४ | १०६६२ |
| छँदै छैन | १८ | ९ | ४ | ८ | १ | १ | ६ | २५ | ७ | ७९ |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

फोहोरमैला व्यवस्थापन सम्बन्धि अध्ययन गर्दा यस नगरपालिकाका नगरवासीमा अझै पनि फोहोरमैला लाई कसरी व्यवस्थापन गर्ने भन्ने कुराको ज्ञानको कमी भएको देखीन्छ । जसको फलस्वरुप मानिसको स्वास्थ्यमा प्रतिकूल असर त पर्छ नै, यसको अलावा नगरको सुन्दरतामा समेत कमी हुन आउँछ । यसका लागी समय समयमा विभिन्न किसिमका कार्यक्रम संचालन गरेमा फोहोरमैला व्यवस्थापनमा विकास हुन गई नगरपालिका सफा, स्वच्छ तथा हरियाली बनाउन सकिन्छ । यस नगरपालिकामा आफ्नै घर कम्पाउण्डमा फोहर जलाउने वा गाड्ने घरपरिवार १०१७८ रहेका छन् भने घरमा नै नगरपालिकाको फोहर संकलन गर्ने गाडी लिन आउँछ भनेर बताउने घरधुरी संख्या १५५९ रहेका छन् । यसै गरी कुहीने फोहरबाट कम्पोष्ट मल बनाउने ११३८ घरपरिवार रहेका छन् भने नदी वा खोलामा फाल्ने र अन्य क्रमश :७० ,१ घरपरिवार रहेका छन् ।

यस उर्लावारी नगरपालिकामा ढल व्यवस्थापन खासै भएको देखिँदैन् । यस नगरपालिकाको १३७६१ घरपरिवार मध्ये ढलको व्यवस्थापन भएको घर १२०८८ रहेको छ भने १६७३ घरपरिवारमा ढल जडान नगरिएको देखिन्छ ।

### २.३.४ युवा, खेलकुद तथा कला

**तालिका नं. २.१७ : खेलमैदानहरु**

| खेलमैदान | स्थान |
|---|---|
| झार सौदी खेल मैदान | बिहिवारे |
| टपु खेल मैदान | |
| कान्छी चोक पूर्व खेल मैदान | कान्छी चोक पूर्व |
| शान्ति निम्न माध्यामिक विद्यालय | उर्लावारी २ |
| सरस्वती निम्न माध्यामिक विद्यालय | उर्लावारी २ |
| माध्यामिक विद्यालय | उर्लावारी २ |
| माध्यामिक विद्यालय | उर्लावारी २ |
| मदन भण्डारी गोल्डकप स्थल | मदन राजमार्ग |
| चाईनिज क्याम्प खेल मैदान | मदन राजमार्ग |
| श्री राधिका माध्यामिक विद्यालयको खेल मैदान | उर्लावारी -६ |
| अरनी माध्यामिक विद्यालय | दुर्गापुरी |
| वहादुर वावा | दुर्यापुरी गाईघाट |
| लक्ष्मी माध्यामि विद्यालय | अढियावारी |
| सामुदायिक स्वास्थ्य चौकि | दुर्गापुरी |
| आर्युवेद औषधालय | दुर्गापुरी |
| खैरेनी समाज समिति सामुदायिक भवन | दुर्गापुरी |

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

सडक सञ्जाललाई विकासको मेरुदण्ड मानिन्छ । जसले मानिसको सेवा तथा सुविधाको पहुँचलाई अझै फराकिलो बनाउँदछ । यातायातले गर्दा मानव आवागमन एवं सामान ढुवानी सहजता बढ्न गई बजार, केन्द्र, औधोगिक क्षेत्र, सामानिक सुविधा प्रदान गर्ने केन्द्रहरु जस्तै स्वास्थ्य, शिक्षा आदि सँगको पहुँचलाई अझै सहज हुन जान्छ र विभिन्न किसिमका अवसरहरु प्राप्त हुन जान्छ । यातायात क्षेत्रमा अनुसन्धान तथा यस क्षेत्रको योजना र विकास मुख्यतः मानव आवागमन एवं सामान ढुवानीको आधारमा गरिन्छ । नगरपालिकाको पार्श्वचित्र २०७६ अनुसार धुले सडक (६३.८२ %), ग्राभेल सडक (३२.१० %) र पक्की सडक मात्र ४.०८ % रहेको देखिन्छ । तसर्थ संजाल राम्रो भएता पनि सडकहरुको भौतिक अवस्था राम्रो रहेको छैन् । यसको साथै सडक छेउ नालाको अभावमा सडकको अवस्था बिग्रिदै गएकोले सडक संजालमा थप सुधार साथै सडकको भौतिक अवस्थाको सुधार आजको आवश्यकता हो ।

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

यस पालिकाको मुख्य बजारहरु उर्लाबारी, मंगलबारे, स्कूल डाँडा, दुर्गापुरी, राजघाट रहेका छन् । उक्त बजारहरुमा तथा पूर्व पश्चिम राजमार्ग र उर्लावारी मधुमाला दरेगौडा सडक लगायत अन्य सडकहरुको दुईतिर वस्ती विकास तिव्र रुपमा भइरहेको छ । जसको विकासले यहाँको शहरीकरणलाई निर्दिष्ट गर्ने छ ।

घडेरी विकास गर्ने नियोजित प्रयास भएको देखिंदैन, घरहरू जथाभाबी छरिएर निर्माण भएका छन् । बजारहरुको घडेरीहरुमा पाइने विशेषता भनेको खेतबारी समेतका कम उचाइका घरहरुको निर्माण हो । शहरीकरणसँगै देखा पर्ने कंक्रिट जंगलको दाँजोमा हरित क्षेत्र सहितको वस्ती विकासे अहिलेको पहिचान भए पनि कृषि भूमिको खण्डीकरण हुँदै जाँदा अहिलेको हरियाली कहिलेसम्म कायम रहला भन्ने प्रश्न स्वाभाविक रुपमा उठ्दछ ।

यस नगरपालिकामा रहेका ९ वटा वडामा अवस्थित प्रमुख बस्तिहरु तथा वडागत रुपमा रहेको घरपरिवार विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.१८ : बस्तिहरु**

| वडा नं. | प्रमुख बस्तीहरु |
|---|---|
| १ | झरसाँदी |
| २ | कटहरे |
| ३ | थपाचोक |
| ४ | उर्लाबारी |
| ५ | शान्ती मार्ग |
| ६ | जनपथ चोक |
| ७ | पशुपति मार्ग, |
| ८ | दुर्गापूरी |
| ९ | राजघाट, कुल्झोडा |

श्रोतः वडा कार्यालयहरु, उर्लाबारी नगरपालिका २०७६

यस नगरपालिकामा घरको तल्ला लाई आधारमानि हेर्दा सबैभन्दा बढि करिब ६० प्रतिशत परिवार एक तल्ले घरमा बस्ने गरको देखिन्छ भने दुई तल्ले घरमा बस्ने परिवारको संख्या २१ प्रतिशत रहेको छ । छाप्रोमा बस्नेको संख्या पनि १७ प्रतिशत रहेको छ । चार तत्ले भन्दा बढि को संख्या न्युन रहेको देखिन्छ । घरको तला अनुसरको घरपरिवारको विवरण वडागत रुपमा तल तालिका र चित्रमा देखाईएको छ ।

**तालिका नं. २.१९ : घरको तला आधारमा घरधुरीको विवरण**

| तल्ला | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| छाप्रो | १६३ | १४१ | ४८८ | ७३० | २२ | ५५ | २९७ | ३०० | १४५ | २३४१ | १७.०१% |
| एक | १२९६ | १३३३ | ४२२ | ८१९ | ६४७ | ६९० | ८०२ | १२५७ | ८६० | ८१२६ | ५९.०५% |
| दुई | ३९१ | ४६६ | २१० | २७१ | ३६१ | २८० | ५१८ | २२५ | २१६ | २९३८ | २१.३५% |
| तीन | ४ | ७ | १७ | ४५ | ४५ | ३९ | ९२ | १५ | ५१ | ३१५ | २.२९% |
| चार | १ | १ | | २ | | २ | २० | | १ | २७ | ०.२०% |
| पाँच सो भन्दा बढी | १ | १ | १ | १ | | | ६ | ३ | १ | १४ | ०.१०% |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** | **१००%** |

श्रोतः घरधुरी सर्वेक्षण २०७६

घर र भवनको स्वामित्वउर्लावारी नगरपालिकामा घरको स्वामित्वको आधारमा रपरिवार संख्यालाई हेर्दा आफ्नै स्वामित्वमा घर भएको परिवार संख्या १०९९७  रहेका छन । यो संख्या कूल घरपरिवार संख्याको ७९.९० प्रतिशत हो भने भाडामा बस्नेको संख्या १३४२ (९.७४ प्रतिशत) रहेका छन । यस्तै सार्वजनिक जग्गामा बसेको ,स्थायी पूर्जा नभएको र संस्थागत रुपमा बस्ने संख्या क्रमसः २४४ ,११२५ र १० रहेको छ । यस भन्दा बाहेक अन्य तरीकाबाट बसोबास गर्दै आएका घरपरिवारको संख्या ४४ रहेको छ । तलको तालिकामा र पाईचार्टमा घरको स्वामित्वको आधारमा घरपरिवार संख्याको विवरणलाई विस्तृत रुपमा देखाइएको छ ।

**तालिका नं. २.२० : घर र भवनको स्वामित्व विवरण**

| घर र भवनको स्वामित्व | वडा | | | | | | | | | वडागत जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| निजी | ९३६ | १६०७ | ८७६ | १६७६ | ८८३ | ८१६ | १३३० | १६८९ | ११८४ | १०९९७ |
| भाडा | ९२ | ८४ | १२७ | १४२ | १८६ | २०२ | ३९९ | ५६ | ५३ | १३४१ |
| सार्वजनिक जग्गामा | १७६ | १० | २ | ४२ | ३ | ४ | १ | ५ | १ | २४४ |
| भोग चलनमा रहेको तर स्थायी पूर्जा प्राप्त भैनसकेको | ६३६ | २३३ | १३२ | ५ | ३ | ४४ | ४ | ३५ | ३३ | ११२५ |
| संस्थागत | १ | ६ | १ | | | | | १ | १ | १० |
| अन्य | १५ | ९ | | ३ | | | १ | १४ | २ | ४४ |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

## २.४.२ सडक, पुल तथा यातायात

पूर्व पश्चिम राजमार्ग करिव ५.६७ कि.मि भाग र उर्लावारी मधुमाला दरेगौडा सडकको करिव ८.९ कि.मि भाग यस नगरपालिकामा पर्दछ भने अन्य सडकहरु तल तालिकामा देखाईएको छ :

**तालिका नं. २.२१ : सडक सञ्जालको विद्यमान अवस्था**

| क्र.सं. | सडकको प्रकार | जम्मा लम्वाई (कि.मी.मा) |
|---|---|---|
| १ | पक्कि तथा कालोपत्रे | १७.०७ |
| २ | ग्राभेल सडक | १३४.२३ |
| ३ | कच्चि सडक | २६६.९१ |
| | **जम्मा** | **४१८.२०** |

श्रोतः नगर यातायात गुरुयोजना,उर्लाबारी न.पा

घर सम्म जानको लागि मोटरवाटोको सुविधा लाई हेर्दा करिब ८२ प्रतिशत घरपरिवारले मोटर बाटोका सुविधा रहेको देखिन्छ भने करिब १८ प्रतिशतको मोटर बाटोको सुविधा नरहेको देखिन्छ ।

**तालिका नं. २.२२ : मोटर बाटोको सुविधा अनुसार घरपरिवार विवरण**

| घर सम्म मोटरबाटोको सुबिधा | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | | |
| छ | १६०० | १८२६ | ९२२ | ८५६ | १०३८ | १०१५ | १५२० | १४८२ | ९६५ | ११२२४ | ८२% |
| छैन | २५६ | १२३ | २१६ | १०१२ | ३७ | ५१ | २१५ | ३१८ | ३०९ | २५३७ | १८% |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** | **१००%** |

श्रोत: नगर पार्श्वचित्र २०७६

घर सम्म जानको लागि सडकको किसिम अनुसार घरपरिवार विवरण लाई हेर्दा करिब **५५** प्रतिशत घरपरिवारले ग्राभेल बाटोको सुविधा रहेको देखिन्छ भने करिव १८ प्रतिशतको मात्र कालो पत्रे घर सम्म जोडिएको छ। बाँकि धेरै घर परिवारले गोरेटो र कच्ची बाटो प्रयोग गरेको देखिन्छ। घर सम्म जानको लागि सडकको किसिम अनुसार घरपरिवार तल तालिकामा र चित्रमा देखाईएको छ।

**तालिका नं. २.२३ : सम्म जाने सडकको किसिम अनुसार घरपरिवार विवरण**

| सडकको किसिम | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| कालो पत्रे | २९७ | ९ | ३०१ | ३४२ | ४०३ | ३५५ | ३७२ | २५१ | १५२ | २४८२ | १८.०४ % |
| ग्राभेल | १०८५ | १५४७ | ५२३ | ३४ | ५९८ | ५०९ | ९१६ | १३५९ | ९७५ | ७५४६ | ५४.८४ % |
| गोरेटो | १९२ | १९७ | १९१ | ५३ | ६३ | ३१ | ८६ | १३६ | ७२ | १०२१ | ७.४२% |
| कच्ची | २८२ | १९६ | १२२ | १४३८ | ११ | १७१ | ३६१ | ५४ | ७५ | २७१० | १९.६९% |
| ढुङ्गा वा ईटा बिच्छाउको | | | | १ | | | | | | १ | ०.०१% |
| क.क्रिट वा ढलान | | | १ | | | | | | | १ | ०.०१% |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** | **१००%** |

**झोलुंगे पुलतथापुलपुलेसा**

यस नगरपालिकामा रहेको पुलपुलेसाहरुको विवरण तल तालिकामा दिएको छ।

**तालिका नं. २.२४ : झोलुंगे पुल तथा पुलपुलेसा**

| क्र.स | वडा | पुल/खोलाको नाम | दाँया किनारा रहेको स्थान | वायाँ किनारा रहेको स्थान | निर्मित साल | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|
| १ | १ | सुनपकुवा स्कूल छेउको पुल | दायाँ, वडा नं ३ | | २०६५ | नेपाल सरकार |
| २ | २ | सुनझोडा खोलाको पुल | | | | |
| ३ | ३ | सोल्टि पुल | किसान चोक | मङ्गवारे चोक | | नेपाल सरकार |
| ४ | ३ | सुन्झोडा पुल | नयाँ बजार | वोके चोक | | नेपाल सरकार |
| ५ | ६,७ | मवा खोला (हाईवे) | | | २०२७ | |
| ६ | ८,९ | राते होली पुल | गुरुङ्ग टोल | सिमल चोक | २०५५ | |

श्रोतः वडा कार्यालयहरु, उर्लाबारी न.पा

## २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

यस नगरपालिकामा रहेका घरपरिवारहरुले खाना पकाउने इन्धनको रुपमा सबैभन्दा बढि ६६ प्रतिशत घरपरिवारले एल.पी. ग्याँस प्रयोग गर्ने गरको देखिन्छ भने त्यस पछि काठ , दाउरा ३१ प्रतिशत घरपरिवारले प्रयोग गर्ने गरको देखिन्छ । खाना पकाउन विजुलिको प्रयोग खासै गरको देखिदैन । तलको तालिकामा वडागत रुपमा खाना पकाउने इन्धनको आधारमा घर परिवार विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. २.२५ : खाना पकाउने इन्धनको आधारमा घर परिवार**

| खाना पकाउने इनधन | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| काठ , दाउरा | १४५२ | १३९८ | ७३ | १०० | ३२ | ३४ | ३७ | २८० | ८५२ | ४२५८ | ३०.९४ % |
| गोबर , गुयठा | २० | ७ | १ | १ | | | २ | ९१ | ४ | १२६ | ०.९२% |
| मटिट्तेल | | ३ | | | | | २ | ७ | | १२ | ०.०९% |
| एल.पी. ग्याँस | ३७६ | ५४० | १०५२ | १७५४ | १०४३ | १०२४ | १५२१ | १४०९ | ३५३ | ९०७२ | ६५.९३% |
| गोबर ग्याँस बायोग्यास | ६ | | १० | ९ | | ५ | १६७ | ९ | ६४ | २७० | १.९६% |
| बिजुली | २ | १ | १ | ३ | | | २ | ३ | १ | १३ | ०.०९% |
| सोलार | | | | | | ३ | १ | | | ४ | ०.०३% |
| अन्य | | | १ | १ | | | ३ | १ | | ६ | ०.०४% |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** | **१००%** |

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

यस पालिकामा संचार सुबिधा उपलब्ध रहेको देखिन्छ। यस नगरपालिकामा संचालित सञ्चार क्लब, पत्र पत्रिका, एफ.एम, रेडियो, आदिको प्राप्त भएसम्मका नामावलि तल तालिकमा दिईएको छ।

**तालिका नं. २.२६ : नगरपालिकामा संचालित संचारका साधनहरु**

| क्र.सं. | माध्यमहरु |
|---|---|
| १ | सञ्चार क्लब नेपाल, उर्लाबारी |
| २ | निग्रनी दैनिक, उर्लाबारी |
| ३ | उर्लाबरी पेज डट कम |
| ४ | अल्कापुरी साप्ताहिक |
| ५ | पुर्बजोयती साप्ताहिक |
| ६ | राष्ट्रिय समाचार पत्र दैनिक, उर्लाबारी |
| ७ | ईन्देणी एफ.एम. उर्लाबारी |
| ८ | पाथीभरा साप्ताहिक |
| ९ | प्राइम एफ.एम. उर्लाबारी |

### २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

ग्रामिण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने कृषि देखि लिएर जलश्रोत, पर्यटन आदिको विकासमा वन क्षेत्रले महत्वपूर्ण अवसरहरुको सृजना गरेको हुन्छ तर बढ्दो जनसंख्या र अरु बैकल्पिक व्यवस्थाहरुको अभावमा वन क्षेत्रमा चाप बढी रहेको छ। जसले गर्दा वन जंगलको विनास, भू-क्षय, जैविक विविधतामा ह्रास जस्ता पर्यावरणीय प्रतिकूलताहरु बढ्दै गएको छ।

उर्लाबारीनगरपालिका रहेको वनहरुको संरक्षण तथा उचित उपयोगसहभागितामूलक सामुदायिक वन व्यवस्थापन प्रणलि गरको देखिन्छ। दैविक प्रकोपले मानिसहरुलाई बेलाबेलामा सताउने पनि गर्ने गर्दछ। यस नगरपालिकामा बेलाबेलामा आईपर्ने दैवीक प्रकोपमा मुख्य रुपमा बाढी पर्दछन्।

वनक्षेत्रको अवस्था

यस नगरपालिकामा करिब २ प्रतिशत जमिन बन क्षेत्र रुपमा रहेको देखिन्छ। वन क्षेत्र वडा नं. १ र २ मा मात्रै रहको दखिन्छ। वन क्षेत्रको संरक्षण सामुदायिक वन व्यवस्थापन प्रणलिमा आधिरत रहेको देखिन्छ। यस नगरपालिकामा जम्मा ९ वटा सामुदायिक वन रहकेका देखिन्छ।

**तालिका नं. २.२७ : वन व्यवस्थापन सम्बन्धी विवरण (सरकारद्धारा व्यवस्थित, सामुदायिक, कबुलियती, धार्मिक र निजीवन)**

| क.सं. | विवरण | वडा |
|---|---|---|
| १. | जनज्योति सामुदायिक वन | १ |
| २ | मनोहर सामुदायिक वन | १ |
| ३ | प्रगतिशित सामुदायिक वन | १ |
| ४ | हरीयाली सामुदायिक वन | १ |
| ५ | मिक्लुक सामुदायिक वन | १ |
| ६ | सालघारी सामुदायिक वन | २ |
| ७ | सुनकोशी सामुदायिक वन | २ |
| ८ | श्रृजना सामुदायिक वन | २ |
| ९ | सुनझोडा सामुदायिक वन | २ |

श्रोतः वडा कार्यालयहरु, उ.न.पा २०७६

वर्तमान भू-उपयोग हेर्दा ६८.१५ प्रतिशत भू-भाग कृषि योग्य जमिन रहेको देख्न सक्छौं । खोला नालाले करिब ९.४ र आवासिय क्षेत्रले करिब ६.९ प्रतिशत भू-भाग ओगटेको देखिन्छ । यसैगरी बाटो तथा सार्वजनिक क्षेत्र ले २.९५प्रतिशत भू-भाग ओगटेको देखिन्छ भने बाँकि अन्य विविध प्रयोजनको लागि उपयोग भैरहेको देखिन्छ ।

**तालिका नं. २.२८ : भू-उपयोग**

| **भू-उपयोग/वडा** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **बर्ग कि.मि** | **हेक्टर मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खेतियोग्ग जमिन | ९.७३७ | ६.०९५ | १.६१३ | ६.४१६ | २.१५८ | १.९०० | १.६६८ | १७.८९१ | १०.८३८ | ५८.३१६ | ५८३१.५५३ | ७८.१५% |
| व्यापारीक क्षेत्र | ०.००२ | ०.०१३ | ०.१०५ | ०.०१४ | ०.००७ | ०.०१३ | ०.०१२ | ०.०१७ | | ०.१८३ | १८.३१३७३ | ०.२५% |
| पुरातात्वइक तथा धार्मिक क्षेत्र | ०.००१ | | | | | | | | | ०.००१ | ०.०७९७५४ | ०.००% |
| जंगल | ०.३२१ | ०.९४२ | ०.२०८ | | | | | ०.०३१ | | १.५०२ | १५०.१६९७ | २.०१% |
| खोला नाला तथा पोखरी | २.२४५ | ०.३५७ | ०.१३९ | १.२८५ | ०.०४६ | ०.२२५ | ०.२३४ | ०.९९१ | १.४८९ | ७.०१० | ७०१.०३६३ | ९.४०% |
| औधौगिक क्षेत्र | ०.०१३ | | ०.१०३ | | | | ०.००३ | ०.००२ | ०.००० | ०.११९ | ११.९४९०९ | ०.१६% |
| बाटो तथा सार्वजनिक क्षेत्र | ०.२१६ | ०.३१३ | ०.२९१ | ०.३३२ | ०.१२४ | ०.०८५ | ०.१७० | ०.५५० | ०.२४२ | २.२०४ | २२०.३८०७ | २.९५% |
| आवासिय क्षेत्र | ०.४७० | ०.६३२ | ०.५३० | ०.६३७ | ०.३९५ | ०.३२७ | ०.७४२ | ०.९१२ | ०.५१४ | ५.१६० | ५१५.९९५९ | ६.९२% |
| **जम्मा** | **१३.००४** | **८.३५२** | **२.९८९** | **८.६८४** | **२.७३०** | **२.५५०** | **२.८२९** | **२०.३९३** | **१३.०८३** | **७४.६१५** | **७४६१.५३५** | **१००%** |

*श्रोतः राष्ट्रिय  भू-उपयोग परियोजना, २०७५*

भू-स्वामित्व

तथ्यांकलाई हेर्दा यस नगरपालिकामा महिलाको नाममा सम्पत्ति हुने परिवार संख्या न्यून नै रहेको देखिन्छ। यहाँको कूल घरधुरी ञघठटञ  मध्ये महिलाको नाममा चल अचल सम्पति रहेको घर परिवार२८१४रहेको छ भने १०९४७ घरवरिवारको महिलाको नाममा कुनै पनि चल-अचल सम्पत्ति नरहेको देखिन्छ। तलको तालिकामामहिलाको नाममा चल-अचल सम्पत्ति सम्वन्धी विवरणलाई प्रस्तुत गरिएको छ।

महिलाको नाममा रहेको चल-अचल सम्पत्ति हुने घरधुरी जम्मा २८१४ रहेका छन् । जसमा ७३० घरपरिवारको महिलाहरुको जग्गामा ,१३४ को घरमा ,१९३६ कोघर जग्गामा, ४ जनाको सवारी साधानमा र १० घरपरिवारकोअन्यमा स्वामित्व रहेको देखिनछ । जसबाट घर जग्गामा स्वामित्व हुने घर परिवार संख्या सबै भन्दा रहेको देखिन्छ।

जलस्रोत तथाजलाधर क्षेत्र

यस नगरपालिकामा रहेको खोला नाला, खोलाले ओगटेको भाग तथा किनारमा रहेको बालुवाको भाग, पोखरी तथा कुलोहरु ले करिब ९.४ प्रतिशत जमिन ओगटेको छ। नगरपालिका आसपासमा रहेका प्रमुख नदीहरुमा बक्राह खोला, भालु खोला, देभिजोदा, मावा, मिक्लुक, नुन्सारी, रतुवा, सफेवा, सोल्टी, सुन्जोदा र तेलि रहेका छन्।

खुल्लाक्षेत्र तथा खेल मैदन सम्बन्धीविवरण

**तालिका नं. २.२९ : खुलाक्षेत्र तथा खेल मैदन सम्बन्धी विवरण**

| क.सं. | वडा नं. | खुल्ला तथा खेल मैदान | स्थान |
|---|---|---|---|
| १ | १ | झार सौदी खेल मैदान | बिहिवारे |
| २ | १ | टपु खेल मैदान | |
| ३ | १ | कान्छी चोक पूर्व खेल मैदान | कान्छी चोक पूर्व |
| ४ | २ | शान्ति निम्न माध्यामिक विद्यालय | |
| ५ | २ | सरस्वती निम्न माध्यामिक विद्यालय | |
| ६ | ३ | मदन भण्डारी गोल्डकप स्थल | मदन राजमार्ग |
| ७ | ३ | चाईनिज क्याम्प खेल मैदान | मदन राजमार्ग |
| ८ | ६ | श्री राधिका माध्यामिक विद्यालयको खेल मैदान | उर्लावारी -६ |
| ९ | ८ | अरनी माध्यामिक विद्यालय | दुर्गापुरी |
| १० | ८ | वहादुर वावा | दुर्यापुरी गाईघाट |
| ११ | ८ | लक्ष्मी माध्यामि विद्यालय | अढियावारी |
| १२ | ८ | सामुदायिक स्वास्थ्य चौकि | दुर्गापुरी |
| १३ | ८ | आर्युवेद औषधालय | दुर्गापुरी |
| १४ | ८ | खैरेनी समाज समिति सामुदायिक भवन | दुर्गापुरी |

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

संस्थागत विकास र सुशासन स्थानीय स्वायत्त सरकारका आधार स्तम्भहरू हुन् । प्रभावकारी सेवा प्रवाह र सुशासनको प्रत्याभूति बाट मात्रै स्थानीय शासन तथा तह संस्थागत हुने गर्दछ । स्थानीय सरकार संचालन ऐन २०७५ लगायत सम्बन्धित ऐन, नियम, निर्देशिकाले स्थानीय तहलाई स्थानीय सरकारको जिम्मेवारी दिएको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार विकास सम्बन्धी गतिविधि सञ्चालन तथा सेवा प्रवाहलाई परिणाममुखी र प्रभावकारी बनाउन स्थानीय तहको पुर्ण तथा समन्वयकारी भूमिकाको अपेक्षा गरिएको छ । गाँउ विकासका प्रयासहरुलाई व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी बनाउन नगरपालिकाको समग्र नेतृत्व र विषयगत निकायहरुको विषयगत नेतृत्वमा योजना तर्जुमा, कार्यान्वयन र नतिजा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया संस्थागत हुन आवश्यक छ ।

नगरपालिका तथा हालको स्थानीय सरकारको समग्र समन्वय र विषयगत निकायहरुको विषयगत क्षेत्रको नेतृत्वमा गाँउ विकासको विद्यमान स्थितिको चित्रण गर्दै विकासका सम्भावना र आवश्यकताका आधारमा गाँउको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली संस्थागत गर्न आवश्यक देखिन्छ । यसबाट नगरपालिकाको एकिकृत विकासमा स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन र गाँउ विकासका सरोकारवाला (सरकारी, गैर सरकारी, निजी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारीमा अभिबृद्धि भई विकासका प्रयासहरु व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी हुन सक्दछ ।

सामान्यतः नगरपालिकाको पार्श्वचित्र निर्माणले नगर विकासको लागि मार्गचित्र प्रस्तुत गर्दछ । यसै सन्दर्भमा नगरपार्श्वचित्रका विभिन्न विषय शिर्षक तथा प्राथमिकताका विषय क्षेत्रमध्ये संस्थागत विकास तथा सुशासन पनि एक रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७५ लगायत अन्य कानूनी शासनको मूल्य तथा मान्यता अनुरुप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारितामा अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ । सुशासन ऐन २०६५ र नियमावली २०६५ ले सार्वजनिक निकायहरुले क्षतिपूर्ती सहितको नागरिक वडापत्र, गुनासो सुनुवाई, पारदर्शिता र जवाफदेहिता सहित सेवाग्राही मैत्री कार्यप्रणाली अपनाउनु पर्ने व्यवस्था गरेको छ । यसै गरी स्थानीयस्तरका सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन

उत्तरदायित्व सम्बन्धी संयन्त्रहरुको कार्यान्वयन रणनीति तथा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण कार्यविधि तथा सूचनाको हक सम्बन्धी कानूनी र नीतिगत व्यवस्था र औजारहरु उपलब्ध रहेको छ ।




**चित्र २.३ संगठनात्मक तथामानव संशाधनको अवस्था**

## २.७ सामाजिक विवरण

### २.७.१ जातियता, धर्म र भाषा

यस नगरपालिकामा ३९ भन्दा बढी प्रकारका जातजातिका मानिसहरु बसोवास गर्ने गरेका छन् । तथ्यांक अनूसार यहाँ बसोवास गर्ने मुख्य जातिमा क्षेत्री रहेको छ जसले कूल जनसंख्याको २८.३४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ भने क्षेत्री पश्चात् अरु प्रमुख जातिहरुमा ब्राम्ह्ण, लिम्बु, नेवार, धिमाल, राई लगायतका रहेका छन् । सर्वेक्षण अनूसार सवै भन्दा कम सर्वरीया जातिका व्यक्ति यस क्षेत्रमा बसोबास गरीरहेको देखिन्छ ।

यहाँका बहुसंख्यक मानिसहरु ५५,९९६ (७९.३१ %) हिन्दु धर्मावलम्विहरु रहेका छन् भने दोस्रो मुख्य धर्मको रुपमा वौद्ध धर्म रहेको छ जसमा ४,५३८ जना (६.४३ %) रहेका छन् ।

मातृभाषाका आधारमा यस नगरपालिकामा नेपाली भाषा बोल्ने मानिसहरुको संख्या अत्यधिक मात्रामा रहेको देखिन्छ । यस गाउँपालिकामा रहेको जम्मा जनसंख्या मध्ये ५००७५ (कूल जनसंख्याको ७०.९२५ प्रतिशत) ले नेपाली भाषा बोल्ने गरेको पाइएको छ भने त्यस पछिको ठूलो हिस्सा लिम्वु तथा धिमाल भाषा बोल्ने मानिसहरु रहेका छन् जसमा लिम्बु भाषा बोल्ने ४१३२ (५.८५ %) र धिमाल भाषा बोल्ने ४११६ (कूल जनसंख्याको ५.८३ %) जनसंख्या रहेको छ । यसै गरी सवै भन्दा कम जनसंख्या १७ जना (०.०२ %) राजस्थानी भाषा बोल्ने मानिसहरु रहेका पाईएको छ ।

### २.७.२ भेषभूषा र रहनसहन

उर्लाबारी नगरपालिकाभित्र धेरै जातिहरूको बसोवास भए तापनि मुख्य गरी क्षेत्रीहरुको बाहुल्यता रहेको पाइन्छ । अधिकांश मानिसहरूले नेपाली भाषा बोल्ने गरेको पाइन्छ । यहाँ धिमाल समुदायको भने आफ ै भाषा रहनसहन भेषभूषा परम्परा र संस्कार रहेको भेटिन्छ । यहाँका बस्तीहरू हेर्ने हो भने पुराना दुबै खाले मिश्रित बस्तीहरु दखिन्छन्, जसले गर्दा यस स्थानका कतिपय बस्तीका बासिन्दाहरू अरू कुनै ठाउँबाट बसाइ सराइ गरी आएको अनुमान गर्न सकिन्छ ।

## २.८ भौतिक अवस्था

### २.८.१ सडक /नाला

पूर्व पश्चिम राजमार्ग करिव ५.६७ कि. मि भाग र उर्लावारी मधुमाला दरेगौडा सडकको करिव ८.९ कि.मि भाग यस नगरपालिकामा पर्दछ । उर्लाबारी नगर यातायात गुरुयोजना तथा सर्वेक्षण २०७८ अनुसार घर सम्म जानको लागि मोटरवाटोको सुविधा लाई हेर्दा करिब ८२ प्रतिशत घरमा मोटर बाटोका सुविधा रहेको देखिन्छ भने १८ प्रतिशतमा नरहेको देखिन्छ ।

**तालिका नं. २.३० : सडक सञ्जालको विद्यमान अवस्था**

| क्र.सं. | सडकको प्रकार | जम्मा लम्वाई (कि.मी.मा) |
|---|---|---|
| १ | पक्कि तथा कालोपत्रे | १७.०७ |
| २ | ग्राभेल सडक | १३४.२३ |
| ३ | कच्चि सडक | २६६.९१ |
| | **जम्मा** | **४१८.२०** |

श्रोतःनगर यातायात गुरुयोजना,उर्लाबारी न.पा

**तालिका नं. २.३१ : मोटर बाटोको सुविधा अनुसार घरपरिवार विवरण**

| घर सम्म मोटरबाटोको सुबिधा | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| छ | १६०० | १८२६ | ९२२ | ८५६ | १०३८ | १०१५ | १५२० | १४८२ | ९६५ | ११२२४ | ८२ |
| छैन | २५६ | १२३ | २१६ | १०१२ | ३७ | ५१ | २१५ | ३१८ | ३०९ | २५३७ | १८ |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** | **१००** |

श्रोतः नगर पार्श्व चित्र २०७६

# परिच्छेद ३ : सोच तथा विकासको अवधारणा

**विषयसूची**


| | | | |
|---|---|---|---|
| ३.१ | भूमिका | ........................ | ३ |
| ३.२ | प्रमुख समस्याहरु | ........................ | ३ |
| ३.३ | प्रमुख सम्भावना तथा अवसर | ........................ | ६ |
| ३.४ | प्रमुख सम्भावना तथा अवसर | ........................ | ६ |
| ३.४ | निर्देशक सिद्धान्त | ........................ | ६ |
| ३.५ | सोच, लक्ष्य तथा उद्देश्य | ........................ | ७ |
| ३.६ | परिमाणात्मक लक्ष्य | ........................ | ८ |
| ३.७ | नीति /रणनीति | ........................ | ९ |
| ३.८ | नगरपालिकाको सवल पक्ष, चुनौती अवसर र सम्भावना | ........................ | ९ |
| ३.९ | वर्तमानका नीति तथा कार्यक्रमहरु | ........................ | १० |
| ३.१० | नगरपालिकाको अग्रणी क्षेत्र | ........................ | १८ |
| ३.११ | परिभाषा, उद्देश्य एवम् प्रक्रिया | ........................ | १९ |
| ३.१२ | भौतिक विकास योजनाको उद्देश्यहरू | ........................ | १९ |
| ३.१३ | भौतिक विकास योजना तर्जुमा प्रक्रिया | ........................ | २० |
| ३.१४ | प्रस्तावित कार्यक्रमहरू | ........................ | २१ |
| ३.१५ | सहरी विस्तार क्षेत्र निर्धारण | ........................ | ३७ |
| ३.१६ | भू-उपयोग क्षेत्र निर्धारण | ........................ | ३८ |
| ३.१७ | पूर्वाधार लगानी रणनीति | ........................ | ३८ |
| ३.१८ | मुख्य भू-उपयोग क्षेत्र निर्धारणमा गर्न पाइने क्रियाकलापहरू | ........................ | ३८ |
| ३.१९ | भवन निर्माण मापदण्ड | ........................ | ३९ |
| ३.२० | भौतिक योजनाको मापदण्ड | ........................ | ४२ |
| ३.२१ | जग्गा विकास कार्यक्रम | ........................ | ४२ |
| ३.२२ | ठेगाना प्रणाली | ........................ | ४३ |

३.२३ आर्थिक विकास योजना ........................ ४४

३.२४ सामाजिक विकास योजना ........................ ४९

३.२५ पूवाृधार विकास योजना ........................ ५७

३.२६ वन, वातावरण तथा विपद व्यवस्थापन ........................ ५९

३.२७ जोखिम व्यवस्थापन योजना ........................ ६२

३.२८ सुशासन तथा संस्थागत विकास ........................ ६३

३.२९ संगठन विकास योजना ........................ ६३

३.३० जनशक्ति विकास योजना ........................ ६४

३.३१ आयोजना तथा कार्यक्रमको सूची तथा प्रारम्भिक लागत अनुमान ........................ ६४

३.३२ कार्यान्वयन योजना ........................ ६६

## तालिकाहरु

तालिका नं. ३. १ : समस्या / सवालको विष्लेशण तालिका ........ ३
तालिका नं. ३. २ : सडकको श्रेणी तथा अधिकार क्षेत्र........ १५
तालिका नं. ३. ३ : अग्रणी क्षेत्रहरु त्था विश्लेषण ........ १८
तालिका नं. ३. ४ : अग्रणी क्षेत्रहरुसँग सम्बन्धित सवल र दर्वल पक्ष एवम् अवसर र चुनौतीहरु........ १९
तालिका नं. ३. ५ : प्रस्तावित नगरस्तरीय कार्यक्रमहरू........ २१
तालिका नं. ३. ६ : वडास्तरीय कार्यक्रमहरु : ........ २६
तालिका नं. ३. ७ : स्वीकृति दिन सकिने अधिकतम ग्राउण्ड कभरेज, तल्ला संख्या र भवनको उचाई........ ३९
तालिका नं. ३. ८ : सडक अधिकार क्षेत्र........ ४०
तालिका नं. ३. ९ : कृषि योजना तालिका........ ४५
तालिका नं. ३.१० : वित्त विकास सम्बन्धी तर्कबद्ध योजना........ ४६
तालिका नं. ३. ११ : शिक्षा सम्बन्धी तर्कबद्ध योजना........ ५०
तालिका नं. ३. १२ :स्वास्थ्य सम्बन्धी तर्कबद्ध योजना........ ५२
तालिका नं. ३. १३ : महिला तथा बालबालिका सम्बन्धी तर्कबद्ध योजना........ ५३
तालिका नं. ३.१४ : दलित एवम् सीमान्तकृत वर्ग सम्बन्धी तर्कबद्ध योजना ........ ५४
तालिका नं. ३.१५ : सामाजिक सुरक्षासम्बन्धी तर्कबद्ध योजना ........ ५५
तालिका नं. ३.१६ : जनजाति उत्थान सम्बन्धी तर्कबद्ध योजना ........ ५६
तालिका नं. ३. १७ : भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कबद्ध योजना ........ ५८
तालिका नं. ३. १८ : वन, वातावरण तथा विपद व्यवस्थापन........ ६०
तालिका नं. ३. १९ : जोखिम व्यवस्थापन योजना........ ६२
तालिका नं. ३.२० : सङ्गठन विकास योजनासम्बन्धी तर्कबद्ध योजना........ ६४

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ भूमिका

उर्लाबारी नगरपालिकाको आवधिक बिकासका योजना सम्बन्धि परिचयात्मक विवरण तथा कार्यविधि खण्ड १ मा र वर्तमान बस्तुस्थिति खण्ड २ मा प्रस्तुत गरिएको छ भने यस खण्ड मा उर्लाबारी नगरपालिकााको आवधिक विकास योजना प्रस्तुत गरिएको छ । देश संघीय गणतन्त्रमा गएर स्थानीय निकायहरुको पुनः संरचना गरिसकेपछि भएको यो योजना उर्लाबारी नगरपालिकााको प्रथम आवधिक बिकास योजना हो । उर्लाबारी नगरपालिकााको विकास योजना निर्माण गर्ने क्रममा त्यस स्थानको वर्तमान बस्तुस्थितिको सुस्म अध्यन गरेर, यथार्थ धरातलमा रहेर, व्यापक जनसहभागिता गराई एवं सम्बन्धित विज्ञहरुसंग छलफल गरि, साथै प्रतेक वडाका निर्बाचत जनप्रतिनिधिहरु तथा त्यस क्षेत्रमा आवद्ध राजनिति दलका स्थानीय कार्यकर्ता र नागरिक अगुवाहरुसंग व्यापक छलफल गराएर यस आवधिक योजनाको तर्जुमा गरिएको छ । यस खण्डमा नगरपालिकााका विकास योजनाको लक्ष्य नीति, रणनीति एवं सम्बन्धित कार्यक्रमहरुको निर्धारण, लगानी श्रोतहरु को पहिचान गरि विकास योजना तथा कार्यक्रम कार्यान्यनका लागि निर्देशित गरिएको छ ।

## ३.२ प्रमुख समस्याहरु

उर्लाबारी नगरपालिकाका महत्वपुर्ण नदीहरुमा जलाद, फुलहा, अमरी र बालुवाले वर्षायाममा हुने नदी कटानको समस्या प्रमुख समस्याका रुपमा रहेको छ । त्यस्तै कृषि क्षेत्रमा व्यवसायीकरण हुन नसक्नु, सहरीकरण योजनाबद्ध ढङ्गले हुन नसक्नु भौतिक पूर्वाधार निर्माण पनि केही सीमित क्षेत्रमा हुनु र अन्य व्यवस्थापकीय सीमितता आदि कारणले अपेक्षित विकास हुन सकेको देखिंदैन । यसैसँग जोडिएर आर्थिक सामाजिक परिवर्तन समेत भई आएको देखिन्छ । यसै पृष्ठभूमिमा नगरपालिकाको समग्र विकासका लागि केही पूर्वाधार उपलब्ध छन्, केही समस्याहरू पनि छन्, केही सम्भावना र अवसर पनि छन् भने केही चुनौती पनि नभएका होइनन् । आवधिक योजना तयार गर्ने क्रममा विभिन्न चरणमा भएको जनसहभागितात्मक छलफलहरूबाट सङ्कलित प्रमुख आधारभूत समस्याको विवरण तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.१ : समस्या / सवालको विष्लेशण तालिका**

| समस्या / सवालहरु | तात्कालिन असर | कारणहरु | समाधानका सम्भावित उपाय |
|---|---|---|---|
| भौतिक पूवाधारहरु ( सडक,ढल निकास, खानेपानी, टेलिफोन, विद्युत, वातावरण) को सञ्जाल विस्तार र स्तर उन्नती पर्याप्त रुपमा हून नसकेको | - नगरवासीहरुलाई न्यूनतम सुविधा समेत यथोचित रुपमा उपभोमा समस्या<br><br>- भौतिक विकासमा शिथिलता आएको<br>- वातावरणमा ह्रास हुनु र अपेक्षित सुधार हुन नसकेको । | - लगानीको पर्याप्त बजेट, स्रोत साधन उपलब्ध नहुनु<br>- नगरपालिकाको संस्थागत क्षमता कमजोर हुनु<br>- प्रभावकारी दीर्घकालीन एकीकृत योजना बनाई सम्बद्ध विविध निकायहरुबीच समन्वय गरी कार्यन्वयनमा जान नसकेको<br>- स्थानीय सरोकारवालाहरु र उपभोक्ताहरु जागरुक भई सहभागितात्मक विकास निर्माणमा अपेक्षित रुपमा लाग्न नसकेको<br>- जनचेतनाको कमि | - पूर्वधार विकासका लागि थप लगानीका स्रोतहरु जुटाउने<br>- स्थानीय तथा प्रान्तीय विविध निकायहरुसँग समन्वय र सहकार्य गर्दै जाने<br>-लगानी क्षेत्रको पहिचान संरक्षण गर्दै नियमित मर्मत-सम्भारको व्यवस्था गर्दै जाने<br>- स्पष्ट कार्यनीति बनाउने र त्यसको निरन्तरतामा समेत प्रतिबद्धता जनाउने |
| रोजगारीको अभाव | -प्रतिभा पलायन भएको<br>-नगर विकासका लागि आवश्यक आर्थिक कियाकलापहरु कम भएको<br>- जीवनस्तर उठ्न नसकेको | - स्थानीय स्तरमा रोजगारी तथा स्व-रोजगारीका कार्यक्रमहरु सृजना हुन नसक्नु<br>- उपर्युक्त तालिमको | - रोजगारीको लागि थप अवसरहरु सृजना गर्ने<br>- समय र बजार अनुसारको सीपको तालिम दिने व्यवस्था गर्ने |

| समस्या / सवालहरु | तात्कालिन असर | कारणहरु | समाधानका सम्भावित उपाय |
|---|---|---|---|
| | - अपराधिक घट्ना बढेको<br>- सीप तथा कलाको उचित सम्मान नभएको | अभावले उद्यमशीलताको विकास नहुनु । | - कृषिमा आधुनिकिकरण र व्यवसायीकरण गरी थप आर्थिक लाभ र रोजगारीका अवसर बढाउने । |
| - फोहोर-मैलाको राम्रो व्यवस्थापन हुन नसकेको | -बढ्दो सहरीकरणका कारण बजारी क्षेत्र तुलनात्मक रुपमा फोहोर देखिएको<br>- सडकका पेटी तथा नालीहरु फोहोर देखिएको<br>- जंगलमा अव्यवस्थित फोहोर व्यवस्थापन गर्नाले वातावरण प्रदुषित बन्दै गएको | - फोहोर मैला संकलनको लागि पर्याप्त जनशक्ति दक्षता र आधुनिक सम्यन्त्र नहुनु<br>- जनचेतनाको कमि<br>- Sanitary Landfill Site नभएको | - फोहोर-मैला संकलनको लागि आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था गर्ने ।<br>- फोहोर मैला व्यवस्थापनका लागि जनचेतना मूलक कार्यक्रमहरु ल्याई आ-आफ्नो क्षेत्रबात योगदान गर्न अभिप्रेरित गर्ने<br>- फोहोर न्यूनीकरणका लागि Reduce, Recycle, Reuse, Rethink को विधि अवलम्बन गर्ने ।<br>- Sanitary Landfill Site को व्यवस्था गर्ने |
| कृषिमा व्यवसायीकरण र औद्योगिकीकरण हुन नसकेको | - रोजगारीका अवसरहरु घटेको ।<br>- नगरको आर्थिक विकासमा शिथिलता आएको<br>- कृषकको जीवनमा अपेक्षित सुधार आउन नसकेको<br>- कृषि पेशामा आश्रित परिवारको भविष्य सुनिश्चित नभएको | - ठूला उद्योग र औद्योगिक क्षेत्र नहुनु<br>- कृषि उपजको वजार मूल्यको तुलनामा उत्पादन लागत बढि लाग्ने<br>- स्थानीय स्तरमा प्राप्त कच्चा पदार्थको सदुपयोग हुन नसक्नु<br>- समयमा कृषकलाई मलखाद तथा बीउ-बिजन उपलब्ध नहुनु<br>- बजार मूल्य नपाउनु<br>- सिचाईको लागि उचित व्यवस्थापन नभएको | - कृषि उपज प्रशोधन सम्बन्धी साना तथा मझौला उद्योग स्थापना र व्यवस्थापन गर्ने ।<br>- हटिया बजार व्यवस्थित गर्ने<br>-चिस्यान भण्डार (Cold Storage) को व्यवस्था गर्ने<br>- कृषि उपज संकलन केन्द्र स्थापना गर्ने |
| बिकेन्द्रीकरण र जनसहभागितामा कमी | - वडा कार्यलयबाट नै सुल्झिन सकिने साधारण सेवा र सिफारिसका लागि पनि नगरँपालिकाको मुख्य कार्यलयमै पुग्नु पर्ने हुँदा सेवाग्राहीलाई असुबिधा भएको ।<br>- विविध योजना कार्यन्वयनमा जनसहभागिता उत्साहजनक नभएको । | - स्थानीय स्तरमा काम गर्न वडालाई विकेन्द्रित अधिकार पर्याप्त नभएको<br>- सामूहिक जिम्मेवारी र अपनत्वको भाव महसुस गराउन नसकेको ।<br>- कर्मचारीको संख्या अपुग रहेको । | - आवश्यक कर्मचारीको बन्दोबस्त गरी सामान्य सिफारिसहरु वडा कार्यलयलाई नै अधिकार प्रत्यायोजन गरी विकेन्द्रित गर्ने ।<br>- नगरबासीलाई सामाजिक र विकास निर्माणको कार्यमा सहयोग अभिप्रेरित गर्ने । |
| - व्यवस्थित बसोबास नभएको | - वस्ती यत्रतत्र छरिन थालेको<br>- अनियन्त्रीत जग्गा | - सहरीकरण सम्बन्धी स्पष्ट नीति नहुनु र कार्यन्वयन फितलो हुनु । | - योजनावद्ध सहरीकरणको लागि कम्तिमा संरचना योजना (Structure Plan ) |

| समस्या / सवालहरु | तात्कालिन असर | कारणहरु | समाधानका सम्भावित उपाय |
|---|---|---|---|
| | Plotting ले गर्दा कृषि भूमि नाश हुदै गएको र खोला नाला, सार्वजनिक जग्गा आदि अतिक्रमण हुदै गएको । <br>- खाने पानी, बिजुली, ढल निकास, टेलिफोन जस्ता आधारभूत आवश्यकता पुरा हुन नसकेको | - भू-उपयो योजना सहितको भवन निर्माण मापदण्डको उचित पालना नहुनु । <br>-Planning Permit प्रभावकारी रुपमा लागू हुन नसक्नु <br>वहिरी जिल्ला बाट बसाइँसराइँ | वनाउने <br>-भू-उपयोग योजना सहितको भवन निर्माण मापदण्डलाई समय सापेक्ष बनाई जनचेतना जगाउने र प्रभावकारी बनाउने <br>- एबिललष्लन एभचक्ष्त को व्यवस्था लागू गर्ने |

**वडा भेलाबाट संकलित समस्याहरु**

प्राय गरेर सबै वडाहरुमा एकै नासको समस्याहरु देखिन्छन् । ती समस्याहरु तल उल्लेखित गरिएका छन् ।

**भौतिक समस्याहरु :**

- सडकहरुका चौडाई कम तथा भौतिक अवश्था खराब
- पुलको अभाव
- बजार व्यवस्थापन तथा भौतिक संरचना निर्माण

**वातावरणीय समस्याहरु :**

- अव्यवस्थित बधशाला ।
- कुहिने र नकुहिने फोहोरमैला एकै ठाउँमा फालिएको ।
- किटनाशक औषधि तथा मलखाद को अत्यधिक प्रयोगले माटो को उर्बर शक्ति ह्रासहुदै गएको ।
- प्लास्टिकका फोहोर व्यवस्थापन नहुदा समस्या भएको ।
- Green belt बिनाका सडकहरु भएको ।

**सामाजिक तथा साँस्कृतिक सम्पदा संरक्षण समस्याहरु :**

- बिद्यालयहरुको हकमा भवन तथा योग्य शिक्षकको अभाव
- छट पर्वको लागि पूजा स्थान सुरक्षितको अभाव
- सामुदायिक भवनको अभाव
- आर्यघाट/चिहानघर व्यवस्थित नभएको ।
- सामाजिक सहभागितामा महिला , बालबालिका  र अपाङ्गको न्युन सहभागिता ।
- युवाहरुलाई खेलमैदान र जेष्ठ नागरिकलाई बृद्धमिलन केन्द्र को अभाव ।
- शिशु स्याहार तथा बाल विकास केन्दको अभाव
- मधेसी र दलित समुदायमा शिक्षाको कमि
- छुवाछुत बाहिर नदेखिए पनि  भित्री रुपमा कायमै ।
- लागूऔषध ,तथा मद्यपान, धूम्रपानको समस्या ।
- धार्मिक,  संस्कृतिक तथा परम्पराको संरक्षण तथा प्रवधन नभएको
- बालमैत्री र अपाङ्ग मैत्री कार्यक्रम नभएको
- स्वास्थ्य चौकीको अभाव
- खेलकुद मैदानको अभाव
- पोखरीहरुको संरक्षण तथा सम्बर्धनको कमी
- प्राविधिक शिक्षा नभएका

**आर्थिक समस्या :**

- गरिबहरुको आर्थिक स्तर उकास्ने गगिबिधिहरु नभएको
- बेरोजगारी समस्याले युवाहरु विदेशीएको ।
- कृषि उद्योग र सङ्कलन केन्द्रको अभाव ।
- निम्न बर्गका किसानको लागि मल, बिउ, बिजन र सिंचाइको पर्याप्त सुबिधा नभएको ।
- शिक्षित बेरोजगार
- सिपमुलक तालिमको व्यवस्था नभएको ।
- कृषि र पशु पालनको तालिम व्यवस्था नभएको ।
- तरकारी खेती र मत्स्यपालनको राम्रो अवसर भएको तर व्यवहारमा लागु नभएको ।
- सहकारी तथा दुग्ध उद्योग सङ्कटमा ।
- आधुनिक कृषि प्रणालीमा प्रयोगमा आएको ।

**संगठनात्मक समस्याहरु :**

- नगर तथा वडाको संस्थागत क्षमताको कमि ।
- राजनैतिक विकृतिले गर्दा नीति तथा कार्यक्रम कार्यन्वयनमा समस्या ।
- जनसहभागितामा कमि

**जोखिम समस्याहरु :**

- खोलाहरुको दिर्घकालिन तटबन्धन नभएकाले बर्खायाममा अनेक किसिमका हैजा फैलिने ।
- नदी कटान

यस बाहेक वित्तीय, प्राबिधिक, मानव संसाधन र अन्य समस्याहरु रहेका छन् । समष्टिगत रूपमा हेर्दा उर्लाबारी नगरपालिकाको प्राथमिकतामा परेको समस्याहरु सडक, नदी तटबन्धन, सिंचाई, कृषि, शिक्षा, जन स्वास्थ्य, फोहर-मैला व्यवस्थापन र खानेपानी हो । योजना छनौट गर्दा कुनै एउटा वा दुईवटा विषयगत क्षेत्रमा मात्र लगानी नगरी भौतिक, वातावरण, आर्थिक, सामाजिक, संस्थागत सबै क्षेत्रलाई समेट्न सकेमात्र नगरपालिकाको समग्र विकास हुन सक्ने कुरा समेत हेक्का राख्न जरुरी छ । वास्तवमा यी विषयहरू एक अर्कोसँग अन्तर्सम्बन्धित हुन्छन् ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

उर्लाबारी नगरपालिका कृषिको लागि उपर्युक्त भूमि हो । समथल भ-बनोट, कृषिका लागि प्रसस्त उर्वर माटो भएको कारण यहाँ व्यवसायीक कृषि गर्ने हो भने यस नगरपालिकालाई मात्र नभई निर्यातका लागि पनि प्रसस्त उपज उत्पादन गर्न सकिने देखिन्छ । यती मात्र नभई कृषिमा आधारित साना तथा मझौला उद्योग पनि स्थापना र विस्तार गर्न सकिन्छ । यस ठाउँको अर्को राम्रो पक्ष भनेको सडक सञ्जाल हो ।

त्यस्तै गरि यहाँ अवस्थित बेतिनी सिमसार, बुढाठाकुर, लामपाते सिमसार आदि स्थलहरुलाई सिमसार तथा पर्यटकीय क्षेत्रमा विकास गरिएमा निरन्तरर आम्दानीको दिर्घकालिन श्रोतको रुपमा स्थापित गर्न सकिन्छ । अर्को सवल पक्ष भनेको नदी तटबन्धन र यस पश्चात बाँकी रहेको जग्गालाई पनि उत्पादनमूलक कार्यमा लगाउन सकिने देखिन्छ ।

## ३.४ निर्देशक सिद्धान्त

दिर्घकालिन सोचको आधारमा उर्लाबारी नगरपालिकाको विकासको प्रतिबद्धता, विशेषता र चाहना स्पष्ट दर्साउने गरी र दिर्घकालिन सोच प्राप्तितर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्धान्तहरु तय भएका छन् ।

**(क) कृषिमा व्यवसायीकरण :**

- उन्नत बीउबिजनको प्रयोग
- सरल loan र subsidies को व्यवस्था
- कृषि सम्बन्धी तालिम

**(ख) प्राकृतिक प्रकोप र नियन्त्रण :**

- नगरपालिकाका महत्वपुर्ण नदी खोलाजस्ता वर्षा याममा दुख दिने खालका नदीहरुको व्यवस्थित र दिर्घकालिन तटबन्धनलाई नगरपालिकाले प्रथम आवश्यकतामा राखेको छ ।

**(ग) प्राकृतिक स्रोतको दिगो उपयोग आम्दानीको श्रोत**

-उर्लाबारी नगरपालिकाले पर्यटकीय स्थलको रुपमा प्रवर्धन र विकास गर्दै लैजाने र संचालनमा ल्याउने जसले गर्दा उर्लाबारी नगरपालिकालाई दिगो आम्दानीको श्रोत

**(घ) जनसहभागितात्मक विकास अभियान**

- उपभोक्ता समूहहरुको सुदृढीकरण
- स्थानीय गैर-सरकारी संघ-संस्थाहरुको विकास तथा परिचालन
- स्थानीय समुहमा आधारित संगठनहरुको विकास
- निजी क्षेत्रको परिचालन
- संघिय, प्रान्तीय तथा निजी साझेदारीमा विषेश जोड

**(ङ) आर्थिक विकास**

- व्यपारिक र औधोगिक गतिविधिलाई प्रोत्साहित गर्ने
- समानुपातिक बजेट वाडफाँड
- स्थानीय स्रोत, साधन र सीपको उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि
- गरिवी न्यूनीकरण

**(च) जनसवलीकरण एवम् समावेशी विकास**

- सेवा र सुविधामाथि सबैको पहुँच
- मधेसी, दलित, उपेक्षित तथा जनजाति उत्थान
- मानवीय विकास

**(छ) वातावरण मैत्री विकास**

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

**दिर्घकालिन सोच**

दीर्घकालीन सोच नगरपालिकाको दिर्घकालिन लक्ष्य प्रप्तिको आदर्शात्मक अवस्था हो । नगरपालिकाको वस्तुस्थिति, वर्तमान अवस्थाबाट भविष्यको लक्ष्य प्राप्तीमा पुग्ने ईच्छीत अवस्थामा दीर्घकालीन सोच समेटिएको हुन्छ । दिर्घकालिन लक्ष्य प्राप्त गर्ने निश्चित समयावधी किटान नभए पनि यसले भविष्यमा हुनसक्ने विकासको अवस्था झल्काउँछ । दीर्घकालीन लक्ष्य प्राप्तिका लागि अल्पकालिन तथा मध्यकालिन लक्ष्यलाई पछ्यउदै योजनातर्फ उन्मुख भएमात्र दिर्घकालिन सोचले परिकल्पना गरेको इच्छित अवश्थामा पुगी सहशताव्दी लक्ष्यमा पुग्न सकिन्छ ।

***उर्लाबारी नगरपालिकाको दिर्घकालिन सोच : स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी***

दीर्घकालीन लक्ष्य प्राप्तीको लागि कुनै निश्चित समय नतोकिए पनि यसले परिकल्पना गरेको इच्छित अवस्थामा पुग्न ५ वर्षको लागि तयार पारिएको एउटा आवधिक योजनाले मात्र सम्भव हुदैन । आवधिक योजना एक मध्यम अवधिको योजना (Medium Term Plan) को रुप भएकाले प्रथम आवधिक योजनाले त्यसतर्फ उन्मुख हुनका लागि दिशानिर्देश भने अवश्य प्रदान गर्दछ । त्यसैले दिर्घकालिन सोच या दिर्घकालिन रुपमा परिकल्पना गरेको इच्छित अवश्थामा पुग्न एक

भन्दा वढि अल्पकालिन (Short Term) तथा मध्यकालिन योजना (Medium-Term Plan) हरु कार्यन्वयन हुन आवश्यक हुन्छ । यो दिर्घकालिन ईच्छित अवस्थामा पुग्न कति समय लाग्ने ? कुन हद सम्मका लक्ष्यहरु प्राप्त हुने भन्ने कुराको निर्धारण नगरपालिकाको विकासप्रतिको दृढता, प्रतिबद्धता, उपयुक्त योजनाको तर्जुमा तथा कार्यन्वयन, स्रोत-साधनको उपलब्धता तथा प्रभावकारी परिचालन आदिले निर्धारण गर्दछ । नगरपालिकाले निर्धारण गरेको दिर्घकालिन सोच प्राप्तीका लागि यस सँग आवद्ध स्थानीय सरोकारवालाहरु, व्यक्ति विभिन्न संघ संस्था, आदि सबैको महत्वपूर्ण योगदान हुन जरुरी हुन्छ । अघिल्ला अल्पकालिन, मध्यकालिन तथा आवधिक योननाहरुको मूल्यांकन र योगदानका आधारमा वर्तमान र भविष्यमा के कस्ता योजनाहरु बनाउने या परिमार्जित गर्ने, के कस्ता लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रमहरु थप्ने, जसले गर्दा समयमै चाहेको लक्ष्य प्राप्ति हुन्छ भन्ने कुरामा सबै सरोकारवालाहरु उत्तिकै अग्रसर रहनु पर्दछ ।

लामो छलफल र अन्तरक्रिया पश्स्चात दिर्घकालिन सोचको रुपमा **स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी** भन्ने नारा सर्वसम्मतिमा पारित भयो । उक्त छलफलमा कृषि, उद्योग, व्यापारलाई अग्रणी क्षेत्रको रुपमा पहिचान गरिएको थियो ।

**दिर्घकालिन सोचको विशेषता**

यहाँ दिर्घकालिन सोच भन्नाले उर्लाबारी नगरपालिकाको सन्दर्भमा उर्लाबारी नगरपालिकाले परिकल्पना गरेको ईच्छित अवस्था भन्ने बुझ्नुपर्छ । जसका विषेशताहरु निम्नानुसार छन् :

- नगरलाई स्वच्छ बनाउदै लैजाने ।
- उर्लाबारी नगरपालिकाको सडक सञ्जाल विस्तार, नदी कटान नियन्त्रण तथा तटबन्धन, शिक्षामा आमूल परिवर्तन तथा कृषिमा व्यवसायीकरण गर्दै लैजाने र उर्लाबारी नगरपालिका एक सम्बृद्ध नमूना नगरको रुपमा स्थापित गर्ने ।
- नगरलाई समतामूलक बनाउदै लैजाने ।
- यो सरल भाषामा लेखिएको सोच सबैले आत्मसात् गर्न सकिने खालको छ ।
- यो सोच आदर्शवादी, फराकिलो र बृहत र स्पष्ट बुझिने खालको छ ।
- यसले नगरपालिकाको वर्तमान वस्तुस्थिति र विषेशतालाई समग्र रुपमा समेटेको छ ।
- स्थानीय सरोकारवालाहरुसँगको बृहत् छलफलबाट तयार पारिएको यो सोच सबैलाई अपनत्वको भाव जगाउने खालको छ ।

**दिर्घकालिन सोचले परिकल्पना गरेको नगर**

विकासका लक्ष्य तथा अवधारणलाई पछ्याएर उर्लाबारी नगरपालिकाको योजनाबद्ध विकास अभियानलाई अघि बढाई समग्र उर्लाबारी नगरपालिका सम्बृद्ध बनाइ समग्र स्थानीय बासिन्दाको जीवनस्तर उकास्ने परिकल्पना गरिएको ।

**नगर विकासका लक्ष्य, उद्देश्य तथा रणनीतिहरु**

दिर्घकालिन सोचलाई आधार बनाई एउटा स्वच्छ, समृद्ध र समतामूलक नगर बनाउने परिकल्पना बोकेको यस नगरपालिकाले निम्न लिखित लक्ष्य उद्देश्य र रणनीतिहरु तय गरेको छ :

## ३.६ परिमाणात्मक लक्ष्य

**लक्ष्य :**

यस नगरपालिकाले संविधानको मर्म अनुरुप स्थानीय बासिन्दालाई श्रोत, साधान, अधिकार सम्पन्न बनाई जनताले जनताद्धारा जनताकै लागि शासन गरेको अनुभुति हुने गरि सेवा प्रवाहमा सुधार गरि नमुना नगरपालिका बनाउने लक्ष्य लिएको छ । यो नगरपालिकालाई नमुना नगर बनाउनका निम्ति दहाय वमोजिमका लक्ष्यहरु समेटिएका छन् :

१. ऐतिहासिक, पुरातात्विक तथा धार्मिक महत्वका स्थानहरुमा र प्राकृतिक मनोरमका क्षेत्रहरुलाई पर्यटकीय स्थलको रुपमाम विकास गर्न आवश्यक पूर्वाधार विकासमा जोड दिदै दिगो आम्दानीको श्रोतको रुपमा विकास गर्ने ।

२. व्यापार तथा औधोगिक क्षेत्र विकास गर्न उपर्युक्त स्थानहरुमा व्यापारिक, औधोगिक गतिविधिको स्तरोन्ती र विस्तार गर्दै अझ सशक्त बनाउँदै लैजाने

३. नगरलाई स्वच्छ बनाउने ।

४. कृषिमा हरित क्रान्ति ल्याई कृषि व्यवसायीकरणमा जोड दिदै लैजाने ।

५. भौतिक, सामाजिक, आर्थिक लगायतका विकासका क्षेत्रलाई अझ फराकिलो बनाई मधेसी, जनजाति, दलित आदि वर्गलाई समेटी समावेशी समाजको विकास गर्ने ।

६. बढ्दो सहरीकरणलाई थप व्यवस्थित गर्दै लैजाने ।

६. समावेशी सामाजको विकास गर्दै लैजाने ।

**उद्देश्य :**

१. आर्थिक सामाजिक रुपले स्थानीय वासिन्दाको जीवनस्तरको गुणस्तरमा सुधार ल्याउने ।

२. नगरपालिकालाई न्यूनतम सन्तुलित भौतिक पूर्वाधार सम्पन्न बनाउने ।

३. सामाजिक विभेद र विकासको प्रतिफलको असमानुपातिक वितरणलाई हटाउने ।

४. प्राविधिक शिक्षातर्फ विद्यार्थीको झुकाव वढाउने ।

५. व्यपारिक, औधोगिक गतिविधिहरु व्यवस्थित गर्दै लैजाने ।

६. आर्थिक रुपले सवल बनाउन निवार्हमुखी कृषि परमपरालाई आधुनिक र व्यवसायीक कृषि प्रणालीले विस्थापित गर्ने ।

७.. नगरलाई स्वच्छ बनाउदै लैजाने ।

८. समावेशी सामाजको विकासको जोड दिने ।

## ३.७ नीति /रणनीति

१. नगरपालिकाको विकास सम्बन्धी अवधारणा स्थानीय स्तर सम्म पुऱ्याउन प्रत्येक टोल-टोल र बस्तीहरुमा सामाजिक परिचालन मार्फत् मानव संसाधन निर्माण र सशक्तीकरण गर्ने यसका लागि स्थानीय शिक्षित युवालाई सामाजिक परिचालनमा ल्यउने ।

२. आर्थिक उन्नतीका लागि गरिवी न्यूनीकरणका कार्यक्रमहरुमा लगानी बढाउनुका साथै प्रभावकारीताको आवधिक मूल्यांकन र आवश्यकता अनुसार परिमार्जन गर्ने ।

३. महिला, वाल-बच्चा, असक्त, रोगी, वृद्ध र सीमान्कृत वर्गलाई लक्षित गरी थप कार्यक्रमहरु ल्याउने र अनुदानमा वृद्धि गर्ने

४. आर्थिक रुपले विपन्न परिवार, अपाङ्ग र सीमान्तकृत वर्गका बालबालिकालाई नि : शुल्क पठनपाठन गराउन नीजि, संस्थागत तथा समुदायीक विद्यालयहरुसँग सहकार्य गर्ने ।

५. नगरपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, जनसहभागिता र संलग्नता बढाउँदै लैजाने ।

६. नगरपालिकामा विद्यमान अवसरहरु र अग्रणी क्षेत्रहरु ( शिक्षा, स्वास्थ्य, उद्योग, कृषि, आदि )लाई विकासका सूचकको रुपमा लिई विशेष लगानीका क्षेत्रहरुको पहिचान गरी यी योजनाहरुलाई दिर्घकालिन योजनामा समाहित गर्दै लैजाने।

७. नगरपालिकाको समग्र विकासको लागि स्थानीय विकास निर्माण कार्यमा सम्पूर्ण सरकारी कार्यलय, संघ-संस्थासँग समन्वय र सहकार्य गर्दै जाने ।

८. संघीय, प्रान्तीय सरकार तथा दात्रनिकायको अनुदानमा मात्र आश्रित भएर दिगो विकासको लक्ष्य प्राप्तीमा सम्भव नहुने भएकाले निजी क्षेत्रको लगानीलाई  आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP M Public Private Partnership) को सिद्धान्त अनुरुप निजी क्षेत्रलाई पनि विकास निर्माणमा आकर्षित र प्रोत्साहन गर्दै जाने ।

९. नगरपालिका विकास योजनाहरुलाई योजनाबद्ध ढंगले व्यवस्थित गर्दै लैजाने

१०. कृषकहरुको आयआर्जनमा बृद्धि गर्नका लागि आधुनिक कृषि औजारको प्रयोगमा अनुदान, तालिमको व्यवस्था गरिने ।

११. स्थानीय स्तरमा वर्तमान टोल समितिहरुको गठन गरी विकासमा क्रियाशील बनाउने ।

१२.. नगरलाई स्वच्छ बनाउने  विभिन्न किसिमका क्रियाकलापहरु संचालन गर्ने ।

१३. समावेशी सामाजको विकासको लागि विभिन्न किसिमका क्रियाकलापहरु संचालन गर्ने ।

## ३.८ नगरपालिकाको सवल पक्ष, चुनौती अवसर र सम्भावना

**सवल पक्ष :**

उर्लाबारी नगरपालिकाको सर्वाङ्गीण विकासको लागि यहाँका सवल पक्षहरु के के छन् ? भन्ने कुराको जानकारी लिनु महत्वपूर्ण विषय हुन्छ । यीनै सवल पक्षहरुलाई आधार बनाई विकासको खाका तयार गर्नु पर्ने हुन्छ । यो उर्लाबारी नगरपालिका कृषिको लागि उपर्युक्त भूमि हो । समथल भ-बनोट, कृषिका लागि प्रसस्त उर्वर माटो भएको कारण यहाँ व्यवसायीक कृषि गर्ने हो भने यस नगरपालिकालाई मात्र नभई निर्यातका लागि पनि प्रसस्त उपज उत्पादन गर्न सकिने देखिन्छ । यती मात्र नभई कृषिमा आधारित साना तथा मझौला उद्योग पनि स्थापना र विस्तार गर्न सकिन्छ । यस ठाउँको अर्को राम्रो पक्ष भनेको सडक सञ्जाल हो । धेरै ठाउँमा सडकको स्तरउन्नती गर्नुपर्ने दखिएता पनि यसले यातायत, व्यापारिक सम्भावना, स्थानीयको सरल पौँच आदिको राम्रो सम्भावना भएको दर्साउछ ।

त्यस्तै गरि यहाँ अवस्थित बेतिनी सिमसार, बुढाठाकुर, लामपाते सिमसार आदि स्थलहरुलाई सिमसार तथा पर्यटकीय क्षेत्रमा विकास गरिएमा निरन्तरर आम्दानीको दिर्घकालिन श्रोतको रुपमा स्थापित गर्न सकिन्छ । अर्को सवल पक्ष भनेको नदी तटबन्धन र यस पश्चात बाँकी रहेको जग्गालाई पनि उत्पादनमूलक कार्यमा लगाउन सकिने देखिन्छ ।

**चुनौति**

उर्लाबारी नगरपालिका एक सुन्दर कल्पनाको नगरीमा परिणत हुनको लागि धेरै बाधा-अड्चनहरु पार गर्नुपर्ने देखिन्छ । यसको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि धेरै चुनौतीहरु छन् ।

पर्यावरणीय महत्व बोकेको यस नगरपालिकाका नदी नियन्त्रण एउटा ठूलो चुनौतीको रुपमा रहेको छ । न्यून गुणस्तरको पूर्वाधार र नाला निकास रहित सडकहरु भएकाले वर्षा याममा हुने ढल निकासको समस्या पनि एउटा चुनौतिको रुपमा लिन सकिन्छ । स्थानीय स्तरमा व्यवसायीक कृषि उत्पादन हुन नसक्नु, उत्पादित फसल तथा उपजहरुको उचित मूल्य लिन नसक्नु, भण्डारण गर्ने आधुनिक Storage कक्ष नहुनु, आर्थिक ब्यपारिक कारोबार धाराशायी बन्दै गएको छ । अनियन्त्रीत जग्गा Plotting का कारण हुने अव्यवस्थित बसोबास, जग्गा अतिक्रमण, खेतीयोग्य जमिन टुक्रिने क्रम पनि अर्को चुनौती रुपमा रहेको छ ।

**अवसर र सम्भावना**

उर्लाबारी नगरपालिकाको विकासका सम्भावनाका दृष्टिले देखिएका अवसरहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**१. कृषि उत्पादन क्षेत्र :**

यो नगरपालिका कृषि उत्पादनको हिसाबले उर्वर भूमिको रुपमा लिन सकिन्छ । यहाँ विभिन्न कृषि व्यवसाय सँग सम्बन्धीत Pocket Area बनाई ठाउँ विषेश अनुसार (तरकारी खेती, बाख्रा पलन, कुखुरा पालन, माछा पालन आदि) व्यवसाय गरी आम्दानी प्रसस्त लिन सकिन्छ । साथै, यी व्यवसायसँग सम्बन्धित साना तथा मझौला उद्योग व्यवसाय संचालन गर्न सकिन्छ ।

**२. विकासका लागि प्रसस्त भूमि :**

उर्लाबारी नगरपालिकामा उपयोग नभएका खाली जग्गाहरु प्रसस्त छन् । यसरी उपयोगमा नआएका जग्गालाई ठाउँ अनुसार र आवरश्यकता अनुसार उपयोमा ल्याउन सकिन्छ । यी भूमिलाई हस्पिटल, औद्योगीक क्षेत्र, पार्क, बाल उद्यान, आदिका लागि प्रयोगमा ल्याउन सकिन्छ ।

## ३.९ वर्तमानका नीति तथा कार्यक्रमहरु

उर्लाबारी नगरपालिकाका अवसर र सम्भावनाका क्षेत्रहरु प्रशस्त भए पनि यसले चाहे अनुसार बिकास तथा पूर्वधारहरु निर्माण हुन सकिरहेको छैन । जनचेतनाको कमी, सीमित साधन स्रोतका बावजुद कसरी परिचालन गरेमा जनआकांक्षा केहि हद् सम्म भए पनि पूरा हुन सक्छ भन्ने जस्ता मूलभूत कुराहरुलाई आधार बनाई नयाँ नेपालको परिकल्पना साकार

बनाउन राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, बुद्धिजीवि बर्ग एवम् निजी क्षेत्रका सुझावबाट विकासका समग्र क्रियाकलापलाई अगाडी बढाउन जनचाहनाअनुसारको सुशासनको प्रत्याभूति दिलाउन र पारदर्शी बनाउने उद्देश्यलाई अगाडी बढाउन विगतका परिषदले मार्गदर्शन गरेका नीति तथा कार्यक्रमलाई आत्मासात् गरी उर्लाबारी नगरपालिकाको आर्थिक बर्षको बजेट नीति तथा कार्यक्रमका क्षेत्रगत नीतिहरु तल प्रस्तुत गरिएको छ ।

**(क) आर्थिक बिकास**

**१. कृषि:**

- कृषीको बिकास उर्लाबारी नगरपालिकाको बिकास भन्ने नाराका साथ कृषी क्षेत्रलाई पहिलो प्राथमिकतामा राखिने छ भने व्यावसायिक कृषीलाई प्रोत्साहित गरिनेछ।
- नगदे बाली, मौसमी, बेमौसमी तरकारी फलफुल उत्पादनमा तालिम र अनुदानको व्यवस्था गरिनुका साथै यस्तो उत्पादनमा सहकारी लगायत निजि क्षेत्र संग सहकार्य गरिनेछ ।
- हरेक बर्ष प्रत्येक वडाबाट ५ जना उत्कृस्ट कृषकलाई पुरस्कृत गर्ने नीति अवलम्न गरिनेछ ।
- रासायनिक मल, बिषादीलाई न्यूनीकरण गर्न प्रांगारिक मल बिषादीको उत्पादन र प्रयोगमा जोड दिइनेछ ।
- कृषकहरुलाई फलफुलका बिरुवा वितरण गरिने तथा सुख्खा जमीनमा सिंचाइका लागी कृषक
- समूहहरुलाई सिंचाइ उपकरणमा अनुदानको व्यवस्था गरिनेछ।
- कृषी मेला कृषी प्रदर्शनी तथा किसान दिवस जस्ता प्रर्वद्धनात्मक क्रियाकलापलाई जोड दिइनेछ ।
- कृषी प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई अनुदानको व्यवस्था गरिने छ।
- नगरपालिका स्थित कृषी समुहहरु दर्ता गरी त्यस्ता समूहको कार्यको अनुगमन गरिने छ।
- कृषी योग्य जमीनमा बालुवा लगाई प्लटिङ्ग गर्ने कामलाई रोक्दै प्लटिङ्ग गर्दा नगरपालिकाको
- स्वीकृति लिनुपर्ने नियमलाई बाध्यकारी बनाइनेछ भने खेतीयोग्य जमीनलाई बांझो राख्ने
- कार्यलाई निरुत्साहित र दण्डीत गर्ने नीति अवलम्बन गरिनेछ।
- अनुभव आदान प्रदानको लागी कृषकहरुको बिचमा अवलोकन भ्रमण आयोजना गरिनेछ।
- व्यावसायिक कृषकलाई मल्चिङ्ग प्लास्टिकर टनेल खरिदमा अनुदानको व्यवस्था गरिनेछ ।
- करेसा वारी माछा पालक किसानलाई माछा भुरा ढुवानीमा अनुदानको व्यवस्था गरिनेछ।
- धान, मकै बिउ बृद्धि कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ।
- कृषी समितिको कृयाशिलता अभिवृद्धी गरी उक्त समितिको प्रभावकारीता प्रवर्द्धनमा जोड दिइनेछ ।
- माटो परीक्षणको लागी आवस्यक व्यवस्था मिलाईनुका साथै कृषी चुन खरिदमा अनुदानको व्यवस्था गरिनेछ ।
- नदी किनारमा बगर खेतिलाई प्रोत्साहित गरिनेछ भने सडक किनारामा आय आर्जनमा सहयोग
- पुग्ने किसिमका बिरुवाहरु रोप्ने कार्यको थालनी गरिनेछ ।
- कृषी बाली बिमालाई नगरपालिकाको अनुदानसंग आवद्ध गर्दै लगिनेछ ।

**२. पशु:**

- व्यावसायिक पशुपंथी पालनमा युवाहरुलाई आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।
- नस्ल सुधारमा जोडदिदै उन्नत नस्लको बिकासबाट कृषकमा आयआर्जन गरि आम्दानी बढाउन प्रोत्साहन गरिनेछ ।
- चिस्यान केन्द्रहरुमा संकलित दुधको बजार सुनिश्चित गराउने कार्यक्रमहरुमा जोड दिईनेछ।
- स्थानीय बजारमा रहेका डेरी तथा मासु पसलहरुलाई सुधार गराउदै लगिनेछ ।
- पशुपालन, पन्छी सम्बन्धी आवश्यक तालिम, गोष्ठी संचालन गरिने छ।
- पशु आहारा बिकासका लागी हिउँदे, बर्षे, बहुबर्षे घाँसका बिउ तथा बिरुवा वितरण गरिदै लगिनेछ ।
- पशुपन्छीमा लाग्ने बिभिन्न रोग बिरुद्ध खोप सेवा संचालन गरिने छ ।
- पशु पन्छी सम्बन्धी साझेदारी कार्यक्रम संचालन गरिने छ ।
- पशु बिमा कार्यक्रमलाई जोखिमबाट बचाउन प्रोत्साहन गर्दै लगिने छ ।

- यस नगरपालिकाको प्रत्येक वडामा बर्षमा १ पटक पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।
- पशु बिमालाई प्रबर्द्धन गर्न नगरपालिका अनुदानसंग आवद्ध गर्दै लगिने छ ।

**३. सहकारीः**

- सहकारी कार्यविधिलाई नगरपालिका सहकारी नियमावलीसंग आवद्ध गरिनेछ।
- एक सहकारी एक उत्पादनको नीति अवलम्बन गरिनेछ ।
- उर्लाबारी नगरपालिका भित्रका सहकारीलाई समन्वय गर्न एक सहकारी समन्वय समिति गठन गरिने छ र समिति मार्फत नियमित अनुगमन गरिने छ ।
- बिषयगत सहकारी संस्थाहरुलाई आवश्यकता हेरी एकीकरण गर्न पहल गरिने छ ।
- कृषिसंग सम्बन्धित बिभिन्न कार्यक्रममा सहकारीलाई साझेदारीको रुपमा सहभागी गराउन प्रेरित गरिने छ ।
- सहकारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।

**४. बजार बिकास :**

- उर्लाबारी नगरपालिकाका बजारको संयोजन र बिकासका लागी उर्लाबारी बाणिज्य संघको गठनका लागी सहजिकरण गरिनेछ ।
- नगरपालिका भित्रका बजारहरुमा आवश्यकता अनुसार बजार व्यवस्थापन समिति को गठन पुनर्गठन गरिने छ भने यीनीहरुको संचालन बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका बमोजिम हुने व्यवस्था मिलाईने छ ।
- प्राथमिकताका आधारमा, बजार भित्र टहरा निर्माण साथै ढल निर्माणका काम गरिने छ ।
- आवश्यकता र प्राथमिकताका आधारमा बजारहरुमा डसवीनको व्यवस्था मिलाईने साथै डसवीनमा जम्मा भएको फोहोरलाई डम्पिङ्ग साइटमा जम्मा गर्ने व्यवस्था मिलाईने छ ।
- आवश्यकता अनुसार बजार तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरिने छ ।

**५. उद्योग धन्दा :**

- घरेलु कार्यालयमा दर्ता भएका उद्योगहरुको रेकर्ड नगरपालिकामा उद्योग विकास शाखा स्थापना गरी सोही शाखाबाट अध्यावधिक गरिनेछ ।
- दर्ता नभई संचालनमा रहेका उद्योग तथा व्यवसाय भए दर्ताको दायरामा ल्याउन आवश्यक व्यवस्था मिलाईने छ।
- बेरोजगारलाई साना घरेलु उद्योग संचालन गर्न प्रोत्साहन गरिनेछ जसका लागी आवश्यक व्यावसायिक तालिम संचालन गरिनेछ।
- नेपाल सरकार तथा निजी क्षेत्रसंगको समन्वय र सहकार्यमा उर्लाबारी नगरपालिका क्षेत्रभित्र उपयुक्त स्थान पहिचान गरी एउटा औद्योगिक क्षेत्र स्थापनाको लागी आवश्यक पहल गरिनेछ साथै उक्त कार्यको लागी नदी उकास नम्बरी, प्रति जमीन पहिचान गरी त्यस्ता जग्गाको संरक्षणलाई समेत ध्यान दिईनेछ।
- रोजगारीका अवसर पहिचान तथा सिर्जनाको लागी रोजगार विभाग गठन गरी संचालनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

**६. पर्यटन**

- नगरपालिकाका सबै वडाहरुमा स्थापित मठ, मन्दिर, गुम्बा लगायत धार्मिक तथा सांस्कृतिक आस्थाका धरोहरहरुको संरक्षण, सम्वर्धन र संचालनमा आवश्यक सहयोग गरिनेछ भने यस्ता स्थानहरु समेटेर यसै आ.व.मा वृत्तचित्र तयार पारिनेछ ।
- खेती तथा पर्यटकीय क्षेत्र निर्माणका लागी नीतिगत निर्णय गराउनको लागी सम्बन्धित निकायमा पहल गरिनेछ ।

**ख) सामाजिक बिकास**

**१. खानेपानी तथा ढल निकाशः**

- नगरपालिका भित्र खानेपानीलाई सबै नगरवासीको न्युनतम आवश्यकता बमोजिम पुर्याउने, हाल संचालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, बितरण पाईप लाईनको मर्मत, सुधार र थप बिस्तार तथा सुद्धिकरण गर्ने कार्यलाई चालु आर्थिक बर्षमा निरन्तरता दिइनेछ । सो कार्यका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ र केन्द्रिय स्तरमा बजेट व्यवस्थापनका लागी पहल गरिनेछ ।
- खानेपानी योजनाको काम तिब्र गतिमा निर्माण सम्पन्न गर्न पहल गरिनेछ ।
- गुणस्तरीय पानी उपयोगको लागी सचेतना कार्यक्रम संचालन गरिने साथै आवश्कताको पहिचान गरी खानेपानीको क्षमता वृद्धीमा बिशेष ध्यान दिईनेछ ।

२. **शिक्षाः**

- सबै सामुदायिक बिद्यालयहरुको भौतिक बिकास र शैक्षिक गुणस्तर अभिवृद्धी गर्न सहक्रियाकलापलाई प्रोत्साहित गरिनेछ ।
- बिद्यालयहरुलाई बालमैत्री बनाउन सबै बिद्यालयहरुमा बालक्लब गठन गरिनेछ ।
- बिद्यालयको पठनपाठनलाई प्रविधि मैत्री बनाउन जोड दिईनेछ ।
- शिक्षामा पछाडी परेका बिपन्न, दलित, सीमान्तकृत बर्गका छात्राहरुलाई विद्यालयको गुणस्तरको आधारमा अध्ययनको लागी प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा शैक्षिक सामग्री खरिद तथा खानेपानी, शौचालय लगायतका भौतिक पूर्वाधारहरुको व्यवस्थापनमा जोड दिईनेछ भने आवश्यकताको आधारमा कम्तिमा एक बिद्यालय एक योजनाको नीति अवलम्बन गरिनेछ ।
- यस नगरपालिकामा रहेका सबै सामुदायिक बिद्यालयमा अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउने व्यवस्था लागु गरिनेछ भने सामुदायिक बिद्यालयका शिक्षकहरुलाई मन्टेश्वरी तालिमको व्यवस्था गरिनेछ ।
- सामुदायिक बिद्यालयको गुणस्तर सुधार गर्न, जनप्रतिनिधि, कर्मचारी, बिद्यालय व्यवस्थापन समिति र शिक्षक परिवारको छोराछोरी सामुदायिक बिद्यालयमा पढाउने नीति अवलम्बन गर्दै लगिनेछ ।
- सामुदायिक बिद्यालयहरुमा प्राविधिक धार संचालन गरिनुका साथैबाट प्राविधिक तथा व्यवसायिक तालिम संचालन गर्न आवस्यक पहल गरिनेछ भने यस्ता कार्यक्रम संचालन गर्ने बिद्यालयहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- बिद्यालय व्यवस्थापन समितिलाई बिद्यालय प्रति उत्तरदायी र जिम्मेवार बनाईने तथा शिक्षा नियमावली तयार गरी सोहि अनुसार शिक्षा क्षेत्रको नियमन र संचालन प्रकृया अवलम्बन गरिनेछ ।
- सामुदायीक बिद्यालयहरुमा अभिभावकको भूमिकामा प्रभावकारीता अभिबृद्धि गर्नको लागी अभिभावक भेला बैठक संचालनको लागी बिद्यालयहरुलाई अभिभावक भेला संचालन खर्चको व्यवस्था गरिने छ ।
- सामुदायीक बिद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट एस ई ई परिक्षामा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने १ जना छात्र र १ जना छात्रालाई पुरस्कृत गरिने नीति अवलम्बन गरिनेछ
- सामुदायी बिद्यालयका सहयोगी र कर्मचारीहरु तथा बाल कक्षाका शिक्षीकाहरुलाई पोशाकको व्यवस्था गरिनेछ ।

३. **स्वास्थ्यः**

- नगरपालिकाबासी सबै जनताहरुलाई सुविधा हुने गरि उपयुक्त ठाउँमा कम्तीमा १५ सैंयाको हस्पिटल निर्माण गर्न तत्काल पहल गरिनेछ ।
- यस नगरपालिकाको सबै वडामा खोप केन्द्रको व्यवस्था गरिनेछ भने सबै वडामा स्वास्थ्य चौकी र सामुदायीक स्वास्थ्य ईकाइ स्थापनाको लागी आवस्यक पहल गरिनेछ ।
- यस नगरपालिकाको सबै वडामा बर्षको १ पटक घुम्ति स्वास्थ्य शिविर संचालनको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।
- गर्भवती तथा सुत्केरी प्रोत्साहन कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिकाको सबै वडामा स्वस्थ जीवनयापन सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुको वृत्ती बिकासको लागी एउटा स्वयंसेविका सुरक्षा कोषको व्यवस्था गरिनेछ र स्वयसेविकाहरुलाई खोप संचालन भएको दिन खाजाको व्यवस्था गरिने छ ।

- उर्लाबारी नगरपालिका रहेका स्वास्थ्य चौकीहरुको स्तर उन्नतिको लागी आवस्यक, पहल गरिनेछ ।
- नगरपालिका भित्र एउटा २४ घण्टे प्रसुति केन्द्र संचालनलाई निरन्तरता प्रदान गरिने छ ।
- पूर्ण खोपको सुनिश्चिततालाई निरन्तरता दिइने छ।
- जेष्ठ नागरिक, महिला, बालबालिका, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जातिलाई लक्षित गरि स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।
- बिद्यालयमा अध्ययन गर्ने बालवालिकाहरुलाई व्यक्तिगत तथा वातावरणीय सरसफाई सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिनेछ भने बिद्यालयहरुमा किशोरीहरुको लागी स्यानिटरी प्याड, वितरणको व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य चौकीहरुमा सुचिकृत अत्यावश्यक औषधिहरुको निरन्तर आपूर्तिको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- अत्यावश्यक भौतिक पूर्वाधारहरुको व्यवस्थापन गरि स्वास्थ्य चौकीहरु मार्फत दिइने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाईनेछ ।
- बिपन्न असहाय तथा अपाङ्गताता भएका व्यक्तिहरुको लागी स्वास्थ्य बीमा कार्यक्रममा सहयोगलाई निरन्तरता दिइने छ ।

**४. लक्षित बर्ग कार्यक्रमः**

- जेष्ठ नागरिक सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै नगरपालिकाका स्वास्थ्य संस्थाहरुको प्राविधिकहरु मार्फत जेष्ठ नागरिक घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने ।
- नीति नगरपालिकाले लिनेछ र कार्यक्रम संचालन गरिनेछ ।
- बाल शिक्षा, स्वास्थ्य, बाल सहभागिता, बाल संरक्षण, बाल अधिकार लगायत बालवालिका लक्षित बिभिन्न शैक्षिक संघ संस्था, सामुदायिक संघ संस्था तथा गैर सरकारी संघ संस्थाको सहकार्य र समन्वयमा बालमैत्री नगरपालिका स्थापना गर्न पहल गरिनेछ ।
- महिलाहरुको हक अधिकार र नेतृत्व बिकासका लागी तालिम, सिपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम गर्न महिला समूह, महिला संग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोडदिइनेछ ।
- बिपन्न, आदिवासी, जनजाती, दलित पछाडि परेका बर्ग समुदायको हक अधिकार र त्यस्ता बर्ग र समुदायको समावेशीकरणका लागी बिभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ ।
- यस नगरपालिकमा रहेका अल्पसंख्यक समुदायको पहिचान र लगत उठाई तिनको मूल प्रवाहीकरणका लागी आवश्यक कार्यक्रम तर्जुमा गरि लागु गरिनेछ ।
- बस्ती भेला हुँदै वडा समिति मार्फत आएका लक्षित समूह (महिला, बालबालिका, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित) का कार्यक्रमहरु र नगर स्तरिय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- धार्मिक, सांस्कृतिक, भाषा र भेसभूषा संरक्षण र जात्रा जस्ता पर्वहरुको संरक्षणमा विशेष जोड दिईनेछ ।
- लैंगिक समानताको निमित्त सामाजिक समावेशीकरण कार्यक्रम संचालन गरिनेछ ।
- सिप र प्रविधिको माध्यमबाट बढ्दो बेरोजगारलाई न्यूनीकरण गरिने नीति अवलम्बन गरिनेछ । उक्त कार्य गर्न यस नगरपालिका भित्र रहेका सहकारी संस्थाहरु संग समन्वय गरि संचालन गरिनेछ ।
- अपाङ्गताता भएका नागरिकको संरक्षण र बिकासको लागी संघ संस्था संग समन्वय गरि बिभिन्न कार्यक्रम संचालन गरिने छ ।
- अन्तराष्ट्रिय नारी दिवस बिशेष कार्यक्रम का साथ मनाइने छ ।
- महिला हिंसा बिरुद्ध सचेतना कार्यक्रम संचालन गरिने छ ।
- लक्षित बर्गका कार्यक्रम वार्ड बाटै संचालन गर्न बजेटको व्यवस्था गरिने छ।
- मजदुरहरुलाई सक्षम र आत्म निर्भर बनाउन आवश्यक तालिमको व्यवस्था मिलाईने छ ।

### ५. युवा तथा खेलकुदः

- स्वास्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्न र खेलकुदलाई अन्तरास्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा बिकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगर स्तरमा गठित खेलकुद बिकास समितिको प्रभाकारिता बृद्धि गरिनेछ भने वडा स्तरिय खेलकुद समिति गठन गरिने छ ।
- बर्षमा कम्तिमा १ पटक अन्तर वार्ड स्तरिय खेलकुद आयोजना गरिने छ ।
- सात वटै वार्डमा सम्भव भए सम्म खेल मैदानको व्यवस्था गर्न पहल गरिने छ ।
- युवाहरुलाई रोजगार र आत्मनिर्भर बना व्यवसायीक तालिमको व्यवस्था गरिने छ ।

### ६. सार्बजनिक महत्वका विषयः

- उर्लाबारी नगरपालिकालाई बन्द मुक्त नगरपालिका घोषणा गर्न सबै पक्ष संग आग्रह गर्दै, प्रतिबद्धता जाहेर गर्न सबै राजनीतिक दल र संघ संस्थासंग अनुरोध गरिने छ ।
- तास, जुवा, डाइस लगायत विकृति युक्त खेल रोक लगाउन पहल गरिने छ ।
- दुर्व्यसनी प्रयोगले समाजलाई गम्भीर क्षति पुर्याउदै गरेको हुँदा यस्ता कार्यलाई निरुत्साहित गर्न पहल गरिने छ ।
- जथाभावी गैर कानुनी रुपमा मादक पदार्थ उत्पादन र बिक्री वितरणबाट समाजमा सिर्जना हुने समस्यालाई निरुत्साहित गर्न पहल गरिने छ ।
- घर पालुवा कुकुरहरु छाडा छाड्ने र सो बाट हुनसक्ने दुर्घटनाबाट नागरिक हरुलाई सुरक्षा प्रदान गर्न, सम्बन्धित पालकहरुलाई नियम पालना गर्न सचेत गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रका कुनै पनि सडकमा छाडा रुपमा पशुचौपाया छाड्ने कार्यलाई निरुत्साहित गर्न प्रोत्साहन तथा दण्ड गर्ने नीति अवलम्बन गरिनेछ भने सडक र सडक किनारामा राखिने धान पराल लगायत निर्माण सामग्री राख्नलाई पुर्ण रुपमा निषेध गरिनेछ । यस कार्यकोलागी सामाजिक संघ सस्था र सरोकारवाला संगको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ ।

## (ग) पूर्वाधार बिकास

### १. सडक तथा कल्भर्टः

- बिगतमा स्तरोन्नति भईसकेका र लामो दुरीका सडकहरुलाई कालोपत्रे कार्यलाई विशेष जोड दिनका लागी सम्बन्धित निकायमा पहल गरिने साथै कालोपत्रे सडक निर्माण गर्दा ढल निर्माण कार्यलाई समेत प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- नगरपालिकाको क्षमतामा निर्माण हुन सक्ने सडकहरुमा जनसहभागिता समेत जुटाई प्राथमिकताका आधारमा कालोपत्रे गर्दै लगिनेछ ।
- कच्ची सडकहरु प्राथमिकताका आधारमा क्रमशः ग्राभेल गरिने छ भने विगतमा बनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरऊन्नती गर्दै लगिनेछ ।
- उपरोक्त कामका लागी सडकको महत्व र दुरीको आधारमा नाला सहित निम्नानुसार चौडाई निर्धारण गरिएको छ भने उल्लेखित मापदण्डमा देहायका लागी सहभागीतामा मात्र संचालन गरिने छ ।

**तालिका नं. ३. २ : सडकको श्रेणी तथा अधिकार क्षेत्र**

| सडक श्रेणी | सडक अधिकार क्षेत्र, मि. | कैफियत |
|---|---|---|
| क | २० – ३० | कालोपत्रे |
| ख | १४ –२० | कालोपत्रे |
| ग | १० – १४ | ग्राभेल |
| घ | ६ – १० | ग्राभेल |

- साना तीना कल्भर्ट निर्माणको लागी नगरपालिकाबाट बजेटको व्यवस्था गरि प्राथमिकताका आधारमा क्रमशः निर्माण गरिने छ भने ठुला पुल, कल्भर्ट निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिने छ।
- ह्युमपाईपको अभावमा बाटाहरुमा आवगमनमा समस्या रहेकोले नगरपालिकाद्धारा ह्यूमपाईप खरिद गरि वडाहरुको माग तथा प्राथमिकताको आधारमा क्रमशः आवश्यकता पुरा गर्दै लगिनेछ।
- यस उर्लाबारी नगरपालिका अन्तर्गत संचालन हुने योजनाहरुको एचयवभअत द्यबलप तयार गर्ने सन्दर्भमा महत्वपुर्ण सडक, पुल, खानेपानी आयोजना, पर्यटकीय क्षेत्र लगायत भौतिक संरचनाहरुको बिस्तृत परियोजना प्रतिबेदन (म्एच) तयार गरिनेछ।
- गत आ. व. मा सम्पन्न हुन नसकि अधुरा रहेका योजनाहरु पुरा गर्दै लगिनेछ।

### २. बिद्युत

- विद्युतको विस्तार तथा क्षमता बृद्धि गर्न सम्बन्धित निकायमा पहल गरिने छ।
- विद्युत विस्तार हुन बाँकी स्थानहरुमा विद्युतीकरणका लागी पहल गरिने छ। उक्त स्थानहरुमा विद्युत कार्यालयसंग समेत साझेदारी कार्यक्रम गर्न नगरपालिकाबाट रकम विनियोजन गरिने छ।
- सड़क र बजार बत्तिको लागी वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसंग पहल गरिने छ। साथै यस आ.व. भित्र यस नगरपालिकाका बजार क्षेत्रमा सडक बत्तीको व्यवस्थाका लागी पहल गरिनेछ।
- जीर्ण अवस्थामा रहेका काठका पोलहरु विस्थापित गरिने छ।

### ३. बस्ती विकास तथा भवन निर्माणः

- नगरपालिका बासीहरुले घर लगायत निर्माण कार्य गर्दा नगरकार्यपालिका कार्यालयबाट ईजाजत लिएर मात्र बनाउनुपर्ने नियमलाई कडाईका साथ लागु गरिनेछ।
- नगरपालिकाको नक्सांकन र व्यवस्थापनबाट सबै क्षेत्रमा एकरुपता ल्याउन घर नम्बर, बस्तीको नामाकरण, जनसंख्या कार्ड, सडकको नामाकरण, लगायतका कार्यलाई अगाडी बडाईनेछ साथै जनसंख्याको व्यवस्थित रुपमा लगत राखिनेछ।
- भौतिक संरचना निर्माण गर्दा भवन संहिता २०७२ बमोजिम गर्नुपर्नेछ। जोतभोग भई दर्ता हुन बाँकी प्रती जमीनको दर्ता र अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ।

### ४. सार्वजनिक सम्पत्ती संरक्षणः

- नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा, सडक, मन्दिर, सामुदायिक भवन, सामुदायिक विद्यालय कलेज, बजार संचालन गर्न नगरपालिकाको नाममा रहेका जगा, लगायतका सार्वजनिक सम्पतिको लगत राख्ने, नक्साङ्कन गर्ने तथा तिनीहरुको संरक्षणका लागी विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईने छ।
- सार्वजनिक सम्पति अतिक्रमण गर्ने र हानी नोक्सानी पुर्याउने व्यक्ति वा संघ संस्था लाई कानुनि कारवाही को दायरामा ल्याइनेछ।

### ५. योजना संचालन सम्बन्धीः

- आयोजनाको दिगोपना, प्रभावकारिता, र कार्यकुशलता कायम गर्ने सहभागीतामुलक र समावेशी योजना छनौट तथा कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाइने छ।
- बिकास निर्माणका कार्यहरु संचालन गर्दा क्रमागत योजनाहरुलाई औचित्यताको आधारमा निरन्तरता दिइनेछ।
- सडक निर्माण तथा मर्मत सम्भार कार्यमा नगरपालिका र सम्बन्धित निकायसंगको योजनामा दोहोरोपना नआउने गरि व्यवस्था मिलाईनेछ।
- जनतालाई प्रत्यक्ष अनुभूति दिनसक्ने कार्यक्रमहरु, योजनाहरु संचालनमा जोड दिइनुका साथै नगरपालिकाको समग्र विकासका लागी एक गुरु योजना बनाउने कार्यलाई अगाडी बढाइनेछ।

### ६. सूचना तथा संचारः

- नगरपालिकामा सूचना केन्द्रको स्थापना गरिने छ भने वडाका गतिविधिहरु समावेश गरी सबै वडाका चोक चोकमा सूचना पाटी राख्ने व्यवस्था मिलाईने छ ।
- समय समयमा नगरपालिकाका गतिविधिहरु बिभिन्न संचार माध्यमहरुबाट सार्वजनिक गरिने छ ।

## घ) बातावरण तथा बिपद व्यवस्थापन

### १. बातावरण तथा विपद व्यवस्थापनः

| ५९ | स्रोत परिचालन, पारिश्रमिक लगायत अन्य | सुशासन तथा अन्य |
| **वडा नं.९** | | |
| १ | वडा कार्यलय देखि रतुवामाइको सिमाना सम्म कालोपत्र | पूर्वाधार |
| २ | मावाखोलामा बाँध निर्माण | वन, वातावरण तथा विपद व्यवस्थापन |
| ३ | प्लनोटेरियम भवन, दुर्गापुरी | सामाजिक |
| ४ | युवाहरुको लागि खेलकुद मैदान तथा कभर्ड हल स्थापना दुर्गापुरी र आम्वारी | सामाजिक |
| ५ | वौध धमावलम्बीहरुको लागि सुविधा सम्पन्न गुम्वा निर्माण गर्ने | आर्थिक |
| ६ | दोमान सिचाई योजना विस्तारको लागि ड्रेन सहित उपमोत्ता सम्म पुर्याउने, मुहान सफा गर्ने, आवश्यक खण्डमा अन्य योजना जोड्ने | आर्थिक |
| ७ | कुलझोडा होलीको गहिरिएर जाने सयस्या समाधान तथा जमिनको सुखापन नियन्त्रणको लागि ५००मिटरको फरकमा२०वटा ड्यान निर्माण गर्ने | वन, वातावरण तथा विपद व्यवस्थापन |
| ८ | डिप बोरिङ २५० सिचाइको लागि जडान गर्ने | आर्थिक |
| ९ | समावेसी आर्यघाट निर्माण मावखोला | सामाजिक |
| १० | मावाखोलामा झोलुङे पुल, इन्द्रेणी ताला जोड्ने दमक १० | पूर्वाधार |
| ११ | पर्वको लागि पुजा स्थान सुरक्षित | आर्थिक |
| १२ | शिशु स्याहार तथा बाल विकास केन्द्र स्थापना | सामाजिक |
| १३ | सामुदायिक भवन निर्माण | सामाजिक |

| क.सं. | कार्यक्रमको नाम | क्षेत्रहरु |
|---|---|---|
| १४ | अन्य विधालयहरुको लागि भवन निर्माण | सामाजिक |
| १५ | महिलालाई स्वरोजगार वनाउने तथा साना उधोग स्थापना गर्ने | सामाजिक |
| १६ | सेनेटरी प्याड उप्पादन गर्न तालिम सहित कधोग स्थापना गर्ने | सामाजिक |
| १७ | स्वास्थ्य व्ययमशला निर्माण दुर्गापुरी ,आम्वारी ,महाराजथान | सामाजिक |
| १८ | सोल्टी खोलाको पानी अण्डडरग्राउण्ड गर्दै पानी ल्याएर सिंचाई गर्ने | आर्थिक |
| १९ | बेतानी खोलाको पानी अण्डडरग्राउण्ड गरेर दोभान सिंचाईमा जोड्ने | आर्थिक |
| २० | चक्रेटोल मावाखोला पश्चिम फाइवेली डाँडा हुदै मितेरी पुल सम्म वन पर्यटन ,मनोरन्जन स्थल निर्माण | आर्थिक |
| २१ | स्रोत परिचालन, पारिश्रमिक लगायत अन्य | सुशासन तथा अन्य |

नगरपालिकाका भौतिक विकास योजना तर्जुमा गर्नका लागि नक्साहरु अति आवश्यक हुन्छन् । उर्लाबारी नगरपालिकाको दीर्घकालीन सहरी विस्तार क्षेत्र तथा भू-उपयाग क्षेत्र सम्बन्धी नीतिहरु तजुमाको लागि आवश्यक विश्लेषण गर्न निम्नानुसारका विषयगत नक्सा (Themetic Maps) तयार गरी नक्सा खण्डमा प्रस्तुत गरिएको छ ।

## ३.१५ सहरी विस्तार क्षेत्र निर्धारण

उर्लाबारी न. पा. को सहरी विस्तार (Urban Expansion) को लागि उपलब्ध अवसरहरू (Opportunities) तथा व्याप्त बाधाहरू (Constraints) को पहिचान गरी उपलब्ध भौतिक तथा सामाजिक सेवा सुविधाहरूको अध्ययन विश्लेषणको आधारमा सहरी विस्तार क्षेत्रहरूको निर्धारण गरिएको छ । उर्लाबारी न. पा. को सहरी विस्तारको लागि उपलब्ध अवसर तथा व्याप्त बाधाहरूलाई निम्नअुसारले प्रस्तुत गर्न सकिन्छ :

**अवसरहरू (Opportunities)**

- समथर भू-बनोट
- विद्यमान बस्तीहरूबीच घर बनाउन बाँकी रहेका जग्गा (Infill Land)।
- भौतिक पूर्वाधार पुगेका वा सजिलै विस्तार गर्न सकिने क्षेत्रहरू ।
- सरकारी तथा निजी स्वामित्वमा रहेका जमिन ।
- खाली भएको क्षेत्र ।

**बाधा (Costraints)**

- वातावरणीय सम्वेदनशील क्षेत्र (जस्तै, बन, क्षेत्र, जंगल, नदी, खोला, बगर आदि)
- विद्यमान घना बस्ती एवम् बजार क्षेत्र
- सम्बन्धित निकायहरूद्वारा तय गरिएका सडक तथा उच्च भोल्टेजका विद्युत्ीय लाइनका अधिकार क्षेत्रहरू (ROW: Right of Way)
- आधारभूत सेवा सुविधाहरू पुऱ्याउन निकै खर्चिलो हुने क्षेत्रहरू
- भूकम्प वा दैवीप्रकोपको बेला बढी क्षति पुग्न सक्ने (Vulnerable) क्षेत्र
- कुनै विशेष प्रयोजनको लागि छुट्याइएका क्षेत्रहरू

विद्यमान घना बस्ती र सहरी विस्तारको लागि प्राथमिकता निर्धारण गरिएका क्षेत्रहरूमा व्यवस्थित सहरीकरणका लागि चालिनु पर्ने प्रमुख कदमहरू निम्नअनुसार छन् :

- बजार क्षेत्रमा बढ्दो जनघनत्वलाई दृष्टिगत गरी पूर्बाधारहरूका क्षमता अभिवृद्धि र स्तरोन्नति गर्ने ।
- भवन मापदण्ड तत्काल लागु गर्ने ।
- सडक अधिकार क्षेत्र तोक्ने ।

- उपलब्ध भौतिक पूर्वाधारहरूको मर्मत तथा सम्भार गर्ने ।
- सहरी विस्तारको प्राथमिकता अनुसार नँया भौतिक पूर्वाधारहरूको निर्माण गर्ने ।
- अनुगमन कार्यलाई प्रभावकारी बनाउने ।

## ३.१६ भू-उपयोग क्षेत्र निर्धारण

नगरपालिकामा उपलब्ध जमिनको प्रभावकारी तवरबाट उपयोग गर्दै व्यवस्थित नगरपालिकाको विकास गर्न कुन ठाउँका जमिन के कस्ता प्रयोजनहरूको लागि उपयोग गर्न दिने भन्ने मुख्य भू-उपयोग क्षेत्र (जस्तै : आवासीय क्षेत्र, व्यापारिक क्षेत्र, कृषि क्षेत्र, हरित क्षेत्र, संरक्षित क्षेत्र आदि) को निर्धारण गरी सो क्षेत्रहरू स्पष्ट देखिने गरी एउटा प्रभावकारी भू-उपयोग योजना निर्माणको प्रस्ताव गरिन्छ । यसको लागि नगरको कुन क्षेत्रका केकस्ता क्रियाकलापहरू विद्यमान छन् र सहरी विस्तार क्षेत्र कुन क्षेत्रमा प्रस्ताव गरिएको छ सोको अध्ययन तथा विश्लेषणको आधारमा भू-उपयोग क्षेत्रको निर्धारण (Delineation of the Area Predominant Land Use Zone) गर्ने कार्य गरिन्छ । जस्तै : आवासीय भवनहरू बढ्दो सङ्ख्यामा निर्माण भइरहेका क्षेत्रमा औद्योगिक क्षेत्र प्रस्ताव गरिएमा कार्यान्वयन गर्न सम्भव नहुन सक्छ । त्यस्ता क्षेत्रहरू र सो आसपासका खाली क्षेत्रहरूलाई समेत समेटेर आवासीय क्षेत्रको रूपमा तोकिनु जरुरी हुन्छ । त्यसै गरी अन्य भू-उपयोग क्षेत्रहरू जस्तै : व्यापारिक, औद्योगिक, संस्थागत, उद्यान, वन आदि क्षेत्रहरू पनि त्यस्तै गरी प्रस्ताव गरिनु पर्छ । प्रस्तावित भू-उपयोग योजनाले मुख्य उपयोग क्षेत्रको सफल कार्यान्वयन गर्न केकस्ता क्षेत्रमा केकस्ता क्रियाकलापहरू सञ्चालन गर्न दिने वा नदीने भन्ने विषयको विनियम समेत तर्जुमा हुन्छ । उर्लाबारी नगरपालिकाको लागि प्रस्तावित भू-उपयोग नक्साअनुसार नगरपालिका क्षेत्रलाई निम्नअनुसार वर्गीकरण गरिएको छ :

क्रमिक रूपमा बढ्दो आवासीकरण, जनसङ्ख्याको वृद्धि सँगै नगर क्षेत्रभित्र विकासको चाप पर्ने हुन्छ । नगरमा यस्ता खाले घरहरूको निर्माण तथा बस्तीहरूको विस्तार प्रायः राजमार्ग तथा सडकको छेउछाउ वृद्धि हुँदै गएको पाइन्छ । पालिकाले उपलब्ध गराएको आँकाडाअनुसार नगरमा घरहरू नक्सा पास गरी वा नगरी दुबै तरिकाले निर्माण हुने गरको छ ।

## ३.१७ पूर्वाधार लगानी रणनीति

प्रस्तावित प्राथमिकतागत क्षेत्रअनुरुप नै सहरी विस्तार क्षेत्रको सफल कार्यान्वयनका लागि सो क्षेत्रहरूलाई प्रोत्साहित गर्ने तथा नगर/सहरी विस्तारका लागि प्रस्ताव नगरिएको क्षेत्रलाई निरुत्साहित गर्न नगरपालिका तथा नेपाल सरकारबाट भौतिक पूर्वाधार निर्माण (मर्मत-सम्भार) कार्यमा गरिने लगानी सम्बन्धी स्पष्ट नीति तय गरी लागु गर्नु पर्दछ । अन्यथा दोस्रो र तेस्रो चरणमा प्रस्ताव गरिएका विस्तार क्षेत्रमा सहर विस्तार हुन जान सक्दछ । जस्तै : दोस्रो तथा तेस्रो विस्तार क्षेत्रमा नगरपालिकाले भौतिक पूर्वाधार निर्माण नगरी भावी विस्तार क्षेत्रतर्फ निर्माण गरिदिने हो भने बस्तीहरू भावी विस्तार क्षेत्रतर्फ बढ्न जान्छन् ।

## ३.१८ मुख्य भू-उपयोग क्षेत्र निर्धारणमा गर्न पाइने क्रियाकलापहरू

मुख्य भू-उपयोग क्षेत्र निर्धारण गरिसकेपछि त्यस्ता क्षेत्रहरूमा के कस्ता सहायक क्रियाकलापहरू सञ्चालन गर्न दिने नदीने, वा विषेश स्वीकृति लिएर मात्र सञ्चालन गर्न दिने भन्ने विनियमावली बनाउनु अति आवश्यक हुन्छ । अन्यथा भू-उपयोग क्षेत्र निर्धारण गरिएको खासै अर्थ हुँदैन । त्यस्तै, मुख्य भू-उपयोग क्षेत्र अनुसारको मात्र क्रियाकलापहरू सञ्चालन गर्न पाइने (जस्तै : आवासीय क्षेत्रमा अन्य कुनै पनि प्रकारका पसल, कारखाना, शैक्षिक गतिविधिहरू आदि सञ्चालन गर्न नपाइने) भन्ने विषयमा विनियमावली तयार भएको छ, तर व्यावहारिक छैन भने पनि लागु गर्न सकिँदैन ।

बस्ती/नगरमा सञ्चालन हुने सबै प्रकारका सहायक क्रियाकलापहरू जुनसुकै क्षेत्रमा सञ्चालन गर्न दिएमा (जस्तै : आवासीय बस्ती सँगै पशुपालन आदि) नगरको वातावरणमा ह्रास आउनका साथै नागरिकहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्दछ । तसर्थ मुख्य भू-उपयोग क्षेत्रमा खासै असर (वातावरणीय वा सामाजिक असर) नपर्ने खालका क्रियाकलापहरूलाई मात्र सञ्चालन गर्न स्वीकृति दिनु उचित हुन्छ । जस्तै : आवासीय क्षेत्रमा किराना, औषधी, तरकारी पसलहरू जस्ता नकारात्मक असर नपार्ने खालका क्रियाकलापहरू सञ्चालन गर्न दिन सकिन्छ भने कलकारखाना, पशुपालन जस्ता क्रियाकलापहरू सञ्चालन गर्न बन्देज लगाउनु पर्दछ ।

### ३.१९ भवन निर्माण मापदण्ड

नगर पालिकामा निर्माण गरिने भवनहरूबाट नगर/नगरको सुन्दरता, स्वच्छ वातावरण तथा निर्मित वातावरणमा ह्रास आउन नदीन उर्लाबारी न. पा. ले भवन तथा योजना मापदण्ड परिषद्बाट पास गरेर लागु गर्नु पर्छ । यसको कार्यान्वयनबाट न. पा.को योजनाबद्ध ग्रामिण विकास/सहरीकरणलाई प्रोत्साहन गर्नु पर्दछ । मापदण्डले साँघुरा गल्लीहरू बन्न नदीने, जथाभावी सहरीकरण रोक्ने, आवश्यक खुल्ला क्षेत्रहरूको व्यवस्था गर्ने, धनजनको सुरक्षा गर्ने, सुस्वास्थ्यको व्यवस्था गर्ने, पूर्वाधारहरूको सन्तुलित र पर्याप्त व्यवस्था गर्ने, गोपनीयताको समुचित प्रत्याभूति दिने, स्रोत र साधनको समानुपातिक उपभोग र वितरण नियमित गर्ने, वातावरणीय ह्रास हुन नदीने र सहरी जीवनलाई सरलीकरण गर्ने उद्देश्य लिनु पर्दछ । सो मापदण्डले मुख्यतः भू-उपयोग क्षेत्र, विस्तार क्षेत्र, सडक अधिकार क्षेत्र, सेट व्याक, निर्माण रेखा, जग्गाको अधिकतम उपयोग, कुल निर्मित क्षेत्रफल आदिको निम्ति सीमा तोकेको हुनु पर्छ।

**तालिका नं. ३. ७ : स्वीकृति दिन सकिने अधिकतम ग्राउण्ड कभरेज, तल्ला संख्या र भवनको उचाई**

| क्र. सं. | भू-उपयोग क्षेत्र | घडेरीको क्षेत्रफल | अधिकतम ग्राउण्ड कभरेज (%) | न्यूनतम सेटब्याक मी. | अधिकतम तल्ला संख्या | अधिकतम उचाई (फिट) | भुईं क्षेत्रको अनुपात |
|---|---|---|---|---|---|---|---|
| १. | व्यापारिक क्षेत्र | ५ धुर देखि १० धुर<br>१० धुर देखि १ कठ्ठा<br>१कठ्ठा आना भन्दा माथि | ९०<br>८०<br>७० | २<br>२.५<br>३.५ | ५<br>५<br>५ | ५८<br>५८<br>५८ | ३.५<br>३.०<br>३.५ |
| २. | आवासीय क्षेत्र - क | ५ धुर देखि १० धुर<br>१० धुर देखि १ कठ्ठा<br>१कठ्ठा आना भन्दा माथि | ८०<br>७०<br>६० | १.५<br>१.५<br>२.० | ५<br>५<br>५ | ५८<br>५८<br>५८ | ३.०<br>२.५<br>२.० |
| ३. | आवासीय क्षेत्र - ख | ५ धुर देखि १० धुर<br>१० धुर देखि १ कठ्ठा<br>१कठ्ठा आना भन्दा माथि | ८०<br>६५<br>५० | १.५<br>१.५<br>२.० | ४<br>४<br>४ | ४७<br>४७<br>४७ | ३.२<br>२.६<br>२.० |
| | संस्थागत | | ५० | ५ | | | ३.० |
| | शैक्षिक | | ५० | ५ | | | ३.० |
| | मनोरञ्जन | | ५० | ५ | | | २.५ |
| | होटल .... | | ५० | ५ | | | २.५ |

स्रोतः भवन निर्माण मापदण्ड (२०७२)
प्रस्तावित परिभाषाः **आवासीय क्षेत्र (क)**: वजार तथा वडाका घनावस्तीहरु, **आवासीय क्षेत्र (ख)**: आवासीय क्षेत्र (क) बाहेकको अन्य आवासीय क्षेत्र

भवन निर्माण मापदण्ड, २०७५ का प्रमुख अंशहरु निम्नानुसार छन् :

**प्रवेश मार्ग**

- प्रस्तावित प्लटसम्म पुग्ने प्रवेशमार्गको चौडाई ६ मी. भन्दा कम हुनु हुँदैन ।
- सडक अधिकार क्षेत्रको मापदण्डमा तोकिएको अवस्थामा बाहेक ४ मी. भन्दा कम सडक चौडाईमा कुनै पनि संरचना बनाउन सकिने छैन ।
- सडक चौडाई ६ मी. भन्दा कम र लम्बाई ५० मी. भन्दा बढी भएको भवनहरु घना रुपमा निर्माण भई सकेको ठाउँमा निर्माण कार्य गर्दा प्लटको सिमानालाई सडक केन्द्र रेखाबाट ३ मी. पर हटाई त्यस्तो प्रवेशको माध्यमको चौडाईलाई ६ मी. बनाउनु पर्नेछ र स्थायी निर्माण कार्य गर्न उक्त सारिएको सिमानाबाट १ मी. सेटब्याक छाड्नु पर्नेछ ।
- पुराना वस्तीहरुमा रहेका बाटोहरुलाई सुधार गरी चौडा गर्ने क्रममा ६ मी. सम्म चौडा गर्न नसकिएमा ४ मी. सम्म चौडा गर्नुपर्नेछ ।

- बाटो टुंगिने जग्गा (कल डि स्याक)राख्नु परेमा २०० फिट सडक लम्बाईमा नबढाई राख्नुपर्नेछ । यसको न्यूनतम क्षेत्रफल ९०० वर्गफिट (लम्बाई, चौडाई नगरपालिकाले तोके बमोजिम) हुनु पर्नेछ ।

**घडेरीको न्यूनतम क्षेत्रफल**

मापदण्ड लागु हुनुभन्दा अगाडि कित्ता काट भएका घडेरी/जग्गाहरुको हकमा बाहेक आवासीय क्षेत्रमा भवन निर्माणको लागि कम्तिमा ५ धुर क्षेत्रफलको घडेरी/जग्गा हुनुपर्नेछ ।

**सडक अधिकार क्षेत्र**

नगरपालिका क्षेत्रभित्र नयाँ खुल्ने सडकहरुको हकमा सडक अधिकार क्षेत्र कम्तीमा ६ मी. हुनेछ तर तालिका मा उल्लेखित सडकहरुको हकमा सोही बमोजिम हुनेछ ।

**तालिका नं. ३.८ : सडक अधिकार क्षेत्र**

| क्र.सं. | सडकको नाम र स्थान | सडक अधिकार क्षेत्र (मी) |
|---|---|---|
| १. | वडा कार्यलय देखि नगरपालिका कार्यलय जोडने सडक | २४ |
| २. | वडा कार्यलयहरु जोडने सडक | २० |
| ३. | मूख्य बजारको सडक सुधार | १६ |
| ४. | वडा स्तरीय सडक तथा सडक छेउ नाला | १२ र १४ |

**सडकहरुको नमूना सेक्सन**



TYPICAL CROSS-SECTION OF 2 LANE ROAD

नगरपालिकाबाट स्वीकृति प्राप्त भई बनेका घर तथा हालको मापदण्ड लागु हुनु भन्दा अगाडि बनेका भवनहरुको हकमा विद्यमान सडक अधिकार क्षेत्र लागू हुनेछैन, तर ती भवनहरु भत्काएर पुनः निर्माण गर्नु पर्दा अथवा नगरपालिकाबाट स्वीकृति प्राप्त भई बनेका पुराना भवनहरुमा तला थप गर्नु पर्दा विद्यमान सडक अधिकार क्षेत्र लागू हुनेछ । तोकिएको सडक अधिकार क्षेत्र भन्दा सडकको चौडाई बढी भएको अवस्थामा त्यस्ता सडकको किनाराबाट तोकिएको सेट ब्याक छोडेर मात्र निर्माणको लागि स्वीकृति दिइनेछ ।

**सेट ब्याक**

सडक अधिकार क्षेत्रपछि कुनै पनि भवन निर्माणको लागि छोड्नु पर्ने सेटब्याक दूरी कम्तिमा २ मी. हुनेछ । प्रस्तावित प्लट सार्वजनिक जग्गासँग जोडिएको छ भने निर्माण कार्य गर्नको लागि त्यस्तो जग्गाको साँधबाट कम्तिमा १.५ मी. छोड्नु पर्नेछ । झ्याल, ढोका राखी भवन निर्माण गर्नु पर्दा प्लटको पछाडी किनारा एवम् दुबै छेउ जता पट्टि झ्याल, ढोका राख्ने हो, त्यतापट्टि कम्तीमा १.५ मी. छाड्नु पर्दछ । झ्याल, ढोका नराखी निर्माण गर्न प्रस्ताव गरिएको किनारातर्फ सडक वा सार्वजनिक जग्गा परेको अवस्थामा उक्त सडकको सडक अधिकार क्षेत्र वा सार्वजनिक जग्गासँगको साँधपछि कम्तिमा १.५ मी. सेट ब्याक छाड्नु पर्दछ ।

**निर्माण रेखा**

झ्याल, ढोका राखी भवन निर्माण गर्नुपर्दा प्लटको जुन किनारापट्टि झ्याल, ढोका राख्ने हो त्यतापट्टि १.५ मी. छाड्नु पर्दछ । सार्वजनिक जग्गाको साँधतर्फ र सडकसँग जोडिएको किनारातर्फ बाहेक अन्य संधियारको किनारापट्टि झ्याल, ढोका नराखी निर्माण प्रस्ताव भएकोमा आफ्नो साँधबाट निर्माण गर्न सकिने छ, तर यसरी साँधबाट निर्माण गर्दा कुनै पनि किसिमको भेन्टिलेशन, ग्रील आदि राख्न पाइने छैन र संधियारको किनाराको हकमा संधियारको मञ्जुरीनामा भए मात्र बन्द भेन्टिलेशन, ग्रील वा बन्द सिसा राख्न सकिने छ ।

**उचाई**

आवासीय प्रयोजनको भवनको निमित्त भुईंदेखि सिलिङ्गसम्मको न्यूनतम उचाइ ९' हुनुपर्नेछ । विशेष प्रकारका भवनहरु ( शैक्षिक संघ संस्थाहरु, सरकारी, अर्धसरकारी, गैर सरकारी संघ संस्था, नर्सिङ्ग होम, पोलिक्लिनिक, तारे  होटल,सिनेमा घर, नाच घर, सभागृह, सपिङ्ग कम्प्लेक्स, सुपर मार्केट, साना/घरेलु उद्योग, ठूला उद्योग र नगरपालिकाले विशेष प्रकारको भनी तोकेका भवनहरु)को लागि भुईंदेखि सिलिङ्गसम्मको न्यूनतम एवम् अधिकतम उचाई नगरपालिकाले तोकिदिए/ स्वीकृत गरिदिए बमोजिम हुनेछ ।

स्वीकृति दिन सकिने अधिकतम उचाई भन्दा माथि ८'०" सम्म भऱ्याङ् ढाक्ने निर्माण गर्न स्वीकृति दिन सकिनेछ तर यस्तो निर्माण हुने तल्लामा अन्य कुनै पनि कोठा हुनु हुँदैन । सबैभन्दा माथिल्लो तल्लामा अधिकतम उचाई माथि १ मी. सम्म प्यारापेट पर्खाल निर्माण गर्न दिन सकिनेछ ।

पुरानो भवन भत्काएर सोही प्लटमा नयाँ भवन निर्माण गर्दा हालको मापदण्ड अनुसारको तल्ला संख्या र उचाई बमोजिम स्वीकृति दिईनेछ ।

भवन निर्माण संहिता

यस नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै संरचनाहरु भवन निर्माण संहिता अनुसार बनाउनु पर्नेछ ।

**सेवा सुविधा**

नगरपालिकाबाट स्वीकृत भएको नक्सा बमोजिम बनेको भवनलाई मात्र सेवा सुविधा जडानको निमित्त सम्बन्धित निकायलाई सिफारिस गरिनेछ । नगरपालिकाको सिफारिस प्राप्त भएपछि मात्र सम्बन्धित निकायले सेवा सुविधा जडान गर्नु पर्नेछ । कुनै पनि नयाँ भवन निर्माण गर्न वा विद्यमान भवनमा परिवर्तन गर्नु पर्दा सेवा सुविधा सम्बन्धी निम्न प्रावधानहरु लागू हुनेछन् :

सतह ढल

प्रस्तावित प्लटबाट नगरपालिका वा सम्बन्धित निकायले तोकिएको दूरी भित्र सतह ढल छ भने प्लट भित्रको वर्षाको पानी सतह ढलमा नगरपालिका वा सम्बन्धित निकायले तोके बमोजिम जोड्नु पर्दछ । सतह ढलमा कुनै पनि किसिमको ठोस फोहर मैला एवम् विषालु पदार्थ पठाउन पाईने छैन ।

जमिन मुनीको ढल निकास

चर्पी नभएको भवनलाई निर्माण स्वीकृती दिईने छैन । प्लटबाट ३ मि. सम्मको दूरीमा ढल निकास छ भने चर्पी/सेप्टिक ट्यांकबाट यसमा जडान गर्नु पर्नेछ । यदि सो दूरीसम्ममा निकासको व्यवस्था छैन भने सेप्टिक ट्यांक र सोकपिटको व्यवस्था गर्नु पर्नेछ । ढलनिकासमा जडान गर्दा सम्बन्धित निकायले तोके बमोजिम गर्नुपर्दछ । सडक अधिकार क्षेत्रभित्र सेप्टिक ट्यांक र सोकपिट निर्माण गर्न पाईने छैन । यस्तो निर्माणको लागि प्लट सिमानाबाट १ मी. छाड्नु पर्दछ ।

खानेपानी ट्यांक

जमिनमुनी खानेपानी ट्यांक बनाउँदा सडक अधिकार क्षेत्रभित्र बनाउन पाइने छैन । खानेपानीको पाईप जडान गर्दा सम्बन्धित निकायले तोके बमोजिम गर्नुपर्दछ ।

विद्युत

निर्माणको लागि प्रस्तावित भवन/प्लटबाट विद्युतको तार नजिकै भएको अवस्थामा निर्माण/तल्ला थप गर्नु पर्दा सम्बन्धित निकायले तोके बमोजिम गर्नुपर्दछ । अग्ला भवनहरुमा चट्याङ्गबाट बचावटको लागि सम्बन्धित निकायले तोके बमोजिमका प्रावधानहरु राख्नुपर्दछ ।

पार्किङ्गको व्यवस्था

विशेष प्रकारका भवनहरुको निमित्त (आवासीय तथा साना घरेलु उद्योग बाहेकमा) जम्मा जग्गाको कम्तिमा १५% जग्गा पार्किङ्गको लागि छोड्नु पर्दछ । जग्गाको क्षेत्रफलको आधारमा समेत नगरपालिकाले पार्किङ्गको लागि छोड्नु पर्ने जग्गाको प्रतिशत तोक्न सक्नेछ । गाडी मर्मत सम्बन्धी कारखानाको लागि जम्मा जग्गाको कम्तिमा २५% जग्गा पार्किङ्गको लागि छोड्नु पर्दछ । नगरपालिकाले जग्गाको क्षेत्रफलको आधारमा समेत पार्किङ्गको लागि छोड्नु पर्ने जग्गाको प्रतिशत तोक्न सक्नेछ ।

**विशेष प्रकारका भवनहरु**

विशेष प्रकारका भवनहरु अन्तर्गत शैक्षिक संघ संस्थाहरु, सरकारी, अर्द्धसरकारी, गैरसरकारी संघ संस्था, नर्सिङ्ग होम, पोलिक्लिनिक, तारे होटल, सिनेमा घर, नाच घर, सभागृह, सपिङ्ग कम्प्लेक्स, सुपर मार्केट, साना/घरेलु उद्योग, ठूला उद्योग र नगरपालिकाले विशेष प्रकारको भनी तोकेका भवनहरु पर्दछन् । यस्ता भवनहरुको अधिकतम चर्चेको क्षेत्रफल ६०%, र अन्य प्रावधानहरु नगरपालिकाले तोके बमोजिम हुनेछ ।

### ३.२० भौतिक योजनाको मापदण्ड

यसको लागि पनि वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डलाई आधारको रुपमा लिन सकिन्छ । यसको साथै शहरी विकास तथा भवन निर्माण विभागबाट प्रकाशित भौतिक योजनाको मापदण्डलाई भौतिक योजना, जग्गा विकास योजना तथा आवास विकास योजनाहरु स्वीकृत गर्ने प्रयोजनको लागि न्यूनतम मापदण्डको रुपमा प्रयोग गर्ने गरी नगरपालिका बोर्डबाट निर्णय गरी लागू गर्न सकिन्छ ।

### ३.२१ जग्गा विकास कार्यक्रम

सहरी विस्तार क्षेत्र नीतिले सहर (बस्ती) लाई कुन क्षेत्रतर्फ क्रमशः विस्तार गर्दै लाने भन्ने दिशामात्र निर्देशन गरेको हुन्छ । पूवार्धार लगानी नीतिअनुरूप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा बस्तीहरू जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ, तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत-जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदिका लागि जग्गा विकास कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने हुन्छ । नेपालका सहरी क्षेत्रमा प्रचलित जग्गा विकास कार्यक्रमहरू निम्नअनुसार छन् :

क) निर्देशित जग्गा विकास कार्यक्रम **(Guided Land Development Program)**

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी विकास भइसकेको बस्तीहरूमा वा निकट भविष्यमा विकसित हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न वा नयाँ बाटो खोल्न सञ्चालन गरिने कार्यक्रम हो । योजना बिना नै आफैँ विकसित हुँदै आएका बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागबेली प्रकारका भई आपत्कालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्बुलेन्स वा गाडी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन् । तसर्थ बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकताअनुसार केही जग्गा र कहीँकहीँ घर, टहराको केही अंश समेत भत्काउन पर्ने हुन्छ । जग्गाधनी वा घरधनीको अनुमतिबिना यो जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सकिँदैन ।

(ख) जग्गा एकीकरण कार्यक्रम **(Land Pooling Program)** :

जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न जग्गा अधिग्रहण गर्नु पर्दैन । जग्गा एकीकरण गरिने क्षेत्रभित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधिभित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ । पूवार्धार निर्माणको लागि चाहिने खर्च, खुला क्षेत्र, सडक आदिमा जाने जग्गाको मोल हिसाब गरिन्छ । यस अतिरिक्त जग्गाधानीले कति जग्गा दिनु पर्ने हो सो पहिल्यै यकिन गरिन्छ । जग्गाधनीहरूले योजनाले निर्धारित गरेअनुसार जग्गा दिएवापत पछि विकसित घडेरी पाउँछन् । सबै पूर्वाधारयुक्त विकसित घडेरीको बजार मूल्य पहिलेको भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुन्छन् । यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नु नपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नु पर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा लिन सक्दछन् भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित सहरीकरणको प्रयासमा समेत यसले निकै ठूलो टेवा पुऱ्याउने हुन्छ । जग्गाधनीहरूको सहमति र अनुमति बिना सञ्चालन नहुने यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय साबित भएको छ ।

**(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site and Services Program) :**

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रस्ताव गरिएको निश्चित ठाउँमा अनिवार्य रूपले जग्गा अधिग्रहण गरिन्छ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिइन्छ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासको हिसाबले चाहिने प्रायः सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमका वा विभिन्न किसिमका घडेरीहरू) निर्धारित मूल्यमा निश्चित नीतिअन्तर्गत रही बिक्री वितरण गरिन्छ । विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ । तसर्थ, घडेरीको मोल सुरुको अधिग्रहणको मोलभन्दा धेरै गुणा बढ्नु स्वाभाविक हुन्छ । काठमाडौँको कुलेश्वर र गल्फुटारमा सञ्चालित आवास योजनाहरू यसका उदाहरण हुन् ।

## ३.२२ ठेगाना प्रणाली

यस पालिका अझै पनि व्यवस्थित र वैज्ञानिक ठेगाना प्रणाली लागू भएको छैन । आधारभूत सम्पर्कका लागि मात्र नभई तथ्याङ्क सङ्कलन, सूचना प्रवाह आदिका लागि पनि घरहरुको ठेगाना महत्वपूण हुन्छ । घरहरुको ठेगाना व्यवस्थित गर्न सके र त्यसको विवरण कम्प्यूटरीकृत गरी डाटावेस (Database) बनाई समय-समयमा अद्यावधिक गर्न सके प्रत्येक घरको जनसंख्या, सदस्य संख्या, लिङ्ग, पेशा, आय जस्ता आर्थिक-सामाजिक विवरणका साथै घरघरमा सञ्चालित पसल, व्यवसाय आदिको विवरण पनि सजिलै प्राप्त हुन सकी क.  को घरधुरी सर्वेक्षण, कर संकलन आदि कार्यमा ठूलो सहयोग मिल्न सक्छ ।

यस पालिका को धेरै भू-भाग अझै ग्रमिण प्रकृतिको हुनाले ठेगाना प्रणाली सर्वत्र लागू गर्न व्यवहारिक र मितव्ययी दुवै हुदैन । घना वस्तीको स्वरुप धारण गरिसकेको बजार क्षेत्रमा वैज्ञानिक ठेगाना प्रणलीको सुरुवात गर्न सकिन्छ ।

वैज्ञानिक ठेगाना प्रणली लागू गर्दा हाल काठमाण्डौ महानगरपालिकाले अपनाएको मेट्रिक ठेगाना प्रणली अति उपर्युक्त हुन्छ । यो प्रणली लचिलो र सरल छ । यस प्रणली अनुसार अनुसार घरहरुलाई सडकको उद्‌गम विन्दुदेखिको दुरीको आधारमा घर नम्बर दिईन्छ,, (ख) । बाटो देब्रेतर्फको घरका लागि विजोड र दाहिनेतर्फको घरका लागि जोड नम्बर दिईन्छ ।

उदाहरण स्वरुप, कुनै घरको मूल ढोका बाटोको उद्‌गम विन्दुबाट १२०.७५ मि. टाढा छ र सडकमो दायाँ तिर पर्दछ भने त्यो घरको नम्बर १२० हुन्छ ।

यो ठेगाना प्रणली लागू गर्दा प्रत्येक घरलाई बाटोको नाम र घर नम्बर सहितको पाता दिईन्छ र सो पातालाई घरको मूल ढोकानिर सबैले देख्ने गरी टाँगिन्छ । घर नम्बरको सुरुको विन्दु यनि गर्दा उत्तर-दक्षिण बाटो भए दक्षिण छेउ र पूर्व-पश्चिम बाटो भए पूर्वी छेउलाई आधार मानिन्छ । घरका साथसाथै बाटोहरुको पनि नामिकरण गरिएको हुन्छ ।

चौडाइका आधारमा बाटोलाई पथ, सडक (पेटी भएको बाटो), मार्ग (पेटी नभएको बाटो) र गल्लीमा विभाजन गर्न सकिन्छ ।

**फाइदाहरू :**

- बाटोको सुरुबाट घरसम्मको दूरी अन्दाज गरी घर पत्ता लगाउन सकिन्छ ।
- बाटोको नामले पनि सो घर सहरको कतातिर पर्दछ भन्ने थाहा हुन्छ ।
- दुई घरका बीचको खाली जग्गामा नयाँ घर बन्दा पनि सजिलै घर नम्बर दिन सकिन्छ । यसले अन्य घर नम्बरलाई केही असर पार्दैन ।
- घर नम्बरका आधारमा न. पा.मा सूचना प्रणाली (Information System) खडा गर्न सकिन्छ ।
- यो ठेगाना प्रणालीबाट हुलाक कार्यालय, निर्वाचन आयोग, तथ्याङ्क शाखा, सेवा प्रदायक संस्थाहरू लगायत सर्वसाधारण लाभान्वित हुन्छन् ।
- यो ठेगाना प्रणालीबाट धेरै संस्था र जनता समेत लाभान्वित हुने हुँदा जडान खर्च बापत घरधनीसँग र अन्य
- प्रशासनिक खर्चहरू विभिन्न सङ्घसंस्थाको प्रायोजनमा उठाउन सकिन्छ ।

### ३.२३ आर्थिक विकास योजना

आर्थिक विकासको सन्दर्भमा विश्लेषण गर्दा न. पा.को विगतको र हालको आर्थिक स्रोतको प्रवृत्तिमा केही फरक देखिन्छ । विगतका तथ्याङ्कहरूले नगर क्षेत्रको बासिन्दाको कुल आम्दानीको झन्डै ७५% भार कृषि र पशुपालनले क्षेत्रले र बाँकी भार अन्यले ओगटेको थियो भने हालको आम्दानीमा वैदेशिक रोजगारले थप सहयोग गरेको छ ।

पेसागत रूपमा कुल जनसङ्ख्यामध्ये कृषिमा ८५ प्रतिशत घरायसी कार्यमा ४ प्रतिशत सरकारी नोकरीमा २ प्रतिशत वैदेशिक रोजगारीमा ५ प्रतिशत व्यापार व्यवसायमा २ प्रतिशत अन्यमा १.६ प्रतिशत संलग्न देखिन्छन् ।

बढ्दो सहरीकरण सँगसँगै बढेको आवासीय, औद्योगिक, संस्थागत र व्यापारिक क्रियाकलाप सँगसँगै कृषियोग्य जमिन स्वभाविक रूपमा घट्दो क्रममा छ र आर्थिक क्षेत्रमा गैर कृषि क्षेत्रको योगदान निरन्तर बढ्दो क्रममा छ । देशव्यापी रूपमा वैदेशिक रोजगारीप्रतिको आकर्षणबाट यो क्षेत्र पनि अछुतो रहन सकेको छैन । वैदेशिक आम्दानीको स्रोतले नगरको आम्दानीको स्रोतमा सबलता पनि थपेको छ भने अर्कोतिर कामका लागि कर्मशील युवावर्गहरू वैदेशिक रोजगारप्रति आकर्षित भई विदेश पलायन हुने क्रम बढ्ने प्रभाव नकारात्मक देखिन्छ । यस आवधिक योजनाले यस्ता पक्षहरूको सकारात्मक र नकारात्मक दुवै अवस्थालाई सन्तुलित गर्ने प्रयास गरेको छ ।

आर्थिक विकासमा प्रत्यक्ष असर देखाउने कारक तत्व कृषि क्षेत्र, उद्योग क्षेत्र आदिको लागि सडक यातायातको सुगमता छ,। तर कृषि क्षेत्र आर्थिक हिसाबले नभई निर्वाहमुखी मात्र भएकोले व्यवसायीकता हासिल गर्न सकेको देखिदैन । त्यसैले कृषिमा आधुनिकीकरणका साथै विभिन Pocket Area बनाइ व्यवसायि खेतीगर्ने, कृषि सम्बन्धी तालिम, कृषिमा यान्त्रीकरया गरी कृषकलाई आकर्षित गर्न सकिने प्रचुर सम्भावना देखिन्छ । उर्लाबारी नगरपालिकाका बासिन्दाको आर्थिक रूपान्तरणका लागि अग्रणी क्षेत्रमध्येको कृषिको योजना तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३. ९ : कृषि योजना तालिका**

| योजनाको सारांश | सूचक | जेखिम पक्ष |
|---|---|---|
| उद्देश्य : | | |
| कृषि क्षेत्रको पहिचान गरी उन्नत जातका बीउबिजन, मलखाद, तालिम प्राप्त जनशक्ति आदिका माध्यमबाट कृषकलाई अभिमुख गरी आय-आर्जनको सम्भावना बढाउने | | |
| नतिजा (कृषि ) : | | |
| कृषि उपज उत्पादन तौर-तरिकामा आमूल परिवर्तन आई लक्षित वर्गको आय आर्जन र जीविकोपार्जनमा सुधार भएको हुने | कृषि क्षेत्रमा आ. व. २०८३/०८४ सम्ममा थप ७५० रोजगारी थपिएको | • सहज राजनैतिक वातावरण<br>• निजी क्षेत्रको सक्रियता<br>• निजी क्षेत्र मैत्री वातावरण<br>• विद्युत्को उपलब्धता<br>• अनुकूल मजदूर नीति<br>• आर्थिक संस्थाको लगानी<br>• पर्यटकीय क्षेत्रको विकास |
| २. स्थानीय कृषि उपज उत्पादन बृद्धि भई बाह्य निकासीमा वृद्धि भएको हुने | | |

**रणनीति :**

- कृषि क्षेत्रले अर्थतन्त्रमा पार्न सक्ने सकरात्मक प्रभावका बारेमा जनचेतना जगाई स्थानीय कृषकको व्यापक उपयोग गरी बेरोजगारी घटाउने ।
- उर्लाबारी न. पा. को भूगोल र वातावरणलाई सुहाउने बालीनाली लगाई कृषि क्षेत्र प्रवर्द्धन गर्ने ।
- उन्नत तथा नश्ल सुधार गरीएका बीउविजन प्रयोग गरी कम लागतमा बढि भन्दा बढि उत्पादन गर्ने कुरालाई प्राथमिकता दिने ।

**नीति/कार्यनीति :**

- कृषि, उद्योग, शिक्षा र पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रसँग सहकार्य गर्ने ।
- स्थानीय स्तरमा स्थानीय उत्पादनको प्रयोगलाई बढावा दिने ।
- अर्ग्यानिक खेतीमा जोड दिई मानव श्वास्थ, वातावरण र पर्यावरण समेतलाई कम भन्दा कम हानी हुने गरी कृषि व्यवसाय गर्न कृषकलाई प्रोत्साहित गर्ने ।
- सबै खाले कृषि व्यवसायलाई करको दायरामा ल्याई सो बापत् ऋण सुविधा, व्यावसायिक तालिम र अनुदानमा सहयोग पुऱ्याउने ।

**कार्यक्रमहरू :** प्रस्तावित नगरस्तरीय कार्यक्रमहरू तथा प्रस्तावित वडास्तरीय कार्यक्रमहरू अघिल्लो तालिकामा प्रस्तुत गरिएका छन् ।

**नीति :**

कृषि, व्यापार, उद्योग तथा सेवा व्यवसायको विकास र विस्तार

**वित्तीय विकास**

आन्तरिक स्रोत

आन्तरिक स्रोतमा स्थानीय कर (मालपोत तथा भूमिकर, घरजग्गा कर, बहाल कर, बिटौरी कर, व्यवसाय कर, सवारी कर, सवारी तथा वार्षिक सवारी कर, पटके सवारी कर, सम्पति कर, मनोरञ्जन कर तथा विज्ञापन कर) सेवा शुल्क कर ( सवारी पार्किङ शुल्क, महसुल तथा सेवा शुल्क, खानेपानी महसुल, टेलिफोन महसुल, पर्यटन सेवा शुल्क, सार्वजनिक सेवा उपयोग सेवा शुल्क, सार्वजनिक संरचना मर्मत सम्भार शुल्क, अचल सम्पति मूल्याकंन सेवा शुल्क स्थानीय विकास शुल्क

र अन्य सेवा शुल्क), दस्तुर (दर्ता तथा नविकरण दस्तुर, नक्सा पास दस्तुर, सिफारिस तथा बक्सौनी दस्तुर, नाता प्रमाणित दस्तुर, अन्य दस्तुर र(सर्जमिन सहित), विक्री (चालु सम्पति विक्री, स्थायी सम्पति विक्री र अन्य विक्री), स्रोत परिचालन (सा.नि.साझेदारी र अन्य स्रोत परिचालन), सावां ब्याज लाभांस र बोनस (सावा फिर्ता लाभांस) र अन्य आय ( दण्ड, जरिवाना, भाडा तथा बहालबाट, धरौटी जफत, धरौटी फिर्ता, पेस्की फिर्ता र अन्य विविध आय) आदि उपशीर्षक अन्तर्गतबाट आय प्राप्त हुने गरेको छ ।

बाह्य स्रोत

बाह्य स्रोतअन्तर्गत अनुदान, स्रोत बाँडफाँड आदिबाट आएका रकमहरू रहेका छन् । अनुदान शीर्षकअन्तर्गत संघीय सरकारबाट अनुदान (ससर्त अनुदान, निसर्त अनुदान, अन्य नगद अनुदान र वस्तुगत अनूदान), प्रादेसीक सरकारबाट आउने अनुदान, जिसस अनुदान (ससर्त अनुदान, निसर्त अनुदान, अन्य नगद अनुदान, वस्तुगत अनुदान), अन्य अनुदान ( अन्य निकायबाट प्राप्त अनुदान), वस्तुगत अनुदान तथा प्राविधिक सहायता (वस्तुगत सहायता, प्राविधिक सहायता), जिससबाट राजस्व बाँडफाँडबाट आय (स्रोत उपयोग करबाट बाँडफाँड, विक्रीबाट बाँडफाँड), वैदेशिक सहायता (ससर्त अनुदान, निसर्त अनुदान, वस्तुगत अनुदान, सोझै भुक्तानी), ऋण तथा सापटी (बैंक ऋण स्वदेशी, अन्य ऋण स्वदेशी, विदेशी ऋण, सापटी), चन्दा दान उपहार (जनसहभागिता, लागत सहभागिता), नगरपालिका कोष, भुक्तानी दिनु पर्ने रकमहरू (धरौटी), प्रावधानहरू, भुक्तानी पाउनु पर्ने रकमहरू, पेस्की हिसाब, जिन्सी मौज्दात (सुरु जिन्सी मौज्दात, अन्तिम जिन्सी मौज्दात), बैंक हिसाब, नगद, आम्दानी खर्चको हिसाब पर्दछन् ।

वित्तीय विकासका समस्या तथा अवसरहरू

वर्तमान अवस्थामा सङ्कलन भइरहेका करहरू तथा बाह्य स्रोतबाट प्राप्त भएका रकमहरू केवल नियमित आकस्मिकता जस्ता मात्र देखिएका छन् । सीमित करको दायरा र अनियमित सङ्कलन गर्दा लक्षित उद्देश्य हासिल गर्नमा कठिनाइ उत्पन्न हुने हुन्छ ।

**तालिका नं. ३.१० : वित्त विकास सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचकहरू | पुस्ट्याइँका आधारहरू | जेखिम पक्षहरू |
|---|---|---|---|
| लक्ष : नगरपालिकाको वित्तीय स्थितिमा सुधार ल्याई सार्वजनिक सेवा सुविधाहरू प्रदान गरिएको हुनेछ । | | | |
| उद्देश्य : उर्लाबारी नगरपालिकाको वित्तीय स्थितिमा सुधार भएको हुनेछ । | | | |
| १. आयमा वृद्धि भएको हुनेछ । | • आय वृद्धिका आधारमा बजेट वृद्धि भएको हुनेछ ।<br>• आम्दानीको स्रोत पहिचान भएको हुनेछ ।<br>• असुल हुन बाँकी असुल भएको हुनेछ ।<br>• आय वृद्धिको लक्ष पूरा भएको हुनेछ । | • न. पा. को अभिलेख<br>• वजेट<br>• आर्थिक प्रतिवेदन<br>• असुल हुन बाँकीको अभिलेख । | • स्रोत पहिचानमा कठिनाइ ।<br>• असुल हुन बाँकी रकम असुल गर्न ।<br>• आयवृद्धिमा निजी सहभागितामा कमी । |
| ३. प्रभावकारी प्रतिवेदन प्रणाली लागु भएको हुनेछ । | • महिना समाप्त भएको ७ दिनभित्र प्रतिवेदन तयार भएको हुनेछ ।<br>• आर्थिक वर्ष बितेको महिनाभित्र वार्षिक प्रतिवेदन तयार भएको हुनेछ ।<br>• जनशक्तिको विकास | • मासिक तथा वार्षिक प्रतिवेदन | • हिसाब मिलान गरी प्रतिवेदन तयार गर्ने जनशक्तिको विकास हुन नसक्नु<br>• तालिम प्राप्त जनशक्ति हुन नसक्नु |

| योजनाको सारांश | सूचकहरू | पुस्ट्याइँका आधारहरू | जेखिम पक्षहरू |
|---|---|---|---|
| | भएको हुनेछ । | | |
| ४. खर्च व्यवस्थापन नियन्त्रणमुखी भएको हुनेछ । | • खर्च निर्देशिका तथा Accounting Manual को कार्यान्वयन<br>• पेस्की नियन्त्रण भएको हुनेछ ।<br>• बजेटभन्दा बढी खर्च नभएको हुनेछ । | • खर्च निर्देशिका तथा Acounting Manual को कार्यान्वयन ।<br>• पेस्की रकमको अन्त्य<br>• बजेट सीमामा रही खर्च हुनु । | • खर्च निर्देशिका तथा Acounting Manual को कार्यान्वयनमा कमी ।<br>• पेस्की नियन्त्रण गर्न कठिन ।<br>• बजेट सीमाभित्र रही खर्च गर्न कठिनाइ हुने । |
| नतिजाहरू : | | | |
| १. आन्तरिक लेखापरीक्षण पद्धतिलाई प्रभावकारी बनाइएको हुनेछ । | • आलेप अधिकृतको नियुक्ति गरी तत्काल लेखापरीक्षणलाई प्रभावकारी वनाइने ।<br>• अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखा परीक्षण सम्पन्न भएको हुनेछ । | • आलेप प्रतिवेदन<br>• आलेप अधिकृतको नियुक्ति<br>• खर्च व्यवस्थापनमा सुधार | • दक्ष तालिम प्राप्त कर्मचारी पाउन कठिन<br>• आलेप निर्देशिकाको कमी |
| २. जिन्सी व्यवस्थापन प्रभावकारी भएको हुनेछ । | • जिन्सी र लेखा शाखाका बीच समन्वय भएको हुनेछ । | • जिन्सी निरीक्षण प्रतिवेदन | • समयमा जिन्सी निरीक्षण हुन नसक्नु |
| | • विश्वव्यापी मान्यताका आधारमा जिन्सी लेखा राखिएको हुनेछ । | • आलेप/आन्तरिक लेखा परीक्षण प्रतिवेदन | • जिन्सी अभिलेख दुरुस्त हुन नसक्नु |
| | • नगरपालिकाका सम्पूर्ण सम्पतिको अभिलेख राखिएको हुनेछ । | • न. पा. को जिन्सी अभिलेख | • दक्ष तालिम प्राप्त जनशक्तिको अभाव |
| | • आवधिक जिन्सी निरीक्षण भएको हुनेछ । | | |
| ३. बेरुजु फछ्र्यौट व्यवस्थापन प्रभावकारी भएको हुनेछ । | • बेरुजुको लगत तयार भएको हुनेछ । | • बेरुजुको लगतको अधावधि | • कर्मचारीबाट लगतको अध्यावधि नियमित हुन नसक्नु |
| | • फछ्र्यौट भएको बेरुजु लगतबाट कट्टा भएको हुनेछ । | • बेरुजु फछ्र्यौट भएको रकमबाट आयमा भएको वृद्धि | • बेरुजु फछ्र्यौटबाट आयमा वृद्धिको लगत नपर्ने |
| | • बेरुजु फछ्र्यौटका कारण आयमा वृद्धि भएको हुनेछ । | | |

**कार्यक्रमहरू :** प्रस्तावित नगरस्तरीय कार्यक्रमहरू तथा प्रस्तावित वडास्तरीय कार्यक्रमहरू अघिल्लो तालिकामा प्रस्तुत गरिएका छन् ।

स्थानीय सरकार संचालन ऐन, २०७४, अनुसूची-८ को उपदफा (१) ले नगरपालिकाका काम, कर्तब्य र अधिकारका आवधिक योजनाको क्षेत्रलाई परिभाषित गरे अनुसार देहाय बमोजिम हुनेछ :

- नगरपालिका प्रहरी
- सहकारी संस्था
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा तस्तुर

- स्थानीय सेवाको व्यवीथापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार  व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ
- नगर सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवीथापन
- जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्यांक संकलन
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

यी सम्पूर्ण क्षेत्र समेट्ने गरी आवधिक योजना तर्जुमा गर्नु पर्ने सीमाङ्कन गरिएको पाइन्छ तापनि हाम्रो यो कृषि प्रधान देश भएकाले र उर्लाबारी नगरपालिका आफैंमा कृषिमा निर्भर नगरी भएकाले कृषि क्षेत्रलाई विशेष जोड दिएमा मात्र आर्थिक क्षेत्रको विकासका लागि सही योजना तर्जुमा हुने र यस नगरपालिकाले आवश्यक आर्थिक फड्को मार्न सक्छ । गरिबीको कुचक्रबाट पनि यो नगरपालिका उम्कन सकेको छैन । यसैले आवधिक योजना (२०७९/०८० – २०८३/०८४) 'समृद्ध उर्लाबारी हाम्रो सरोकार' भन्ने उद्देश्य चयन गरिसकेको छ । कृषि, पर्यटन, उद्योग तथा व्यापार, र शिक्षालाई क्रमशः प्राथमिकताको सूचीमा राखेको पाइन्छ । ठाउँ चयन गरेर यहाँ प्राथमिकताका आधारमा बाली नाली लाउन सके उर्लाबारी नगरपालिकाले अवश्य पनि आर्थिक कान्ती ल्याउन सक्छ । त्यस्तै गरी यहाँ अवस्थित मठ मन्दिर, सीमसार क्षेत्रहरु, महेन्द्र राजमार्गबाट उत्तरतर्फ अवस्थित हरियो बन, हाँस पोखरी आदिले पर्यटकीय नगरीको रुपमा स्थापित गर्नेछ । राष्ट्रिय/अन्तराष्ट्रिय स्तरको पर्यकीय स्थल हुन कठिन भए पनि यो स्थानीय पर्यटकीय स्थलका रुपमा अवस्य पनि चिनिन सक्छ । यसले गर्दा स्वत : रोजगार सृजना भई आर्थिक गतिविधि बढ्न सक्छ । विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को निर्माण र यस नगरपालिकाको सेरोफेरोमा रहेका औद्योगिक प्रतिष्ठानहरू हाम्रा निम्ति रोजगार सृजना गर्ने, बजार विस्तार गर्ने माध्यमका रूपमा सावित हुन सक्दछन् । यस क्षेत्रमा विदेशी पुँजी र प्रविधि आमन्त्रण गर्न सकेको खण्डमा रोजगार, आय आर्जन, उच्च जीवन स्तरका कारण यस नगरपालिकाकै आर्थिक अवस्थामा अल्पकालीन परिवर्तन हुन सक्छ ।

## श्रम तथा रोजगार/वैदेशिक रोजगार

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रुपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरुको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरु वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रुपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ । देशको ५६ प्रतिशत घरधुरीले विप्रेषण प्राप्त गरिरहेको सन्दर्भमा यस क्षेत्रको प्रभावकारी

व्यवस्थापनका लागि विगतका योजनाहरुले समेट्न नसकेको कुरा यथार्थ हो । हाल यस उर्लावारी नगरपालिकाले आफ्नो आवधिक योजना निर्माण गरिरहेको सन्दर्भमा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई आवधिक योजनामा समेटी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु महत्वपूर्ण कार्य हनेछ ।

**वर्तमान अवस्था :**

उर्लावारी नगरपालिका वस्तुगत पार्श्वचित्र, २०७६ अनुसार यस नगरपालिका भित्र कुल १३७६१ घरधुरीमा ७०६०५ जनसंख्या रहेका छन् । । उक्त जनसंख्या मध्ये ५९ प्रतिशत आर्थिक रुपले सक्रिय जनसंख्या रहेका छन् । आर्थिक रुपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस यस नगरपालिकाको कुल १३७६१ घरधुरीका ७०६०५ जनसंख्या मध्ये ५८२० जना मानिसहरु वैदेशिक रोजगारीमा गएका छन् । समग्र जनसंख्यालाई नियाल्दा आर्थिक रुपमा सक्रिय जनसंख्या ४१६५६ मध्ये वैदेशिक रोजगारमा संलग्नको संख्या १३.९७ प्रतिशत रहेका छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरुले मासिक औषत १४ हजारका दरले मात्र घरपरिवारमा विप्रेषण पठाउदा पनि करिब ३६ करोड ७४ लाख रुपैया विप्रेषण यस स्थानीय तहमा भित्रिने देखिन्छ ।

**अवसर र चुनौती :**

यस नगरपालिकामा युवा र आर्थिक रुपले सक्रिय जनसंख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत नगरपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रुपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो संख्या आफैमा एउटा महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थातथलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने अवसर देखिन्छ । अर्को तर्फ बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । गाउँमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ । अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरु बढ्नु, पारिवारिक तथा सामाजिक पुनःएकिरकणका सवालहरु सम्बोधन नहुनु साथै वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु नगरपालिकाको लागि चुनौती देखिन्छ ।

**उदेश्यः**

वैदेशिक रोजगारमा संलग्न (महिला, पुरुष, विपन्न वर्ग सहित) कामदार तथा तिनका परिवारको वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि हुनका साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरु पनि न्यूनिकरण हुनेछन् ।

**लक्ष्य /अपेक्षित उपलब्धि :**

| क्र.सं | सुचकहरु |
|---|---|
| १ | सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने |
| २ | सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह |
| ३ | विप्रेषणलाई उद्यम विकास रआयमूलक क्षेत्रमा परिचालन |
| ४ | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता |
| ५ | वैदेशिक रोजगारी संलग्न घरपरिवारहरुलाई उद्यम विकास सहयोग |
| ६ | वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरुमा मनोसमाजिक परामर्श सेवा प्रदान (व्यक्तिगत र सामुहिक परामर्श) |
| ७ | विप्रेषण |

**रणनीतिः**

- स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हने खालका कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गर्ने ।

- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्ने ।
- नगरपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरुलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।
- वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गर्ने ।
- मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तरगत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रुपमा प्रवाह गर्ने ।
- सम्बन्धित सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धिको सेवाहरु प्रवाह गर्ने ।

**प्रमुख कार्यक्रमहरु :**

- रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा संचालन,
- सचेतनामुलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/होर्डिङबोर्ड/जानकारीमुलक पर्चा विकास तथा वितरण) कार्यक्रम संचालन,
- आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन,
- व्यवसायिक सीप विकास तालिम सञ्चालन,
- वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा,
- विप्रेषणको उत्पादनमूलक (उद्यमशीलता) उपयोगको लागि कार्यक्रम संचालन ,
- वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धिका सेवाहरु प्रवाहमा सहजिकरण गर्ने,
- ठगी लगायतका समस्याहरुमा न्यायमा पहुँचका लागि आवश्यक सहजिकरण गर्ने,
- वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई उद्यम विकासका लागि सहजिकरण तथा सहयोग कार्यक्रम,
- सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी थप आवश्यक कार्यहरु संचालन गर्ने ।

### ३.२४ सामाजिक विकास योजना

सामाजिक विकास योजनाले शिक्षा, स्वास्थ्य र संस्कृति तथा खेलकुद जस्ता क्षेत्रलाई समेट्दछ । जनजीवनमा गुणात्मक सुधार गर्नको लागि भौतिक विकास योजनाले मात्रै योगदान नगरी सामाजिक विकास योजनाले पनि महत्वपूर्ण योगदान प्रदान गर्दछ । आधुनिक समाजमा भौतिक र सामाजिक विकास एक अन्योन्याश्रित सम्बन्ध रहेको छ । भौतिक विकासका कार्यक्रमले मात्रै प्राथमिकता पाइरहेको वर्तमान परिप्रेक्ष्यमा सामाजिक विकास कार्यक्रमहरूप्रति पनि केन्द्रित (Focus) गर्नु पर्छ भन्नेतर्फ ध्यान जानु जरुरी हुन्छ । नगर/शहर क्षेत्रको सामाजिक अवस्थाको विश्लेषणका आधारमा तर्कबद्ध खाका योजनामा आधारित सामाजिक विकास योजना तर्जुमा गरिएको छ, जसमा शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान लगायतका योजना समाविष्ट छन् ।

**तालिका नं. ३. ११ : शिक्षा सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| उद्देश्य | | | |
| शिक्षामा सबैको सर्वसुलभ पहुँच बढाई शैक्षिक सेवाको गुणस्तरमा समेत अभिवृद्धि गर्दै निरक्षरता घटाउने | | | |
| नतिजा | | | |
| साक्षरता प्रतिशतमा वृद्धि हुने | २०७६ साक्षरता प्रतिशत ७८.६ % रहेकोमा आ.व. | • जिल्ला शिक्षा | राजनैतिक एवम् सामाजिक परिस्थितिको अनुकूलता |

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| | २०८३/०८४ सम्ममा ९५% भएको । | कार्यालयको प्रतिवेदन<br>• जि.वि.स.सूचना केन्द्र<br>• न. पा. सूचना केन्द्र<br>• गैससका प्रतिवेदनहरू प्रगती मूल्यांकन | • सरकारी निकायको सहयोग<br>• निजी क्षेत्रको सक्रियता<br>• सामुदायिक सहयोग<br>• एथेष्ठ लागत उपलब्धता<br>• प्राथमिक क्षेत्रभित्र परेको |
| • प्रौढ शिक्षा मार्फत् निरक्षर वृद्धवृद्धा समेत साक्षर भएको हुने | • हरेक वडामा कम्तीमा एउटा प्रौढ कक्षा सञ्चालन भएको | | |
| उच्च शिक्षा हासिल गर्ने र पढाइलाई निरन्तरता दिने प्रवृत्ति बढेको हुने | विद्यालय जाने उमेर भएर पनि नगइरहेकाको जनसङ्ख्या सबै विद्यालय गएका हुने | | |
| शैक्षिक योग्यतामा महिला पुरुषको असमानता घटेको हुने | महिला सारक्षरता हाल ७५.६७% रहेकोमा आ.व. २०८३/०८४ सम्ममा १००% भएको । | | |
| सरकारी विद्यालयको स्तरोन्नति भएको हुने | न. पा.मा सञ्चालित सबै सरकारी विद्यालयहरूको भौतिक स्तरोन्नति भएको | | |
| गरिब, पिछडिएको वर्ग र महिलाका लागि छात्रवृत्तिमा वृद्धि भएको हुने | गरिब, पिछडिएको वर्ग र महिलाका लागि छात्रवृत्तिमा १०% ले वृद्धि भएको | | |
| निजी विद्यालयको सङ्ख्यामा वृद्धि भएको हुने | | | |

**(ख) स्वास्थ्य**

**तालिका नं. ३.१२ :स्वास्थ्य सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| नियमित र गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सर्वसुलभ गराई नगरपालिका बासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने । | | | |
| नतिजा : | | | |
| कम्तिमा ५० सैयाको आधुनिक सेवा सुविधा सम्पन्न भएको अस्पताल सुचारु भएको हुने | आ. व. २०८३/०८४ सम्ममा उर्लाबारी नगरपालिकाको श्वास्थ्य केन्द्रमा उपलब्ध सेवाको गुणस्तर बढाउँदै अन्य सेवाहरू समेत क्रमशः थपिँदै गएको हुने | • जिल्ला स्वास्थ्य कार्यालयको प्रतिवेदन<br>• सूचना केन्द्र<br>• गैससका प्रतिवेदनहरू | कोषको उपलब्धता<br>• स्थानीय नेता तथा सामाजिक कार्यकर्ताको सहयोग<br>• गैससको सक्रियता |
| मातृ शिशु तथा बाल स्वास्थ्य सेवामा वृद्धि भएको हुने । | स्वास्थ्य निकायमा प्रसूति गराउनेको सङ्ख्यालाई आ.व. २०८३/०८४ सम्ममा १००% पुगेको । | | |
| दीर्घरोग सम्बन्धी जनचेतना र उपचारमा वृद्धि भएको हुने । | • दम, मधुमेह, बाथ, टि.बी., पोलियो, क्यान्सर, कुष्ठरोग र एड्स सम्बन्धी विशेष जनचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालित भएको हुने । | | |

रणनीति : सर्वसुलभ स्वास्थ्य सेवामा सबैको पहुँच बढाउन उपलब्ध सबै स्रोतहरू (सरकारी, प्रान्तिय, सामुदायिक, न. पा., गैसस एवम् निजी स्रोत) को व्यापक परिचालन गर्ने ।

**नीति/कार्यनीति :**

- स्वस्थ जीवनशैली सम्बन्धी व्यापक जनचेतना जगाउने
- रोगहरू र तिनका रोकथामका बारेमा कार्यक्रमहरू नियमित रूपले सञ्चालन गर्ने
- स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने
- निजी क्षेत्र एवम् गैसससँगको समन्वयमा घुम्ति स्वास्थ्य शिविर संचालन गर्नका लागि सहकार्य गर्ने

(ग) महिला तथा बालबालिका

**तालिका नं. ३. १३ : महिला तथा बालबालिका सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य (महिला विकास) :** | | | |
| १. स्वास्थ्य, शिक्षा लगायतका सामाजिक विकास एवम् आर्थिक उत्थानमा महिला सशक्तीकरणलाई बढावा दिँदै जाने | | | |
| नतिजा : | | | |
| महिला साक्षरता वृद्धि भएको हुने | • हालको महिला साक्षरता आ.व. २०८३/०८४ सम्ममा ९० % भएको हुनेछ । | • जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन<br>• सूचना केन्द्र<br>• गैससका प्रतिवेदनहरू | • कोषको उपलब्धता<br>• स्थानीय नेता तथा सामाजिक कार्यकर्ताको सहयोग<br>• गैससको सक्रियता |
| उच्च शिक्षामा महिलाको पहुँच र संलग्नता बढेको हुने | • एस. इ. इ. सम्म उत्तीर्ण महिला जनसङ्ख्या आ.व. २०८३/०८४ सम्ममा हालको भन्दा २० प्रतिशतले बढेको हुने<br>• एस. इ. इ. भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको महिला जनसङ्ख्या आ.व. २०८३/०८४ सम्ममा हालको भन्दा १५ % बढेको हुने<br>• स्नातक वा सो भन्दा बढी शैक्षिक योग्यता भएको महिला जनसङ्ख्या आ.व. २०८३/०८४ सम्ममा हाल १० प्रतिशतले बढेको हुनेछ । | | |
| लैङ्गिक विभेद न्यूनीकरण भएका | यस पालिका मा कार्यरत सरकारी कार्यालयहरू एवम् निजी क्षेत्रमा पुरुष महिलाको जनसङ्ख्या अनुपात (लैङ्गिक अनुपात) क्रमिक सुधार भएको हुने । | | |
| आर्थिक क्षेत्रमा महिलाको पहुँचमा वृद्धि भएको र महिला रोजगारीमा वृद्धि भएको हुने | • न. पा. को विकास बजेटको १५ % महिला एवम् बालबालिकाको लागि खपत भएको<br>• वार्षिक १०० जना महिलाले सीपमूलक तालिम प्राप्त गरेका | | |
| उद्देश्य (बालबालिका) : | | | |
| बालअधिकार, बालस्वास्थ्य, र बालशिक्षाको सुनिश्चिता गर्ने | | | |
| नतिजा : | | | |
| बालशिक्षामा सुधार भएको हुने | • बाल विकास केन्द्र दर्तामा मात्र सीमित नभई सुचारु रूपमा सञ्चालन भएको हुने | • सूचना केन्द्र<br>• गैससका प्रतिवेदनहरू | • कोषको उपलब्धता<br>• स्थानीय नेता तथा सामाजिक कार्यकर्ताको सहयोग<br>• गैससको सक्रियता |
| बाल स्वास्थ्य सेवा गुणस्तरीय भएको हुने | सरकारी स्तरबाट हुने खोप कार्यक्रममा कुनै पनि बालबालिका नछुटेको हुने | | |
| बालश्रम न्यूनीकरण भएको | कृषिजन्य कामकाजमा संलग्न | | |

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| हुन | बालबच्चाको जनसङ्ख्या आ.व. २०८३/०८४ सम्ममा हालको भन्दा आधा घटेको<br>▪ घरेलु कामदारको रूपमा बालबच्चाको सङ्ख्या हालका भन्दा आधा घटेको | | |
| शिशु मृत्यु दर न्यूनीकरण भएको हुने | हालको शिशु मृत्यु दरमा सुधार भएको | | |

**रणनीति**

- महिलालाई सकारात्मक विभेद (Positive Discrimination) मार्फत् आर्थिक सामाजिक विकासका सबै क्षेत्रमा अगाडि ल्याउने ।
- बालविकासलाई न. पा.को भविष्यको आधारशिला मानी बाल-स्वास्थ्य र शिक्षामा लगानी बढाउने ।

**नीति/कार्यनीति :**

- शैक्षिक योग्यता पुगेका महिलाहरूलाई स्वयम्सेविका वा सामाजिक परिचालिका बनाई स्वास्थ्य, शिक्षा क्षेत्रमा जनचेतना जगाउने कार्यमा परिचालन गने
- महिला कर्मचारीहरूलाई उचित प्रोत्साहन एवम् हौसला बढाउने
- न. पा. मा संलग्न सबै कार्यालय, सङ्घसंस्थामा पुरुष महिलाको अनुपात बराबर बनाउँदै लैजाने
- महिला एवम् बालस्वास्थ्य सम्बन्धी स्वास्थ्य सुविधा सर्वसुलभ बनाउने
- महिला विद्यार्थीलाई उच्च शिक्षामा छात्रवृत्ति बढाउने
- गरिब, जेहेन्दार एवम् सीमान्तकृत वर्गका बालबालिकालाई नि:शुल्क शिक्षा दिन पहल गर्ने
- निजी क्षेत्र र गैससलाई महिला तथा बाल विकासको क्षेत्रमा कार्य गर्न प्रोत्साहन गने
- महिलालाई व्यावसायिक तालिम दिने
- महिलाद्वारा सञ्चालित आयआर्जनका कार्यक्रममा विशेष सुविधा दिने
- ऋण तथा अनुदानमा महिलाको पहुँच बढाउने

**(घ) दलित एवम् सीमान्तकृत वर्ग**

**तालिका नं. ३.१४ : दलित एवम् सीमान्तकृत वर्ग सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| उद्देश्य : | | | |
| दलित एवम् सीमान्तकृत वर्गलाई सामाजिक, आर्थिक विकास एवम् सामाजिक मान्यताको मूलधारमा ल्याउने | | | |
| नतिजा : | | | |
| दलित वर्गमा शैक्षिक उन्नति भई हीनताबोध कम भएको हुने | • दलित साक्षरता वृद्धि भएको हुने ।<br>• एस. इ. इ. उत्तीर्ण दलित जनसङ्ख्या वृद्धि भएको<br>• स्नातक तह पास गरेका दलित वृद्धि भएको हुने<br>• आ. व. २०८३/०८४ सम्ममा दलित समुदायबाट स्नातकोत्तर गर्ने वृद्धि भएको हुने | • दलित एकता समाजको प्रतिवेदन<br>• सूचना केन्द्र | • दलितका लागि लक्षित कार्यक्रम<br>• दलित उत्थानमा सक्रिय संस्थाको सहभागिता<br>• कोषको उपलब्धता<br>• छुवाछुत विरुद्ध सामाजिक परिचालन |

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| सामाजिक भेदभावमा कमी आएको हुने | विभेद अनुभव गरेका दलितको सङ्ख्या कम भएको | | |
| आर्थिक सामाजिक क्षेत्रमा दलित प्रतिनिधित्व बढेको हुने | उल्लेख्य रूपमा दलितको प्रतिनिधित्व भएको हुने | | |

**रणनीति :**

दलित एवम् सीमान्तकृत वर्गलाई सबै सामाजिक, आर्थिक क्रियाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउँदै लैजाने ।

**नीति/कार्यनीति :**

- शिक्षित दलित युवाहरूलाई रोजगारीको व्यवस्था गर्ने
- शिक्षामा दलित समुदायलाई आकर्षित गर्न छात्रवृत्तिको व्यवस्था गर्ने
- उच्च शिक्षा हासिल गरेका दलितलाई पुरस्कृत गर्ने
- अशिक्षित एवम् अर्ध शिक्षित दलित व्यक्तिहरूलाई व्यावसायिक तालिम दिने
- छुवाछुत उन्मूलन गर्ने अभियानमा दलित, गैरदलित सबैलाई समेट्ने

### (ङ) सामाजिक सुरक्षा

**तालिका नं. ३.१५ : सामाजिक सुरक्षासम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| विषय उद्देश्य : | | | |
| जेष्ठ नागरिक, असहाय एवम् अपाङ्गहरूले समाजमा सम्मानपूर्वक जीवनयापन गर्न सक्ने अवस्था सृजना गर्ने | | | |
| नतिजाहरू : | | | |
| जेष्ठ नागरिकहरूको सुलभ स्वास्थ्य सेवा एवम् आर्थिक सुरक्षासम्मको पहुँच बढाउने | • जेष्ठ नागरिकहरू तथा असहायले राज्यको तर्फबाट हालको सुविधाभन्दा बढी आर्थिक सुविधा प्राप्त गरेको<br>• सम्पूर्ण जेष्ठ नागरिकहरूलाई औषधी उपचार सुविधा प्राप्त भएको | • जि. स. स. को सूचना केन्द्र<br>• न. पा.को सूचना केन्द्र<br>• जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क | • कोषको उपलब्धता<br>• स्थानीय नेताको राजनैतिक इच्छा<br>• गैससको सहभागिता |
| जेष्ठ नागरिकको जीवनयापनमा थप सरलता आएको हुने | न. पा.मा रहेका जेष्ठ नागरिकहरूको तथ्याङ्क सङ्कलन गरी परिचय-पत्र बनाई निःशुल्क औषधी उपचार र निःशुल्क यात्राको सुविधा प्रदान गरिएको | | |
| अपाङ्गहरूलाई जीवनयापनको लागि सीपमूलक शिक्षा र रोजगारको अवसर तथा सामाजिक सम्मान प्राप्त भएको हुने | • अपाङ्गकालागि विशेष शिक्षा कार्यक्रम सञ्चालन भएको<br>• जनचेतना शिक्षा कार्यक्रम भित्र समावेश गरी प्रत्येक | | |

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| | वडा चेतनामूलक कार्यशीला कार्यक्रम सञ्चालन भएको<br>● जिल्ला प्रशासन कार्यालय मार्फत् वितरित अपाङ्ग परिचय-पत्र पाउनेहरूलाई औषधी उपचार र निःशुल्क यात्राको लागि सुविधा प्राप्त भएको | | |

**(च) जनजाति उत्थान**

**तालिका नं. ३.१६ : जनजाति उत्थान सम्बन्धी तर्कबद्ध योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| जनजातिहरूको संस्थागत विकास गरी स्थानीय भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै सामाजिक, आर्थिक क्षेत्रमा सुधार आएको ल्याउने | | | |
| नतिजाहरू : | | | |
| जनजातिहरूको सामाजिक, आर्थिक राजनैतिक एवम् शैक्षिक स्थितिको जानकारी प्राप्त भएको हुने | उर्लाबारीका सबै जनजातिको जनसङ्ख्याको साथै उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक स्थिति बारेको वस्तुगत विवरण तयार भएको | ● नेपाल जनजाति महासङ्घको प्रतिवेदन<br>● निर्वाचन तथा तथ्याङ्क कार्यालयको प्रतिवेदन<br>● सम्बन्धित संस्थाहरूको प्रतिवेदन<br>● न. पा.सूचना केन्द्र | विभिन्न निकायहरू बीच समन्वय |
| स्थानीय भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन भएको हुने | ● न. पा. मा बसोबास गर्ने प्रमुख जनजातिहरूको शब्दकोष निर्माण भएको<br>● प्रमुख जनजातिहरूको मातृभाषामा प्राथमिक स्तरको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भई कक्षा सञ्चालन र मा.वि. तहको पाठ्यक्रम तयार गर्न आधारभूत कार्यहरूको थालनी भएको हुने<br>● विभिन्न चाड पर्व एवम् महत्वपूर्ण अवसरमा संस्कृति झल्कने खालका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भएको | | |
| जनजातिहरूको संस्थागत विकास भएको हुने | ● जातिहरू संस्थागत रूपमा सङ्गठित भएको<br>● शिक्षा र आर्थिक क्षेत्रमा जनजातिहरूको पहुँच सहज भएको हुने | | |
| जनजातिको ऐतिहासिक तथा | न. पा.मा रहेका ऐतिहासिक | | |

| | | | |
|---|---|---|---|
| पुरातात्विक स्थलहरूको अध्ययन, अनुसन्धान र संरक्षण भएको हुने | तथा पुरातात्विक स्थलको खोज, अनुसन्धान र संरक्षण भएको हुने | | |

**सामाजिक विकासको प्रस्तावित कार्यक्रम :** प्रस्तावित नगरस्तरीय कार्यक्रमहरू तथा प्रस्तावित वडास्तरीय कार्यक्रमहरू अघिल्लो तालिकामा प्रस्तुत गरिएका छन् ।

## ३.२५ पूर्वाधार विकास योजना

भौतिक विकास योजनाले विकासको नियन्त्रणात्मक तथा प्रबर्द्धनात्मक दुवै पक्षलाई समेट्छ । विकास कार्यलाई सोझै नियन्त्रण गर्न कठिन हुने हुनाले सोको सट्टामा विकास कार्यको लागि उपयुक्त क्षेत्रहरूमा टेवा पुऱ्याउन प्रोत्साहन गर्ने तथा अनुपयुक्त क्षेत्रमा निरुत्साहित गर्ने नीतिको विकास गरी क्रमशः कार्यान्वयन गर्दै लैजानु पर्दछ । यसरी नीति तयार गर्न पूर्वाधार विकास योजनाको मार्गदर्शनले पनि सघाउ पुऱ्याउँदछ । मूलतः भौतिक र सामाजिक दुई किसिमका पूर्वाधार हुन्छन् । त्यसमा पानीको व्यवस्था, नाली तथा ढल, सडक, बिजुली, टेलिफोन, सडक बत्ती जस्ता विषयहरू भौतिक पूर्वाधार र शिक्षण संस्था, अस्पताल, बजार केन्द्र, वित्तीय संस्था, पार्क, जस्ता विषयहरू सामाजिक पूर्वाधारअन्तर्गत पर्दछन् । मूलतः भौतिक पूर्वाधारमा मुख्य निम्नलिखित विषयहरू समेटिएका छन् :

(क) सडक तथा यातायात

बढ्दो बस्ती विस्तार र निजी घडेरी विकासको क्रम सँगसँगै नयाँनयाँ बाटाहरू थपिँदै गएको पनि देखिन्छ । भविष्यमा वहन गर्नु पर्ने ट्राफिक चापलाई दृष्टिगत गरी सडक क्षेत्राधिकार परिमार्जन गर्नु पर्ने देखिन्छ । अनि निजी प्लानिङ क्षेत्रमा पनि सडकको न्यूनतम मापदण्ड कायम गर्न जरुरी भइसकेको छ । साथै समय सुहाउँदो सहरी यातायातको व्यवस्था नहुँदा आन्तरिक आवागमन सहज हुन सकेको छैन । सार्वजनिक सवारीको लागि बस रुटहरू तोक्ने, उपयुक्त स्थानहरूमा बसपार्क, बिसौनीहरू बनाउन पनि उत्तिकै आवश्यक छ ।

(ख) पानीको आपूर्ति व्यवस्था आगामी दिनहरूमा ग्रामीण जनसङ्ख्याको दाँजोमा सहरी जनसङ्ख्या बढ्दै जाने अपेक्षा गर्न सकिन्छ । सहरी बस्तीमा प्रतिव्यक्ति प्रतिदिन खानेपानी आपूर्ति १२० लिटर र ग्रामीण बस्तीमा ९० लिटरलाई मापदण्ड मानी तालिका नं. ३.७ मा खानेपानी मागको प्रक्षेपण गरिएको छ ।

(ग) बर्सात्को पानी निकास योजना

उर्लाबारी नगरपालिकाको समथर भू-अवस्थिति र बनावटका कारण बर्सातको पानी (Storm Water) प्राकृतिक रूपले निकास हुन कठिनाई पर्ने गरेको देखिन्छ । यसै कारणले वर्षाको बेला ठाउँठाउँमा पानी जम्ने गरेको पाइन्छ । पर्याप्त स्लोप मिलाउन नसक्दा नालीहरू पनि जाम हुने गरेको र बहाब क्षमता पनि कम हुँदा ठूलो वर्षा भएका बखत डुबानमा पर्ने समस्या पनि नियमित जस्तै देखिने गरेको पाइन्छ ।

(घ)सम्भावित नदी प्रदुषणको दृष्टिले खोलामा सिधै विसर्जन गर्ने परिपाटीलाई दुरुत्साहित गर्नु पर्ने देखिन्छ । घरघरको फोहोर पानी र ढललाई व्यवस्थित रूपले निकास गर्न हरेक घरमा सेप्टिक ट्याङ्क (Septic Tank) र सोक पिट (Soak Pit) बनाउनु पर्ने नीतिनियम ल्याउनु आवश्यक छ । आफ्नो खेतबारी हुने घरहरूको सन्दर्भमा धेरैजसो ढल आफ्नै सोक पिटले धान्न सक्छ भने घना बस्तीमा भने अन्तिम निकासको लागि सार्वजनिक ढल प्रणाली (Sewage System) नै आवश्यक हुन्छ । वैज्ञानिक ढल प्रणालीका लागि टोल सङ्गठनहरूको सानो-सानो समूह बनाई एकीकृत रूपमा फोहर पानी सङ्कलन गरी ठाउँठाउँमा प्रशोधनशाला (Treatment Plant) बनाउनु आवश्यक छ । प्रशोधन पश्चात् भने पानीलाई प्राकृतिक रूपले निकास गर्न सकिन्छ ।

(ङ) विद्युत् तथा दूरसञ्चार

नेपालमा बस्तीहरू छरिएर रहेका छन् र धेरै खर्च गरेर सडक, विद्युत् तथा दूरसञ्चार सेवा पुऱ्याउनु पर्ने हुन्छ । त्यसको साथै घना बस्तीहरूमा यस्ता सेवाहरू पुऱ्याउनु किफायती हुन्छ । उर्लाबारी न. पा. को सन्दर्भमा सहरी विस्तारका लागि छुट्याइएका क्षेत्रहरूमा प्राथमिकता अनुरूप विद्युत् तथा दूरसञ्चार सेवा विस्तार गर्नु उचित हुन्छ । भौतिक पूर्वाधार

विकास सम्बन्धी तर्कबद्ध योजना भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कबद्ध योजना तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.१७ : भौतिक पूर्वाधार विकास योजना**

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **उद्देश्य** | | | |
| १. भौतिक पूर्वाधारहरू ( सडक, खानेपानी, सिँचाइ, हुलाक, विद्युत्, शौचालय) को समुचित विकासमार्फत् जनजीवनमा सुगमता ल्याउने | - आ.व. ०८३/८४ सम्ममा विद्यमान सडकमध्ये १५० कि.मि. सडकको स्तरोन्नती भएको<br>- वडा भेलामार्फत् आएका माग बमोजिम सडक खोलिएको हुने<br>- सम्पूर्ण वडामा तथा बस्तीबाट सडक पहुँच पुगेको<br>क. भित्री बस्तीहरूमा साना सवारी साधनमार्फत् सार्वजनिक यातायात सञ्चालन भएको हुने | सडक कार्यालयको अभिलेख<br>- सूचना केन्द्र | - राजनैतिक, सामाजिक परिस्थितिको अनुकूलता<br>- निजी क्षेत्रको सहयोग<br>- जनसहभागिताको सहजता<br>- सरकारी अनुदानको पर्याप्तता |
| | खानेपानी :<br>- आ.व. ०८३/८४ सम्ममा नगरपालिकाको सम्पूर्ण वडा तथा टोलहरूमा खानेपानीको लाइन विस्तार र कम्तीमा ८० प्रतिशत नगरबासीलाई प्रत्यक्ष सेवा पुगेको हुने<br>- खानेपानीको आपूर्ति दैनिक भएको<br>- थप स्रोतको व्यवस्था गर्न कम्तीमा ९ वटा आर्टिजन बोरिङ को निर्माण<br>- स्थानीय इनारहरूको नियमित मर्मत-सम्भार भएको | - सूचना केन्द्र<br>- खानेपानीको कार्यालयको अभिलेख | |
| | दूरसञ्चार<br>- आ.व. ०८३/८४ सम्ममा सबै वडामा Land Line विस्तार भएको हुनेछ ।<br>विद्यमान cabinet box मा बढ्दो मागलाई दृष्टिगत गरी २५ प्रतिशत थप Point को व्यवस्था भएको हुनेछ<br>- बढ्दो मोबाइलको माग बमोजिम मोबाइल टावरका क्षमता बद्धि भएको<br>आ.व. ०८३/८४ सम्ममा प्रत्येक वडामा एक टेलिसेन्टर (Telecenter) निर्माण भएको | - ,<br>- विद्युत् प्राधिकरण शाखा कार्यालयको अभिलेख<br>- दूरसञ्चार संस्थानको अभिलेख<br>उर्लाबारी न. पा. सूचना केन्द्र | |
| | विद्युत्<br>- विद्युत् को राष्ट्रिय प्रसारणको लाइन नपुगेका सम्पूर्ण टोल र बस्तीसम्म विस्तार गर्ने<br>- बढ्दो मागलाई दृष्टिगत गरी आवश्यक स्थानमा थप Transformer को व्यवस्था भएको हुने | - सूचना केन्द्र<br>- विद्युत् प्राधिकरण शाखा कार्यालय, अभिलेख | |

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| | - मुख्य सडकहरूमा सडक बत्तीको व्यवस्था हुने छ ।<br>- पुराना र जीर्ण अवश्थामा रहेका काठका पोलहरुलाई बिस्थापन गरिएको हुनेछ । | | |
| | शौचालय :<br>नगरपालिकाका ग्रामीण बस्तीहरू मा खुल्ला दिसा पिसाब गर्ने बानीमा सुधार गर्दै लान ठाउँठाउँमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ । | - सूचना केन्द्र | |
| | फोहर-मैला फोहर-मैलाको सङ्कलन हालको भन्दा ७५ प्रतिशतले बढ्नेछ । Sanitary Landfill site को सम्भाव्यता अध्ययन भई कारबाही अघि बढेको हुनेछ । | - सूचना केन्द्र | |
| | ढल<br>- आ.व. ०८३/८४ सम्ममा मुख्य सडकहरूमा व्यवस्थित ढल, नालीको निर्माण भएको हुनेछ ।<br>- ढल, नालीको नियमित सरसफाइ भएको हुनेछ । | सूचना केन्द्र | |
| २. कोषको स्थापना | सडक विकास कोषको स्थापना भएको | सूचना केन्द्र | |

**रणनीति :**

- भौतिक विकासमा सरकारी अनुदान, प्रादेशिक अनुदानका साथै उर्लाबारी न. पा. ले आफ्नो स्रोत साधन, निजी क्षेत्रको लगानी र जनसमुदायको लगानीलाई व्यापक रूपमा परिचालन गर्ने ।
- विकास निर्माण कार्यमा ठूला आयोजना ठेक्का मार्फत् र साना आयोजना उपभोक्ता मार्फत् गर्ने ।

**नीति/कार्यनीति :**

- साना बजेटका आयोजनामा उपभोक्ताको लगानी बढाउने ।
- उपभोक्ता मार्फत् आउने विकास योजनालाई प्राथमिकता दिने ।
- सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मार्फत् निजी क्षेत्रसँग सहकार्यमा लगानीका अवसरहरू पहिल्याउने ।

## ३.२६ वन, वातावरण तथा विपद व्यवस्थापन

उर्लाबारी न. पा.मा बढ्दो सहरीकरण सँगसँगै वातावरणीय व्यवस्थापनमा चुनौतीहरू थपिँदै गएका छन् । तथापि योजनाबद्ध कार्यक्रमका माध्यमबाट सरोकारवाला निकायहरूको कार्यक्रमसँग तादाम्यता राखी स्थानीय निकाय, गै. स .स., सामुदायिक सङ्घसंस्था, उद्योगी, व्यवसायी र सामान्य नगरबासीहरूको सहभागितामा वातावरणीय संरक्षण र दिगो विकासका लागि पहल गर्नु वाञ्छनीय हुन्छ । उर्लाबारी व्यवस्थित विकास गर्ने तर्कबद्ध खाका योजनामा आधारित पर्यटकीय तथा वातावरणीय व्यवस्थापन योजना तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.१८ : वन, वातावरण तथा विपद व्यवस्थापन**

| योजना सारंश | सूचकहरू | जोखिम पक्षहरू |
|---|---|---|
| उद्देश्य (१) वातावरण : | | |
| प्राकृतिक वातावरणको संरक्षण पून:स्थापना र दिगो विकासको अवधारणा अनुरूप उपयोगमा जोड दिने | | |
| नतिजा | | |
| • वातावरणको क्षेत्रमा व्यापक रूपमा जनचेतना अभिवृद्धि भएको हुने<br>• विभिन्न धार्मिक र पर्यटकीय सम्पदाहरूको वातावरणीय संरक्षण स्थितिमा सुधार भएको हुने<br>• सहरी एवम् ग्रामीण क्षेत्रको ध्वनि, वायु, माटो तथा जल प्रदूषणमा कमी आएको हुने<br>• वातावरण विकास कोषको स्थापना भएको हुने<br>• वातावरण संरक्षण गरी दिगो रूपमा वातावरणीय संरक्षणमा योगदान पुगेको हुने<br>• दैवी प्रकोप उद्धार कोष स्थापना भएको | • स्थानीय टोलबासीलाई फोहोर-मैला व्यवस्थापनका लागि आधारभूत तालिम तथा सचेतना कार्यक्रम हरेक वर्ष कम्तीमा ५० जनालाई दिइएको<br>• हरेक वर्ष १०० वटा सुलभ शौचालय निर्माणको लागि आर्थिक तथा भौतिक सहयोग प्रदान गरिएको | • कोषको उपलब्धता<br>• स्थानीय नेताको राजनैतिक इच्छा<br>• गै.स.स. को सहभागिता |
| उद्देश्य (२) वातावरण : | | |
| वातावरण सम्बन्धी नीति तथा कार्यक्रमको व्यवस्थित कार्यान्वयन गर्ने | | |
| नतिजा | | |
| • वातावरणीय प्रभाव मूल्याङ्कन, अनुगमन एवम् परीक्षण गरिएका आयोजना सञ्चालन हुने<br>• वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणमा स्थानीय निकाय, समुदायहरू (टोलबस्ती), गै.स.स.र नागरिक समाजको सक्रिय सहभागिता तथा जवाफदेहिता हुने<br>• खाद्य गुण नियन्त्रण तथा पशु जाँच (क्वारेन्टाइन)को व्यवस्था सगै स्वच्छ र आधुनिक पशु-वधशालाको निर्माण भएको हुने | • वातावरणीय प्रभाव मूल्याङ्कन भएका विकास आयोजनाहरूको सङ्ख्यामा तुलनात्मक रुपमा वृद्धि भएको<br>• मासु पसलको स्तर वृद्धि भएको<br>• वातावरण विकास कोषको स्थापना भएको हुने ।<br>• वातावरण विकास कोषको रकम कम्तीमा ५०% रकम बिरुवा उत्पादन, वृक्षारोपण, पहिरो रोकथाम तथा नगदे बालीको विकास र अन्य आयमूलक कार्यमा प्रयोग भएको<br>• खाली स्थानमा हरेक वर्ष कम्तीमा १ हजार विभिन्न जातका बिरुवाहरूको वृक्षरोपण भएको | • वातावरण विकास कोषको स्थापना<br>• सामुदायिक सहभागिता<br>• गै.स.स.को सहभागिता<br>• नागरिक समाजको सहभागिता<br>• कोषको उपलब्धता |
| उद्देश्य (३) वातावरण : | | |
| सहरी प्रदूषण रोकथाम गरी ग्रामीण क्षेत्रको समेत वातावरण संरक्षण गर्ने<br>• उपकरण व्यवस्थापन तथा फोहोर फाल्ने कन्टेनरको उचित व्यवस्थापनद्वारा नगर सफा भई शोभायमान हुने<br>• फोहोर-मैला उत्पादनको न्यूनीकरण हुने तर सङ्कलन बढ्ने<br>• सफा खानेपानीको वितरण तथा सरसफाइमा उल्लेखनीय प्रगति हुने | • सहरी एवम् ग्रामीण क्षेत्रमा प्रदूषणको स्तर घटेको<br>• सार्वजनिक शौचालयहरूको सङ्ख्या बढेको<br>• वृक्षरोपण भएको क्षेत्रफल बढेको<br>• फोहोर फाल्ने कन्टेनरहरूका सङ्ख्या बढेको<br>• मुहान संरक्षण भएका मूलको सङ्ख्या बढेको | • गै.स.स. को सहभागिता<br>• नागरिक समाजको सहभागिता<br>• कोषको उपलब्धता |

| योजना सारंश | सूचकहरू | जोखिम पक्षहरू |
|---|---|---|
| | • Sanitary Landfill Site को जग्गा प्राप्त गरेका हुने | |
| उद्देश्य (४) वातावरण: | | |
| • घरघरमा सुधारिएको चुलोको प्रयोग भएको हुने<br>• वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि भई प्राकृतिक ऊर्जा (दाउरा, खाना पकाउने ग्याँस तथा मट्टितेल) को खपतमा कमी आएको हुने | • नवीकरणीय ऊर्जा विकास कार्यक्रम लागु भएको<br>• वैकल्पिक ऊर्जाको खपत तथा प्रयोग बढेको | • कोषको उपलब्धता<br>• केन्द्रीयस्तरबाट प्राविधिक सहयोग<br>• स्थानीय समुदायमा चेतनाको स्तर |

**रणनीति :**

- वातावरणीय स्रोतहरूको संरक्षण सम्वर्द्धन तथा व्यवस्थापन गरी प्रदूषण नियन्त्रण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने
- विकास कार्यक्रममा वातावरणीय जोखिम न्यूनीकरणतर्फ ध्यान दिने
- स्थानीय निकाय गैसस नागरिक समाज र निजी क्षेत्रको सक्रिय सहभागितामा कार्यक्रमहरू सञ्चालन गर्ने
- हावापानी, माटो तथा ध्वनि प्रदूषणका स्थानीय मापदण्डहरू निर्धारण गर्ने र कार्यान्वयनमा ल्याउने
- वातावरण र संरक्षणमा योगदान दिन छुट्टै वातावरण संरक्षण कोषको स्थापना गरी सञ्चालन गर्ने

**नीति/कार्यनीतिहरू :**

- सामाजिक तथा आर्थिक विकासका कार्यहरूमा वातावरण प्रभाव मूल्याङ्कन (EIA: Environmental Impact Assessment) प्रणालीका माध्यमबाट वातावरण मैत्री विकासतर्फ ध्यान दिने ।
- स्थानीय निकायहरू, गैसस, नागरिक समाज, विद्यालय, शिक्षकहरू तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी विभिन्न वातावरण सम्बन्धी सचेतना कार्यहरू सञ्चालन गर्ने ।
- वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रण कार्यमा स्थानीय निकाय, समुदाय, गैसस र नागरिक समाजको सहभागिता प्रर्वद्धन गर्दै लग्ने
- वातावरणीय प्रभाव न्यून गर्दै लैजान "प्रदूषकले तिर्नु पर्छ (Polluters Pay)" र प्रदूषण हटाउँदा पनि फाइदा हुन्छ भन्ने सिद्धान्त लागु गर्ने व्यवस्था गर्ने
- चोकचोकमा सार्वजनिक शौचालयको विकास गर्ने
- स्थानीय स्तरको फोहोर मैलालाई व्यवस्थित ढङ्गले विसर्जन गर्ने र जैविक मलको विकास गरी फोहोरको मात्रा घटाउने
- उर्लाबारी नगरीका प्रत्येक विद्यालयमा प्रकृति क्लब (Nature Club) गठन गर्न नगरपालिकाले आर्थिक तथा भौतिक सहयोग गर्ने, क्याम्पस र विद्यालयस्तरमा वातावरणसँग सम्बन्धित विषयमा हाजिरी जवाफ तथा वादविवाद कार्यक्रमहरू सञ्चालन गर्ने
- वायु, जल, माटो तथा ध्वनि प्रदूषणका मापदण्डहरू तयार गर्ने
- वायु प्रदूषण नियन्त्रणका लागि सि.एफ.सी. (CFC: Chlorofloro Carbon) उत्पादन हुने क्रियाकलापमा रोक लगाउने
- घरभित्रको वायु प्रदूषण नियन्त्रण गर्न सुधारिएको चुलो, गोबर ग्याँस तथा सौर्य ऊर्जा प्रयोग गर्न प्रोत्साहन गर्ने
- फोहोर-मैला व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारीको आधारमा सञ्चालन गर्ने नीतिगत व्यवस्था गर्ने
- नगर/सहरका विभिन्न बस्तीहरूमा वासस्थान नजिक रहेका बङ्गुर, सुँगुर, कुखुरा पालिएका खोरहरूलाई घरदेखि टाढा राख्न अभिप्रेरित गर्ने
- ध्वनि प्रदूषण गर्ने साना सवारी साधनलाई सहरी क्षेत्रमा निश्चित समयसम्म प्रतिबन्ध लगाउने
- छाडा पशुहरूलाई नियन्त्रण गर्ने

**कार्यक्रमहरू** : प्रस्तावित नगरस्तरीय कार्यक्रमहरू तथा प्रस्तावित वडास्तरीय कार्यक्रमहरू अघिल्लो तालिकामा प्रस्तुत गरिएका छन् ।

### ३.२७ जोखिम व्यवस्थापन योजना

दैवीप्रकोप उद्धार परिभाषा अनुसार "प्रकोप भन्नाले भूकम्प, आगलागी, आँधिबेरी, बाढी-पहिरो, अतिवृष्टि अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्झनु पर्दछ र सो शब्दले औद्योगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउनेछ" । यसरी हेर्दा मानवीय, वातावरणीय, वस्तुगत तथा आर्थिक क्षेत्रको गम्भीर क्षति भई व्यक्ति, समाज तथा राज्यको कार्यात्मक क्षमतामा हुने सम्वेदनशील विनाशको अवस्था नै प्रकोप हो । नेपालमा हरेक वर्ष बाढी पहिरो, डुबान, आगजनी, हुरीबतास, सडक दुर्घटना तथा विभिन्न रोग व्याधीबाट हजारौं नागरिकहरू प्रभावित भइरहेका हुन्छन् । यसरी बढी रहेका प्रकोपहरूबाट उर्लाबारी नगरपालिका पनि अछुतो रहेको छैन । नेपालमा जोखिम न्यूनीकरण सम्बन्धी विभिन्न नीतिगत व्यवस्थाहरू भए तापनि कार्यान्वयन पक्ष कमजोर नै देखिन्छ । प्राकृतिक वातावरण तथा जैविक विविधताका पक्षलाई समेत मध्य नजर गर्दै उर्लाबारी नगरपालिकाबाट सञ्चालन गरिने विकास निर्माणबाट हुन सक्ने जोखिमहरूको विश्लेषण हुन आवश्यक छ । त्यसै अनुरूप तर्कबद्ध खाका योजनामा आधारित जोखिम व्यवस्थापन योजना तालिका नं.३.२० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३. १९ : जोखिम व्यवस्थापन योजना**

| योजनाको सारांश | सूचकहरू | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| उद्देश्य : | | | |
| प्राकृतिक प्रकोप मुख्य रुपमा नदीहरु जलाद, फुलहा, अमरीबाट हुने जनधनको क्षति र मानवीय असावधानी एवम् सामाजिक अपराधका कारण हुने जनधनको क्षति न्यूनीकरण गर्ने | | | |
| नतिजा : | | | |
| प्राकृतिक विपत्तिबाट पिडित पक्षका लागि राहत पुगेको हुने | प्राकृतिक प्रकोप राहत कोष स्थापना भएको | उर्लाबारी न. पा. सूचना केन्द्र<br><br>प्रहरी प्रतिवेदन | जिसस, प्रहरी प्रशासन, नागरिक समाज, गैसस एवम् यस पालिका बीच सामञ्जस्यता |
| मानवीय असावधानी एवम् दुर्घटना जनित घटनाहरू कम भएको हुने | - आगलागी, सडक दुर्घटना जस्ता घटनाहरूको रोकथामका लागि जनचेतना जगाउने पर्चाहरू, सूचना पोस्टर आदि वितरित भएको<br>- स्थानीय विद्यालयहरूमा जोखिम व्यवस्थापन सम्बन्धी पढाइ एवम् कार्यक्रम सञ्चान भएको<br>- ट्राफिक नियमको पालना भएको<br>- रोगब्याधिको महामारी फैलिन नदीन जनचेतना उच्च भएको<br>- बारुणयन्त्रको व्यवस्था भएको<br>- एम्बुलेन्स र सववाहनको व्यवस्था भएको<br>- जोखिम व्यवस्थापन सम्बन्धी निर्देशिका (Manual) तयार भएको | गैसस प्रतिवेदन | |
| सामाजिक अपराध घटेको हुने | सामाजिक (हत्या हिंसा, चेलीबेटी बेचबिखन, यौन व्यापार, बलात्कार) विरुद्ध युवा समूहको परिचालन भएको | | |

**रणनीति :**

प्राकृतिक प्रकोपजन्य घटनाबाट हुने क्षति मानवीय कारणले हुने जोखिमजन्य घटना न्यून पार्दै लैजाने ।

**नीति/कार्यनीति :**

- प्राकृतिक प्रकोप एवम् मानवीय असावधानीबाट हुने जनधनटको क्षति न्यूनीकरण सम्बन्धी निर्देशिका तयार पारी, प्रचार-प्रसारका सामग्रीहरू वितरित गरी र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी तुल्याउने

- जोखिम व्यवस्थापनका लागि आवश्यक पूर्वाधार (एम्बुलेन्स, बारुणयन्त्र, जनशक्ति) को व्यवस्था एवम् विकास गर्ने
- सामाजिक अपराध विरुद्ध युवावर्ग, नागरिक समाज, न. पा. एवम् प्रहरी प्रशासनको सहकार्य प्रभावकारी बनाउने

**कार्यक्रमहरू :** प्रस्तावित नगरस्तरीय कार्यक्रमहरू तथा प्रस्तावित वडास्तरीय कार्यक्रमहरू अघिल्लो तालिकामा प्रस्तुत गरिएका छन् ।

### ३.२८ सुशासन तथा संस्थागत विकास

स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेको व्यवस्था अनुसार नगरपालिकालाई सशक्त स्थानीय निकायको रूपमा विकास गर्न अझै पनि विविध कानुनी, प्रशासनिक एवम् राजनीतिक चुनौतीहरू छन् । स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि स्थानीय निकायलाई आवश्यक पर्ने अधिकार, जिम्मेवारी र स्रोत-साधन निक्षेपण गर्ने तथा संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गरी निक्षेपण गरिएका कार्यहरूको प्रभावकारी व्यवस्थापन गर्न कानुनी रूपले स्वायत्तता प्रदान गर्न आवश्यक ऐन तथा नियमावली लागु गर्ने र त्यसमा समसामयिक परिमार्जन गर्ने जस्ता कार्यहरू भइरहेका छन् । अर्कोतिर, हाल नव निर्वाचित जनप्रतिनिधिहरू स्थानीय सरकार संचालन ऐन २०७४ को मर्मअनुरूप नगरपालिकाको कार्यलाई चुस्त, प्रभावकारी र विशिष्ट ढङ्गले अगाडि बढाउन नयाँ संरचनामा केहि कठिनाइ भइरहे पनि विगतको अभ्यासबाट विषयगत समितिहरूको प्रभावकारितामा विकास गर्दै लानु पनि नगरपालिकाको महत्वपूर्ण दायित्व बनेको छ । साथै, विकासका सम्भावनाहरूको खोजी, प्रत्यायोजन गरिएको अधिकारअनुसार सेवा सुविधाको प्रवाहमा सरलता, सुनिश्चितता र विश्वसनीयतामा अभिवृद्धि गरी संस्थागत क्षमता बढाउन उपयुक्त सङ्गठनात्मक संरचनाको निर्माण, जनशक्ति व्यवस्था र निर्धारित प्रशासकीय सङ्गठन अनुसारका शाखा, उपशाखा, एकाइ (फाँट) आदिको काम, कर्तव्य र अधिकार साथै जिम्मेवारीको किटान गरी साङ्गठनिक स्वरूपलाई समयानुकूल, सक्षम व्यवस्थित, उपलब्धिमूलक, सेवामुखी र प्रतिफलदायी तुल्याउनु पर्ने दायित्व पनि नगरपालिका समक्ष सिर्जना भएको छ । यही परिप्रेक्ष्यमा यस पालिकाको संस्थागत क्षमता विकासको अवस्था विश्लेषण गरी संस्थागत विकास योजना तयार पारिएको छ । संस्थागत विकास योजना तर्जुमा गर्दा निम्न कुराहरूलाई ध्यान दिइएको छ :

(क) विकेन्द्रीकरण, स्वशासन एवम् जनसहभागिता परिचालन
(ख) जनजाति, आदिवासी, दलित, सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेत समग्र जनतामा विकासको प्रतिफलको सन्तुलित तथा समान वितरण
(ग) स्थानीय स्रोत र सीपको अधिकतम एवम् उचित प्रयोग
(घ) संस्थागत समन्वय र सञ्जाल स्थापना
(ङ) सङ्गठनात्मक क्षमता तथा दक्षता अभिवृद्धि
(च) असल शासनका आचरण (Norms) को अवलम्बन तथा संघिय लोकतान्त्रीकरण (Federal Democratization)
(छ) व्यवस्थापनका नयाँ मूल्य र मान्यताहरू
(ज) नागरिक समाज (Civil Society) को सबलीकरण
(झ) निजी क्षेत्रसँगको साझेदारी (Partnership) संस्थागत विकास योजना अन्तर्गत सङ्गठन विकास (Organizational Development) एवम् जनशक्ति विकास (Human Resource Development) सम्बन्धी योजनाहरू पर्दछन् ।

### ३.२९ सङ्गठन विकास योजना

नगरपालिकाको वस्तुस्थिति विवरणले औंल्याएका सङ्गठनका सबल पक्ष तथा सुधार गरिनु पर्ने कुराहरू विश्लेषण गरी नगरपालिकाका विद्यमान सबल पक्षहरूलाई संस्थागत गर्न र सुधार गर्नु पर्ने पक्षहरू सुदृढ तुल्याउन निम्न पक्षहरूलाई मध्यनजरमा राखी सङ्गठन विकास योजना तयार पारिएको छ :

- नगरपालिकाको आधारभूत प्रक्रिया तथा प्रणालीमा सुधार तथा परिमार्जन ।
- मानवीय आयामसँग सम्बद्ध पक्ष, प्रक्रिया तथा प्रणालीमा सुधार तथा परिमार्जन ।
- आन्तरिक प्रक्रिया तथा प्रणालीमा सुधार तथा परिमार्जन ।
- सेवा व्यवस्थापनमा सुधार तथा परिमार्जन ।
- सुशासन तथा अन्य विकसित आयामसँग सम्बद्ध पक्ष, प्रक्रिया तथा प्रणालीमा सुधार तथा परिमार्जन ।

तालिका नं. ३.२० : सङ्गठन विकास योजनासम्बन्धी तर्कबद्ध योजना

| योजनाको सारांश | सूचक | पुस्ट्याइँका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| उद्देश्य | | | |
| नगरपालिकाको क्षमता विस्तार | | | |
| नतिजा | | | |
| नगरपालिकाले आवधिक योजनाको सफलीभूत कार्यान्वयन गरेको हुनेछ | • संस्थागत संरचना फेरबदल<br>• यथेष्ठ जनशक्ति नियुक्ति ( ईञ्जिनियर, योजनाकार)<br>• धेरैजसो शाखा कम्प्युटराइज्ड हुने<br>• छिटो सेवा प्रवाह<br>• यथेष्ट भौतिक तथा आर्थिक स्रोत | • नगरपालिकाको सङ्गठनात्मक संरचना<br>• नगरपालिकाको वार्षिक प्रतिवेदन<br>• जनधारणा | • राजनैतिक इच्छा<br>• संघीय/प्रादेसीक सरकारको प्रारम्भिक सहयोग<br>• कोषको उपलब्धता |

## ३.३० जनशक्ति विकास योजना

सामान्यतः नगरपालिकासँग आबद्ध जनशक्ति विकासको योजना बनाउनु र कार्यान्वयन गर्नुलाई जनशक्ति विकास योजना भन्न सकिन्छ । अर्को शब्दमा, जनशक्ति विकास योजना भन्नाले नगरपालिकाले आवधिक योजना अवधिमा आफ्नो जनशक्तिको विकास कसरी गर्ने भन्ने योजना गर्नु हो । प्रथम आ.व. सम्मको लागि वर्तमान जनशक्तिबाट नै पूरा गर्ने योजना प्रस्तावित गरिएको छ ।

**संस्थागत विकास कार्यक्रमहरू :** प्रस्तावित नगरस्तरीय कार्यक्रमहरू तथा प्रस्तावित वडास्तरीय कार्यक्रमहरू अघिल्लो तालिकामा प्रस्तुत गरिएका छन् ।

### ग्रामीण सहरी अन्तर्सम्बन्ध

आर्थिक क्रियाकलापको विविधीकरणका कारणले सहर आर्थिक केन्द्रका रूपमा रहेको हुन्छ । कतिपय आवश्यकताहरूका लागि सहरी अर्थतन्त्र ग्रामीण क्षेत्रमा निर्भर हुने हुनाले एकातिर सहरको आर्थिक विशिष्टीकरण पनि हुन्छ, अर्कोतिर ग्रामीण क्षेत्रको आयस्रोत पनि बढ्दै जान्छ । यसै परिप्रेक्षमा उर्लाबारी नगरपालिकालाई विश्लेषण गर्दा उर्लाबारी नगरपालिकाको सिमानासँग प्रत्यक्ष-अप्रत्यक्ष्य सीमा जोडिएका नगरहरू (नगरपालिका/नगरपालिका) र समग्र जिल्लासँग आर्थिक सम्बन्ध रहेको छ । विगतदेखि जिल्लाको प्रमुख आर्थिक/व्यपारिक केन्द्रको रुपमा दमक नगरपालिका रहेको तथा निकट भविष्यमा दमक औद्योगिक पार्क/क्षेत्रको स्थापनाको चरणमा भएकाले यस नगरपालिकामा उत्पादित कृषिजन्य उपज तथा अन्य औद्योगिक बस्तुहरुको खपत सजिलै हुने देखिन्छ । उर्लाबारी न. पा. को परिप्रेक्ष्यमा ग्रामीण सहरी अन्तर्सम्बन्ध (Rural Urban Linkage) को विस्तृत अध्ययन हुनु आवश्यक छ ।

## ३.३१ आयोजना तथा कार्यक्रमको सूची तथा प्रारम्भिक लागत अनुमान

सहभागितात्मक योजना तर्जुमा कार्यशालाद्वारा नगर विकासका लागि तयार भएका विभिन्न विषयगत क्षेत्रका आयोजना तथा र्काक्रमहरू सञ्चालनको निमित्त के-कति बजेट रकम आवश्यक पर्छ भन्ने कुराको प्रारम्भिक लागत अनुमान तयार पारिएको छ ।

### प्रारम्भिक सम्भाव्यता अध्ययन

पहिचान भएका आयोजना तथा कार्यक्रमहरूमध्ये सबै आयोजना तथा कार्यक्रमहरू आर्थिक, प्राविधिक, वातावरणीय तथा अन्य दृष्किोणले उपयुक्त हुन्छन् भन्न सकिँदैन । यसका लागि त्यस्ता आयोजना तथा कार्यक्रमहरूको सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ । त्यस्तै, ठूला आयोजनाहरूमा हुने लगानीको मात्रा अत्यधिक हुने हुँदा त्यस्ता आयोजना तथा कार्यक्रमहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्नु पर्ने हुन्छ । यस्तो विस्तृत सम्भाव्यता अध्ययनका लागि ठूलो लगानी गर्नुपर्ने र समयावधि पनि बढी लाग्ने हुँदा छोटो अवधिमा प्रारम्भिक सम्भाव्यता अध्ययन मात्र संभव हुन सक्दछ । प्रारम्भिक सम्भाव्यता अध्ययनबाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरू आवधिक योजनामा समावेश भइसकेपछि ती आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययनको कार्य वार्षिक कार्यक्रम तथा लगानी योजनामा समायोजन

गर्नु पर्ने हुन्छ । तसर्थ, आवधिक योजना तर्जुमाको यस चरणमा मुख्य आयोजना तथा कार्यक्रमको प्रारम्भिक सम्भाव्यता अध्ययन मात्र गरिएको छ ।

**प्राथमिकता एवम् वर्गीकरण**

आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न योजना अवधिमा गरिनुपर्ने आयोजना तथा कार्यक्रमहरूको तर्जुमा तर्कबद्ध योजना पद्धतिमा रहेर गरिएको छ । विभिन्न विषयगत उद्देश्य प्राप्त गर्न सञ्चालन गर्नुपर्ने कार्यक्रम तथा आयोजनाहरूको छनौट, लागत अनुमान र ठूला आयोजनाहरूको सम्भाव्यता अध्ययन समेत भैसकेपछि तिनलाई सूचीकृत गरी नगरपालिका स्तरीय र वडास्तरीय गरी दुई स्तरमा विभाजन गरिएको छ:

**(क) नगरपालिकास्तरीय कार्यक्रम/आयोजना :**

समग्र नगरपालिका क्षेत्रका जनतासँग बढी सरोकार राख्ने खालका आयोजना तथा कार्यक्रमहरूलाई नगरपालिका स्तरीय आयोजनाको रूपमा लिइएको छ । नगरपालिकास्तरीय कार्यक्रम/आयोजनाको वर्गीकरण निम्न आधारमा गरिएको छ :

- नगरपालिका क्षेत्रभरि लाभ पुर्‍याउने कार्यक्रम/आयोजना (जस्तै, पार्क, क्रीडास्थल, खेलमैदान, बसपार्क आदि)
- पूर्वाधारजन्य कार्यक्रम/आयोजनाहरू (जस्तै : खानेपानीको सञ्जाल, ढल सञ्जाल, बिजुली विस्तार, ठूला सडक आदि)
- दुई वा दुई भन्दा बढी वडाका बासिन्दाहरूलाई लाभ पुग्ने कार्यक्रम/आयोजनाहरू (जस्तै, पिच सडक, ढल आदि)
- संघीय सरकार/प्रान्तीय सरकार र नगरपालिकाको लागत सहभागितमा सञ्चालित कार्यक्रम/आयोजनाहरू, विषयगत निकायबाट सञ्चालित कार्यक्रमहरू, नीजि क्षेत्र तथा नागरिक समाजबाट सञ्चालित योजनाहरू
- विकास बजेटको आधारमा बढी लागत अनुमानका कार्यक्रम/आयोजनाहरू ( नगरपालिका र अन्य दातृ निकायहरूको लागत सहभागिता एवम् ऋण तथा अनुदानमा सञ्चालित कार्यक्रमहरू

(ख) वडास्तरीय कार्यक्रम/आयोजना :

वडाबासीहरूलाई प्रत्यक्ष लाभ पुग्ने र ससाना कार्यक्रम/योजनाहरू जस्तै : ग्राभेल सडक, खानेपानीका इनार, ट्युबवेल, मुहान संरक्षण, ससाना मर्मत-सम्भार जस्ता योजनाहरूलाई वडास्तरीय कार्यक्रमका रूपमा लिइएको छ । वडास्तरीय योजना निम्नलिखित आधारमा वर्गीकरण गरिएको छ :

- वडा वा टोलबासीहरूसँग प्रत्यक्ष सरोकार राख्ने र लाभ पुर्‍याउने
- वडावासीहरूको प्रत्यक्ष संलग्नता रहने
- वडाका लागि विनियोजित बजेट रकमबाट सञ्चालित हुने कार्यक्रम
- नगरपालिकाको विकास बजेटको आधारमा कम लागत अनुमान भएका कार्यक्रम/आयोजनाहरू
- जनसहभागिताद्वारा निर्माण हुने स-साना आयोजनाहरू

**बजेट अनुमान तयारी**

उर्लाबारी न. पा. को ५ वर्षे आवधिक योजनामा समाविष्ट कार्यक्रमहरूका लागि प्रत्येक कार्यक्रमका बजेट विनियोजन प्रस्ताव गरिएको छ, जसको विस्तृत विवरण परिच्छेद ४ मा प्रस्तुत छ : बजेट तर्जुमा गर्दा योजना तथा कार्यक्रमको प्रकृतिअनुसार एकल रूपमा नगरपालिकाको तर्फबाट हुने आयोजनाहरूमा अधिकतम २५ प्रतिशतसम्म रकम जनसहभागिताबाट उठने र बाँकी संघिय सरकार, प्रदेश सरकार, नगरपालिका तथा अन्य निकायहरुले बेहोर्नु पर्ने गरी तर्जुमा गरिएको छ । साथै देहायका कुरालाई पनि मध्य नजर गरिएको छ

(क) नगरपालिका स्तरीय बजेट : नगरपालिका स्तरीय आयोजनाहरू सञ्चालन गर्नका लागि उपलब्ध विकास बजेटको निश्चित प्रतिशत रकम नगरस्तरीय बजेटका रूपमा विनियोजन गरिएको छ ।

(ख) वडास्तरीय बजेट : वडा स्तरका आयोजना सञ्चालन गर्नका लागि उपलब्ध विकास बजेटको निश्चित प्रतिशत रकम वडास्तरीय बजेटका रूपमा विनियोजन गरिएको छ ।

(ग) विकासका लागि भैपरी, दैवीप्रकोप तथा अन्य आकस्मिक बजेट : योजना अवधिभरका लागि स्थानगत रूपमा आयोजना/कार्यक्रमहरू निर्धारण हुने हुँदा वर्षेनी आइ पर्ने अत्यावश्यक एवम् आकस्मिक कार्यका लागि दवै प्रकोप कोष बाट खर्च बजेट विनियोजन गर्नु पर्ने हुन्छ ।

### ३.३२ कार्यान्वयन योजना

आवधिक योजना टोलीबाट प्रस्तावका रूपमा तयार भएको विषयगत उद्देश्य हासिल गर्न लगफ्रेममा आधारित विषयगत योजनाहरू, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीतिहरूलाई सहभागितात्मक अन्तिम कार्यशालामा प्रस्तुत गरी प्राप्त सुझावहरूको सङ्कलन गरिनेछ र तिनलाई समायोजन गरी अन्तिम रूप दिइने छ । यसरी अन्तिम कार्यशालाबाट योजनाका लागि थप सुझाव प्राप्त हुनुका साथै योजना कार्यान्वयनको लागि अपनत्वको भावना (Ownership) पैदा भई सामूहिक प्रतिबद्धता समेत प्राप्त हुने अपेक्षा राख्न सकिन्छ ।

# परिच्छेद ४ : बहुक्षेत्रगत लगानी योजना (Multi-Sectoral Investment Plan)

**विषयसूची**


| | | | |
|---|---|---|---|
| ४.१ | नतिजाको सारसंक्षेप | ......................... | २ |
| ४.२ | वडागत तथा नगरपालिकास्तरिय वर्गीकरण | ......................... | ५ |


**चित्रहरु**


चित्र २.१ : आवधिक योजनाकोलागि प्रस्तावित विषयगत रकम विनियोजन ...................................... २


**तालिकाहरु**


तालिका नं. २.१ : विषयगत कार्यक्रम र लागत (वडास्तरीय तथा नगरपालिकास्तरीय) ............................ ३

तालिका नं. २.२ : नगरस्तरीय विषयगत कार्यक्रम तथा लागत ................................................ ४

तालिका नं. २.३ : विषयगत कार्यक्रम र लागत (वार्षिक वितरण) ............................................. ४

तालिका नं. २.४ : लगानी स्रोतको आधारमा कार्यक्रम तथा लागत............................................. ५

तालिका नं. २.५ : वडागत कार्यक्रम (नगरस्तरीय कार्यक्रम पनि समावेश) र लागत (वडास्तरीय तथा नगरस्तरीय)... ५

तालिका नं. २.६ : वडागत कार्यक्रम र लागत (वार्षिक वितरण) ............................................... ६

तालिका नं. २.७ : उपक्षेत्रहरुका आधारमा तथा लगानी....................................................... ६

# परिच्छेद ४: बहुक्षेत्रगत लगानी योजना (Multi-Sectoral Investment Plan)

## ४.१ नतिजाको सारसंक्षेप

वडा भेला, विषयगत उप समिति, सल्लाहकार समिति तथा सरोकारवालाहरुँगको चरणबद्ध छलफलबाट समस्या तथा त्यसका निराकरणका उपायका रुपमा आएका कार्यक्रमहरुलाई यस अध्यायमा विवेचना गरिएको छ । धेरै वडाहरुबाट आएका एकै प्रकृतिका कार्यक्रम तथा योजनाहरुलाई नगरपालिकास्तरीय कार्यक्रमका रुपमा समाविष्ट गरी आवश्यकताको आधारमा प्राथमिकीकरण गरिएको छ ।

उपरोक्त आधारमा आवधिक योजना तर्जुमाको दौरानमा वडा स्तरीय र नगरपालिकास्तरीय गरी जम्मा जम्मी ५०० वटा कार्यक्रमको पहिचान गरिएको छ । विषयगत रुपमा कार्यक्रम तथा योजनाहरुलाई देहाय बमोजिम वर्गीकरण गरी अनुमानित लागत सहित प्रस्तुत गरिएको छ । यस अनुसार पूर्वाधार विकासमा सबैभन्दा बढी करिब ३८.४०% रकम विनियोजन प्रस्ताव गरिएको छ भने सामाजिक विकासमा करिब २३.८३% र आर्थिक विकासमा २०.८९% को हाराहारीमा रकम विनियोजन प्रस्ताव गरिएको छ। आवधिक योजनाको कूल लागत आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्मको अवधि भित्र २०७८/०७९ को स्थिर मूल्यमा रु. ६ अर्ब ९६ करोड १५ लाख हुने अनुमान गरिएको छ।




**चित्र २.१ : आवधिक योजनाकोलागि प्रस्तावित विषयगत रकम विनियोजन**

**नगरपालिकाको बजेट**

| आ. व. | रकम | बजेटमा वार्षिक वृद्धिदर | कैफियत |
|---|---|---|---|
| २०७७/०७८ | ६९४,४३५,८८८.०० | | |
| २०७८/०७९ | ८५७,४३४,६८०.०० | २३% | |
| २०७९/०८० को प्रस्तावित | ९९५,२५४,९८०.०० | १६% | |
| *औसत वृद्धिदर* | | *२०%* | |

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| | आ. व. ०७९/०८० | आ. व. ०८०/०८१ | आ. व. ०८१/०८२ | आ. व. ०८२/०८३ | आ. व. ०८३/०८४ | जम्मा | नपुग रकम |
|---|---|---|---|---|---|---|---|
| *बजेटमा वार्षिक वृद्धिदर - २९.२०%* अनुमानित | | | | | | | |
| अनुमानित बजेट | ९,९५३ | १२,८५९ | १६,६१३ | २१,४६५ | २७,७३२ | **८८,६२१** | |
| | | | | | | | |
| *मुद्रास्फिति लगायत समयको मूल्यको विचार - अनुमानित लागतमा १०.००% वार्षिक वृद्धि* | | | | | | | |
| अनुमानित लागत | १७,२८५ | २१,३६९ | १९,९७९ | १५,६९४ | १४,२७३ | **८८,६००** | **(२१)** |

**तालिका नं. २.१ : विषयगत कार्यक्रम र लागत (वडास्तरीय तथा नगरपालिकास्तरीय)**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क्र.स | योजना विषय | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|---|
| १ | आर्थिक | १०६ | २१.२०% | १४,५४० | २०.८९% |
| २ | सामाजिक | १३३ | २६.६०% | १६,५९० | २३.८३% |
| ३ | पूर्वाधार | १३६ | २७.२०% | २६,७३५ | ३८.४०% |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ३९ | ७.८०% | ६,००० | ८.६२% |
| ५ | सुशासन तथा अन्य | ८६ | १७.२०% | ५,७५० | ८.२६% |
| | **जम्मा** | **५००** | **१००%** | **६९,६१५** | **१००%** |

माथिका कार्यक्रम तथा योजनाहरुलाई आवधिक योजना अवधि भर देहाय बमोजिम वार्षिक रुपमा लागत विभाजन गरिएको छ ।

**तालिका नं. २.२ : नगरस्तरीय विषयगत कार्यक्रम तथा लागत**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क.स | योजना विषय | कार्यक्रम सख्या | | | अनुमानित लागत |
|---|---|---|---|---|---|
| १ | आर्थिक | ३१ | १७.६१% | २,६५० | २२.१८% |
| २ | सामाजिक | ५९ | ३३.५२% | ४,१२० | ३४.४८% |
| ३ | पूर्वाधार | ४ | २.२७% | २५० | २.०९% |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | १७ | ९.६६% | १,४९० | १२.४७% |
| ५ | सुशासन तथा अन्य | ६५ | ३६.९३% | ३,४४० | २८.७९% |
| **जम्मा** | | **१७६** | **१००%** | **११,९५०** | **१००%** |

**तालिका नं. २.३ : विषयगत कार्यक्रम र लागत (वार्षिक वितरण)**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क.स | योजना विषय | अनुमानित लागत | आ. व. २०७९/०८० | आ. व. २०८०/०८१ | आ. व. २०८१/०८२ | आ. व. २०८२/०८३ | आ. व. २०८३/०८४ |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक | १४,५४० | २,३४५ | ३,५७९ | ३,८८१ | २,४५६ | २,२७९ |
| २ | सामाजिक | १६,५९० | ३,२२८ | ३,७६३ | ४,१८१ | ३,३२१ | २,०९९ |
| ३ | पूर्वाधार | २६,७३५ | ७,६७७ | ७,६५१ | ४,६९४ | ३,२९६ | ३,४१८ |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ६,००० | १,३०३ | १,५३५ | १,२५५ | ९८२ | ९२६ |
| ५ | सुशासन तथा अन्य | ५,७५० | १,१६१ | १,२८० | १,३५९ | १,१५६ | ७९४ |
| **जम्मा** | | **६९,६१५** | **१५,७१४** | **१७,८०८** | **१५,३६९** | **११,२१०** | **९,५१६** |

वित्तिय योजना अन्तर्गत यस पालिकाको पुँजीगत क्षमता निर्धारण गरिइसकेको छ । आवधिक योजनाको कूल अनुमानित लागत मध्ये उपभोक्ता लागत सहभागिता र अन्य निकायले ब्यहोर्ने लागत कटाएर बाँकी यस पालिकाले ब्यहोर्नु पर्ने हुन्छ जुन पुँजीगत क्षमता मार्फत् लगानी गर्न सकिन्छ ।

यस प्रतिवेदनमा आवधिक योजनाको वार्षिक लगानी वितरण आ. व. २०७८/०७९ को स्थिर मूल्यमा हिसाब गरिएको छ अर्थात् मुद्रास्फिति लगायत समयको मूल्य (value of time) को विचार गरिएको छैन । घनात्मक मौज्दातले मुद्रास्फितिको कारण उब्जने आर्थिक भारलाई सम्बोधन गर्नेछ । त्यस्तै, आकस्मिक रुपमा कुनै महत्वपूर्ण कार्यक्रम समावेश गर्नुपर्ने अवस्थामा पनि थप लगानीको व्यवस्था सहज रुपमा गर्न सकिन्छ । आवधिक योजनाका कार्यक्रमहरुमा केही हेरफेर हुने अवस्थामा पनि घनात्मक मौज्दातले लचकता (flexibility) प्रदान गर्नेछ ।

आवधिक योजनाको सफल कार्यान्वयन यस पालिका को एकल लगानी प्रयासबाट मात्र सम्भव छैन । छनौटमा परेका कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनमा विभिन्न सरोकारवाला संस्थाहरुका तर्फबाट पनि लगानीको अपेक्षा गरिएको छ जसको विस्तृत विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ भने सारांश देहाय बमोजिम छ ।

**तालिका नं. २.४ : लगानी स्रोतको आधारमा कार्यक्रम तथा लागत**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क्र.सं. | लगानीको स्रोत | लगानी रकम | प्रतिशत |
|---|---|---|---|
| १ | उ. न. पा. | १७,७६६ | २५.५२% |
| २ | उपभोक्ता | ९,२५९ | १३.३०% |
| ३ | संघीय सरकार | ३५,२८० | ५०.६८% |
| ४ | प्रादेशिक सरकार | ६,२६९ | ९.०१% |
| ५ | निजी क्षेत्र तथा अन्य | १,०४१ | १.५०% |
| | **जम्मा** | **६९,६१५** | **१००.००%** |

| क्र.सं. | विषय | सख्या | प्रतिशत | अनुमानित लागत (रु. लाखमा) | लगानी स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उ. न. पा. | उपभोक्ता | संघीय सरकार | प्रादेशिक सरकार | निजी क्षेत्र तथा अन्य |
| १ | आर्थिक | १०६ | २१.२०% | १४,५४० | ३,०७७ | १,९४९ | ७,४४२ | १,२५५ | ८१८ |
| २ | सामाजिक | १३३ | २६.६०% | १६,५९० | ५,५६० | २,०२८ | ७,४१५ | १,४४२ | १४७ |
| ३ | पूर्वाधार | १३६ | २७.२०% | २६,७३५ | ४,८६८ | ३,९३१ | १५,१९४ | २,६७१ | ७३ |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ३९ | ७.८०% | ६,००० | १,४८७ | ८१५ | ३,१५२ | ५४३ | ४ |
| ५ | सुशासन तथा अन्य | ८६ | १७.२०% | ५,७५० | २,७७६ | ५३८ | २,०७८ | ३५९ | - |
| | **जम्मा** | **५००** | **१००.००%** | **६९,६१५** | **१७,७६६** | **९,२५९** | **३५,२८०** | **६,२६९** | **१,०४१** |
| | **सहभागिता मात्र** | | | **१००%** | **२५.५२%** | **१३.३०%** | **५०.६८%** | **९.०१%** | **१.५०%** |

## ४.२ वडागत तथा नगरपालिकास्तरिय वर्गीकरण

वडागत तथा नगरपालिकास्तरमा कार्यक्रम तथा योजनाहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ।

**तालिका नं. २.५ : वडागत कार्यक्रम (नगरस्तरीय कार्यक्रम पनि समावेश) र लागत (वडास्तरीय तथा नगरस्तरीय)**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| वडा | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|
| १ | २७ | ५.४०% | ३,६२५ | ५.२१% |
| २ | ३० | ६.००% | ६,७१० | ९.६४% |
| ३ | २६ | ५.२०% | ६,६६५ | ९.५७% |
| ४ | ३२ | ६.४०% | ५,७०० | ८.१९% |
| ५ | २८ | ५.६०% | ५,३८० | ७.७३% |
| ६ | ५० | १०.००% | १०,०५० | १४.४४% |
| ७ | ५१ | १०.२०% | ९,६२५ | १३.८३% |
| ८ | ५९ | ११.८०% | ५,२९० | ७.६०% |
| ९ | २१ | ४.२०% | ४,६२० | ६.६४% |
| **नगरस्तरीय** | १७६ | ३५.२०% | ११,९५० | १७.१७% |
| **जम्मा** | **५००** | **१००%** | **६९,६१५** | **१००%** |

वडागत रुपमा वार्षिक विनियोजन वितरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.६ : नगर तथा वडागत कार्यक्रम र लागत (वार्षिक वितरण)**

रुपैयाँ लाखमा (आ. व. २०७८/०७९ को स्थिर मूल्यमा)

| क्र.स | वडा नं. | अनुमानित लागत | आ. व. २०७९/०८० | आ. व. २०८०/०८१ | आ. व. २०८१/०८२ | आ. व. २०८२/०८३ | आ. व. २०८३/०८४ |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ३,६२५ | १,३०० | १,११८ | ४४० | ३०१ | ४६७ |
| २ | २ | ६,७१० | ६७१ | ८३७ | १,३४२ | १,७७३ | २,०८८ |
| ३ | ३ | ६,६६५ | १,५५८ | १,३४५ | १,३९५ | १,३७५ | ९९३ |
| ४ | ४ | ५,७०० | २,२६५ | १,६८३ | ५९३ | ५४३ | ६१८ |
| ५ | ५ | ५,३८० | १,२३५ | १,५१५ | १,३०६ | १,०४४ | २८० |
| ६ | ६ | १०,०५० | १,४९३ | ३,४२३ | ३,२७६ | १,४४० | ४१८ |
| ७ | ७ | ९,६२५ | १,५५७ | ३,०४८ | २,७९५ | १,२७१ | ९५५ |
| ८ | ८ | ५,२९० | ३,१३५ | १,८५५ | ३०० | – | – |
| ९ | ९ | ४,६२० | २९० | ९२० | १,२२८ | ७५८ | १,४२६ |
| १० | नगरस्तरीय | ११,९५० | २,२११ | २,०६५ | २,६९५ | २,७०७ | २,२७३ |
| | **जम्मा** | **६९,६१५** | **१५,७१४** | **१७,८०८** | **१५,३६९** | **११,२१०** | **९,५१६** |

वडास्तर र नगरपालिकास्तरका कार्यक्रम तथा योजनाको लगानी विवरण विस्तृत रुपमा अनुसूची १ मा प्रस्तुत गरिएको छ भने यस अध्यायमा विषयगत वर्गीकरणका आधारमा नगरपालिकास्तरिय कार्यक्रम तथा योजनाको लगानी विवरण प्रस्तुत गरिएको छ। उपक्षेत्रहरुका आधारमा तथा लगानी तल प्रस्तुत गरिएको छ र विवरण विस्तृत रुपमा अनुसूची १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.७ : उपक्षेत्रहरुका आधारमा तथा लगानी**

| क. सं. | कार्यक्रम | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक क्षेत्र** | | | | |
| १.१ | कृषि तथा खाद्य सुरक्षा | ४४ | ४१.१२% | ४,९३० | ३३.६७% |
| १.२ | पर्यटन तथा सस्कृति | ३६ | ३३.६४% | ६,१९० | ४२.२८% |
| १.३ | उद्योग, व्यापार, व्यवसाय र आपूर्ति | २० | १८.६९% | १,९९० | १३.५९% |
| १.४ | आम्दानी, रोजगारी र वित्तीय सेवा | २ | १.८७% | ६५० | ४.४४% |
| १.५ | कृषि बजार आयोजना | ५ | ४.६७% | ८८० | ६.०१% |
| | **जम्मा** | **१०७** | **१००%** | **१४,६४०** | **१००%** |
| **२** | **सामाजिक क्षेत्र** | | | | |
| २.१ | स्वास्थ्य तथा पोषण | १८ | १३.६४% | २,४०० | १४.६०% |
| २.२ | शैक्षिक विकास | ३५ | २६.५२% | ३,७७० | २२.९३% |
| २.३ | खानेपानी तथा सरसफाइ | ८ | ६.०६% | ८४० | ५.११% |
| २.४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ६४ | ४८.४८% | ८,५२० | ५१.८२% |
| २.५ | युवा, खेलकुद तथा कला | ६ | ४.५५% | ८२० | ४.९९% |
| २.६ | बालबालिका तथा समाज कल्याण | १ | ०.७६% | ९० | ०.५५% |
| | **जम्मा** | **१३२** | **८६%** | **१६,४४०** | **९९%** |
| **३** | **पूर्वाधार क्षेत्र** | | | | |
| ३.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ५ | ३.६५% | १,१५० | ४२५% |

| क. सं. | कार्यक्रम | कार्यक्रम सख्या | | अनुमानित लागत | |
|---|---|---|---|---|---|
| ३.२ | सडक, पुल तथा यातायात | ११६ | ८४.६७% | २४,४२५ | ९०३५% |
| ३.३ | विद्युत् तथा वैकल्पिक ऊर्जा | १६ | ११.६८% | १,४६० | ५४०% |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ० | ०.००% | – | ०% |
| | **जम्मा** | **१३७** | **१००%** | **२७,०३५** | **१००००%** |
| **४** | **वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| ४.१ | वन तथा जैविक विविधता | २ | ५.१३% | १५० | २.५४% |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | १२ | ३०.७७% | ३,०९० | ५२.३७% |
| ४.३ | वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | १७ | ४३.५९% | २,०५० | ३४.७५% |
| ४.४ | महामारी तथा विपद् व्यवस्थापन | ८ | २०.५१% | ६१० | १०.३४% |
| | **जम्मा** | **३९** | **१००%** | **५,९००** | **१००%** |
| **५** | **सुशासन तथा संस्थागत विकास** | | | | |
| ५.१ | नीति, कानून तथा सुशासन | १५ | १७.६५% | ४५५ | ८.१३% |
| ५.२ | सङ्गठन तथा सेवा प्रवाह | ५६ | ६५.८८% | २,३४५ | ४१.८८% |
| ५.३ | विद्युतीय सुशासन कार्यक्रम | ४ | ४.७१% | २४० | ४.२९% |
| ५.४ | स्रोत परिचालन, स्थानीय योजना तथा तथ्याङ्क तथा अन्य | १० | ११.७६% | २,५६० | ४५.७१% |
| | **जम्मा** | **८५** | **१००%** | **५,६००** | **१००%** |
| | **कुल जम्मा** | **५००** | | **६९,६१५** | |

# परिच्छेद ५ : मूल्याङ्कन तथा अनुगमन, कार्यान्वयन रणनीति एवं निचोड

**विषय सूची**


| | | | |
|---|---|---|---|
| ५.१ | मूल्याङ्कन तथा अनुगमन | ......................... | २ |
| ५.२ | कार्यान्वयन रणनीति | ......................... | २ |
| ५.३ | मध्यावधि मूल्यांङ्कन | ......................... | ३ |
| ५.४ | अनवरत सूधारको लागि सूझावहरु | ......................... | ४ |
| ५.५ | निचोड | ......................... | ४ |

# परिच्छेद ५ : मूल्याङ्कन तथा अनुगमन, कार्यान्वयन रणनीति एवं निचोड

## ५.१ मूल्याङ्कन तथा अनुगमन

आयोजनाको कार्यान्वयन पक्ष प्रभावकारी, मितव्ययी र नतिजामुखी बनाउन अनुगमन र मूल्यांकन पद्धतिलाई ध्यान दिनु पर्दछ । अनुगमन र मूल्यांकन कसले कसरी गर्ने भनेर स्पष्ट रुपमा किटान गर्न सकेमा आयोजनाको प्रभावकारी कार्यान्वयनमा बल पुग्दछ । आयोजनाबाट कस्तो प्रभाव पाऱ्यो भन्ने विषय पनि अनुगमन तथा मूल्यांकनबाट प्रष्ट हुन्छ ।

आवधिक योजना टोलीबाट प्रस्तावका रुपमा तयार भएको विषयगत उद्देश्य हासिल गर्न लगफ्रेममा आधारित विषयगत योजनाहरु, दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीतिहरुलाई सहभागितात्मक अन्तिम कार्यशालामा प्रस्तुत गरी प्राप्त सुझावहरुको संकलन गरी तिनलाई समायोजन गरी अन्तिम रुप दिइएको यो दस्तावेज सहभागितमुलक रुपले कार्यान्वयन गर्न असफल भए स्थानीय वासिन्दा बाट अपनत्वको भावना (Ownership) पैदा नभई समग्र योजना नै धरायसी हुने खतरा रहन्छ ।

आवधिक योजनाको कार्यान्वयन पश्चात यस्को आवधिक मूल्याकंन तथा अनुगमन गर्नु वाञ्छनीय हुन्छ । यसका लागि स्थानीय स्वायत्त शासन ऐन लाई अगिंकार गरिने छ । जस अनुसार योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यकता अनुसार ती स्थलहरुमा जाने लगायतका प्रकृयाहरु समेतको अवलम्बन गरिने छ । संचालित आयोजनाहरुको विषयगत विवरण तथा प्रगति मूल्यांङ्कन समितिले आवश्यक ठानेको जुनसुकै वखत गरिने छ । त्यस्तै सम्पन्न योजनाहरुको मर्मत सम्भार सम्बन्धी व्यवस्थाको मूल्याङ्कन प्रत्येक वर्ष सम्पन्न ठूला योजनाहरुको प्रभाव मूल्यांङ्कन एक वर्षपछि गर्ने जसका लागि सामाजिक, आर्थिक, वातावरणीय तथा सेवा सुविधाहरुको प्रभाव मुल्यांङ्कन सम्पूर्ण आ-आफ्ना क्षेत्रका विज्ञ वा विशेषज्ञ, सेवा सुविधाग्राही वा सरोकारवालाहरु समेतको संलग्नता गराइने छ ।

आवधिक योजनाले निर्धारण गरेको लक्ष तथा उदेश्य हासिल भयो भएन भनेर निर्क्यौल गर्न वार्षिक कार्यक्रमकै रुपमा अनुगमन तथा आवधिक योजनाको अवधि भित्र कम्तिमा पनि दुई मध्यावधि मुल्याकंन गर्न शिफारिस गरिन्छ । यसरी गरिने अनुगमन तथा मुल्याकंन कार्यविधिमा सरोकारवाला हरेक व्यक्ति, राजनैतिक पार्टीका प्रतिनिधि, संघ संस्थालाई आवद्ध गरिनु पर्छ । यसरी गरिएको आवद्धताले अपनत्वको भावना पैदा गराई आवधिक योजना सफल गराउन ठूलो मद्दत मिल्ने छ ।

## ५.२ कार्यान्वयन रणनीति

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्दिष्ट गरे बमोजिम योजना अवधिमा हासिल गर्न चाहेको लक्ष्य पुरा गर्न आवधिक योजना (आ.यो.) कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउने:

१ बहु-क्षेत्रगत लगानी कार्यक्रममा समावेस भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम निम्न आधारमा तयार गर्ने ।

- सो कार्यक्रम तयार गर्दा आ.यो. ले लक्षित गरेका सूचकहरुको प्राप्ति तर्फ विषेश ध्यान पुऱ्याउने ।
- आ.यो.ले अङ्गीकार गरेको अग्रणी क्षेत्रहरुको अनुसरण गर्ने ।
- यस पालिकालाई प्राप्त हुन सक्ने विकास बजेटलाई आधार मान्ने ।
- निर्देशित अग्रणी क्षेत्र भित्रमात्र लगानी केन्द्रित गर्ने ।

२ वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने क्रममा ठूला योजनाहरुको हकमा विस्तृत संम्भाव्यता अध्ययन गर्नुपर्ने तथा उक्त अध्ययन गर्दा प्राविधिक उपयुक्तता र राजनितिक प्रतिवद्धताको अतिरिक्त स्थानिय स्वायत शासन ऐन २०७४ मा व्यवस्था गरे अनुरुप हुनुपर्ने ।

३ आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने चरणमा ती आयोजनाहरुको संभाव्यता लागत अनुमान तयार गर्ने तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ बमोजिम स्वीकृति गराई कार्यान्वयन प्रकृया आरम्भ गर्ने ।

४ आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाह बिच समानता राख्ने ।

५ योजना संचालन तयार गर्दा उक्त योजना सम्पन्न भएपछि गरिने मर्मत संभारको कार्य योजना तयार गर्ने ।

६ भौतिक विकास गुरु योजना कार्यान्वयन गर्दा पालिका विकास ऐन २०४५ ले व्यवस्था गरे बमोजिम विषेशतः जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा शहरी विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रिय निकायहरु संग समन्वय राख्ने ।

७ सामाजिक परिचालन मार्फत न.पा.को विकास सम्बन्धी धारणा स्थानीय जनता र टोलबस्तीमा पुऱ्याइ मानवपूँजी (Human Resource) निर्माण र सशक्तिकरण गर्ने । यसकोलागि यस पालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।

८ गरिबी न्यूनीकरण कार्यक्रममा लगानी बढाउने र कार्यक्रमको प्रभावकारिताको आवधिक मूल्याङ्कन र आवश्यकता अनुसार परिमार्जन गर्ने ।

९ गरिब, अपाङ्ग र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरुसँग सहकार्य गर्ने ।

१० महिला, बालबच्चा, वृद्ध र सिमान्तकृत वर्गलाई लक्षित गरेर सञ्चालित कार्यक्रमलाई यस पालिकाका अनुदान बढाउँदै लैजाने ।

११ यस पालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै लैजाने ।

१२ यस पालिकामा विद्यमान अवसरहरु (पर्यटन, व्यापार र उद्योग, संस्कृति दृश्य रमणीयस्थल आदि) लाई समुचित उपयोग गर्दै विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै पालिकाको दीर्घकालिन योजनामा समाविष्ट गर्ने ।

१३ यस पालिकाको एक्लो प्रयासबाट मात्र विकास सम्भव नहुने र सरकारी तथा दाताको अनुदानमा मात्र आश्रित हुने प्रवृत्तिबाट दीगो विकास सम्भव नहुने भएकोले निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप विकासलाई अगाडि बढाउने ।

१४ वातावरण संरक्षण तथा सार्वजनिक सम्पतिको संरक्षणमा सम्बन्धी स्पष्ट नीति ल्याउने ।

१५ पालिका विकासलाई वातावरण तथा पर्यटन मैत्री बनाउने ।

१६ आचार संहितालाई अक्षरस पालना गर्ने ।

१७ बजेटको समानुपातिक वितरणमा मौजुदा कानुन, नीति निर्देशन आदिको बर्खिलाप नगर्ने

१८ कार्यान्वयन गर्दाका आयोजनाहरुको सुपरिवेक्षण, अनुगमन र मूल्यांकन समेत गर्ने प्रणालीको विकास गर्ने ।

## ५.३ मध्यावधि मूल्यांङ्कन

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को प्रावधान अनुरुप नियमित रुपमा गरिने अनुगमन र मूल्यांकनको अतिरिक्त विभिन्न विषयगत क्षेत्रहरुमा परेको असर र प्रभावहरुको बारेमा स्वतत्र रुपमा मध्यावधि मूल्यांकन गर्नु पर्ने हुँदा निम्नानुसार कदम चाल्नु पर्ने :

१. यस पालिकाले विभिन्न क्षेत्रका विषेशज्ञहरु सम्मिलित कार्य टोली निर्धारण गर्ने ।

२. तर्कबद्ध योजना पद्धति अनुरुप तर्जुमा भएको विषयगत क्षेत्र विकास योजनालाई आधार लिने ।

३. ती अलावा मूल्यांकन गर्दा कार्य टोलीले निम्न बुँदाहरुमा ध्यान दिनु पर्ने ।

क) आवधिक योजनाले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था देखिन्छ देखिन्दैन ?

ख) निर्धारण गरिएका संख्यात्मक र गुणात्मक सूचक उपयुक्त छन् छैनन् ?

ग) आवधिक योजना कार्यान्वयनमा जनसहभागिता र साझेदारीको अवस्था के कस्तो छ ?

घ) आवधिक योजनाले तय गरेका मुख्य मुख्य क्षेत्रहरुको प्रगति अवस्था ।

ङ) सम्पन्न आयोजनाहरुको उपयोग र दीगोपना ?

## ५.४ अनवरत सूधारको लागि सूझावहरु

१. भौतिक विकास गुरु योजना कार्यान्वयन गर्न पालिका प्रमुखको अध्यक्षतामा पालिका विकास ऐन २०४५ र शंसोधन अन्तर्गत पालिका विकास समिति गठन गर्ने ।

२. आवधिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना टोलीको गठन भएको निर्देशन समिति र विषयगत उप-समितिहरुलाई स्थायित्व दिने ।

३. आवधिक योजना तर्जुमा र कार्यान्वयनमा लउनपालाई सहयोग जुटाउन एचयनचक क्ष्गउउयचत ग्लष्त ९एक्ष्०  गठन गर्ने ।

## ५.५ निचोड

यस पालिकाको आर्थिक विकास,  सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद व्यवस्थापन, र सुशासन तथा संस्थागत विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तीमा ५ वर्ष अवधिका लागि योजनाको शुरु देखि अन्तिम चरण सम्म पूर्णरुपमा जनसहभागितात्मक अवधारणालाई कायम गरी तयार गरिएको यो दस्तावेज पालिकाको प्रथम आवधिक योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सम्पूर्ण सरोकारवालाहरु दत्तचित्त भएर कार्यान्वयनमा लाग्न सकेमात्र यसको उद्देश्य प्राप्ति हुन्छ । बहुगत क्षेत्रको लगानी हुनु पर्ने र आफ्नो श्रोत न्यून रहेको अवस्था भएकोले कार्यान्वयन चरणमा कठीनाईहरु अवश्य आउनेछन् । यसबाट रत्तीभर विचलित नभई अगाडि लाग्ने हो भने यसले पालिकाको कायाकल्प गर्नमा ठूलो मद्दत गर्ने छ ।

# नक्सा